# धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सामा मधेशी आन्दोलनका क्रममा भएको ज्यादती सम्बन्धी विस्तृत अध्ययन प्रतिवेदन ०६३

**सार्वजनिक भएको मितिः ०६३ चैत २२ गते**

## मानवअधिकार सन्धि अनुगमन समन्वय समिति
## सचिवालयः अनौपचारिक क्षेत्र सेवा केन्द्र ( इन्सेक)

मानवअधिकार सन्धि अनुगमन समन्वय समितिद्वारा धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सामा मधेशी जनअधिकार फोरमको अगुवाईमा ०६३ माघ २ गतेदेखि माघ २५ गतेसम्म भएको मधेशी आन्दोलनका क्रममा भएको ज्यादती सम्बन्धी विस्तृत अध्ययन प्रतिवेदन ०६३ ।

## स्थलगत अध्ययनमा संलग्न मानवअधिकार रक्षकहरू

१. बाबुराम विश्वकर्मा टोली संयोजक, इन्सेक मध्यमाञ्चल क्षेत्रीय कार्यालय

२. राजु पासवान, इन्सेक काठमाडौं जिल्ला प्रतिनिधि

३. ईश्वरी काफ्ले, इन्सेक महोत्तरी जिल्ला प्रतिनिधि

४. विदुरकुमार प्याकुरेल, इन्सेक सर्लाही जिल्ला प्रतिनिधि

५. रोशनदिप ढकाल, इन्सेक धनुषा जिल्ला प्रतिनिधि

६. नारायण अधिकारी, इन्हुरेड इन्टरनेशनल

७. विपिन गौतम, इन्सेक जिल्ला प्रतिनिधि, रौतहट

८. रोशनराज अर्याल, इन्सेक बारा जिल्ला प्रतिनिधि

९. प्रेम कार्की, इन्सेक पर्सा जिल्ला प्रतिनिधि

**घटना भएको अवधिः** ०६३ माघ २ गतेदेखि फागुन २५ गतेसम्म

**अध्ययन गरिएको अवधिः** ०६३ फागुन २२ गतेदेखि ०६३ चैत १ गतेसम्म

**अध्ययन गरिएका स्थानहरुः** धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा जिल्लाका विभिन्न स्थानहरु ।

# प्राक्कथन

मधेशी समुदायले आफ्नो हक अधिकारको माग गर्दै तराईका धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा जिल्लामा आयोजना गरेको विरोध प्रदर्शनका क्रममा राज्य र गैर राज्यपक्षबाट भएको ज्यादतीको शुक्ष्य अध्ययनको लागि मानवअधिकार सन्धि अनुगमन समन्वय समितिले इन्सेक मध्यमाञ्चल क्षेत्रीय कार्यालयका प्रलेख अधिकृत बाबुराम विश्वकर्माको संयोजकत्वमा मानवअधिकार रक्षकहरु राजु पासवान, नारायण अधिकारी, ईश्वरी काफ्ले, विदुरकुमार प्याकुरेल, विपिन गौतम, रोशनराज अर्याल, प्रेम कार्की, रोशनदिप ढकाल रहेको मिसन गठन गरेको थियो ।

मधेशी आन्दोलनको क्रममा भएको मानवीय र भौतिक लगायत समग्र क्षतिको अध्ययनका लागि ०६३ फागुन २२ गतेदेखि चैत १ गतेसम्म सो मिसन दुई भागमा विभाजन भएर धनुषा, महोत्तरी र सर्लाही, रौतहट, बारा र पर्सामा रहेर शुक्ष्म तथा विस्तृत अध्ययनमा लाग्यो । दुबै मिसनद्वारा संयुक्त रुपमा सम्बन्धित जिल्लामा मधेशी आन्दोलनका क्रममा भएको ज्यादतीको निष्पक्ष र सुक्ष्म अध्ययन गरेर प्रतिवेदन तयार गरिएको छ । यसमा धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा र रौतहटको विवरण समेटिएको छ ।

यस अध्ययनमा जिल्लाभित्र विभिन्न पक्षबाट पीडित भएका सबैसँग भेटघाट गरी तथ्य संकलन गर्ने, दमनबाट भएको नीजि तथा सरकारी सम्पत्ति क्षतिको विवरण संकलन गर्ने, घाइते र आहत भएकाको सम्पूर्ण विवरण संकलन गर्ने, मधेशी आन्दोलनसँग सरोकार राख्ने र यो आन्दोलनलाई नजिकबाट नियाल्नेहरुसँग सम्बाद गरी सूचना संकलन गर्ने काम गरियो । साथै पीडक भनिएका पक्षहरुसँग समेत सम्पर्क गरी तिनको धारणा संकलन गरी प्रतिवेदनमा सन्तुलनको सिद्धान्तका आधारमा प्ररस्तुत गरिएको छ । आन्दोलनका नाम भएको ज्यादती र सरकारी दमनको प्रकृतिको मसिनो अध्ययन गरी यो प्रतिवेदन सार्वजनिक गरिएको छ । आन्दोलन र यससँग सम्बन्धित द्धीतीय सूचना, तस्वीर र दृश्यहरूको संकलनमा सहयोग गर्ने सबै पक्षप्रति हार्दिक आभार प्रकट गर्दै धन्यावद ज्ञापन गर्दछौं ।

# कार्यकारी सारांश

मधेशी जनअधिकार फोरमको अगुवाईमा ०६३ माघ २ गतेदेखि माघ २५ गतेसम्ममा तराईमा भएको आन्दोलनका क्रममा धनुषामा दुई जना र सर्लाहीमा पाँच जनाले ज्यान गुमाएको पाइयो । मधेशी आन्दोलनको क्रममा बारा जिल्लामा दुई जना र पर्सा जिल्लामा दुई जना गरी जम्मा चार जनाको मृत्यु भएको थियो । बारा जिल्लामा १ सय २ जना, पर्सा जिल्लामा १ सय २५ र रौतहट जिल्लामा २३ जनासमेत गरी जम्मा २ सय ५० जना घाइते भएको अस्पतालको रेकर्डबाट देखियो । बारा जिल्लामा २९ जना, पर्सा जिल्लामा ३९ जना र रौतहट जिल्लामा १९ जना समेत जम्मा ८७ जना प्रहरीहरू र रौतहट जिल्लामा १७ जना सर्वसाधारणलाई माओवादीले कुटपिट गरी घाइते पारेका थिए । यस क्रममा धनुषामा राज्यबाट ४ सय ३३ जना घाइते भएकोमा त्यसमध्ये ६ जनालाई गोली लागेको थियो । यसैगरी धनुषा, महोत्तरी र सर्लाहीमध्ये मधेशी आन्दोलनका क्रममा सबैभन्दा कम प्रभावित जिल्ला भने महोत्तरी देखियो, जसमा जम्मा ४ जनामात्र घाइते भएका थिए ।

मधेशी आन्दोलनका क्रममा मधेशी फोरमका कार्यकर्ताले गरेको तोडफोडबाट सबैभन्दा बढी धनुषामा नीजि तथा सरकारी सम्पत्ति क्षति भएको पाइयो । पीडितले जिल्ला प्रशासन कार्यालयमा दिएको निवेदन र सरकारी कार्यालयले संकलन गरेको विवरणका आधारमा धनुषामा सरकारी तथा नीजि सम्पत्ति गरी जम्मा ७ करोड २१ लाख ६४ हजार रुपैयाँ बराबरको सम्पत्ति क्षति भएको पाइयो । यस क्रममा महोत्तरीमा १८ लाख बराबराको सरकारी सम्पत्ति क्षति भएको छ भने करिब दुई लाख बराबरको नीजि सम्पत्ति क्षति भएको थियो । त्यसैगरी सर्लाहीमा पनि मधेशी जनअधिकार फोरम कार्यकर्ताले गरेको तोडफोडबाट नीजि  र सरकारी सम्पत्ति क्षति भएको पाइयो ।

धनुषा, महोत्तरी र सर्लाहीमा मधेशी जनअधिकार फोरमले गरेको आन्दोलनले अराजक रुप लिएर तोडफोड, आगजनी र लुटपाट गर्न थालेपछि सुरक्षाकर्मीले बल प्रयोग गरेको पाइयो । त्यस क्रममा लाठीचार्ज, अश्रुग्याँस प्रहार तथा केही स्थानमा गोली समेत प्रहार गरिएको पाइयो । मधेशी जनअधिकार फोरमका कार्यकर्ताले धनुषामा भने सालिक तोडफोड, गैरमधेशी समुदायको नीजि सम्पत्ति लुटपाट तथा आगजनी र गैरमधेशी महिलामाथि कतिपय अवस्थामा गम्भीर दुर्व्यवहार गरेको पाइयो ।

मधेशी आन्दोलनका घाइतेले उपचार गराइ रहेको जनकपुर अञ्चलमा आन्दोलनकारी लुकेको वहानामा प्रहरी प्रवेश गरी हस्तक्षेप तथा घाइतेमाथि लाठीजार्च गरेको पाइयो । त्यसैगरी मधेशी आन्दोलनका क्रममा जनकपुरको मुस्लिम टोलमा प्रहरीले हस्तक्षेप गरी मस्जिदमा नवाज पढिरहेका र घरमा काम गरिरहेका महिलाहरुलाई समेत कुटपिट गरेको पाइयो ।

मधेशी जनअधिकार फोरमले ०६३ माघ २ गतेदेखि सुरु गरेको मधेशी आन्दोलनले पछिल्लो समयमा हिंसात्मक रुप लियो । आन्दोलनकारीहरूले सरकारी कार्यालयहरू, राजनीतिक दलका कार्यालयहरू, राष्ट्रिय विभूतिहरूका शालिक र व्यक्तिगत सम्पत्तिमा आगजनी तथा तोडफोड गरेका थिए । आन्दोलनको क्रममा सरकारी तथा नीजि सम्पत्ति नोक्सान हुदाँ मानिसको बाँच्न पाउने हक गुमेको अध्ययनको क्रममा पाइयो । यसैगरी आन्दोलनको क्रममा बारा र रौतहट जिल्लाको सरकारी कार्यालय तथा पार्टी कार्यालयहरू, व्यक्तिगत सम्पत्तिमा आगजनी, लुटपाट र तोडफोड हुँदा रौतहट जिल्लामा ६ करोड ६७ लाख ३२ हजार र बारा जिल्लामा २२ लाख ९६ हजार २ सय ३१ रुपैंया गरी दुई जिल्लामा जम्मा ६ करोड ९० लाख २८ हजार २ सय ३१ रुपैंया बराबरको क्षति भएको देखिन आउँछ । पर्सा जिल्लाको क्षति विवरण संकलन हुने क्रममा रहेको छ ।

यसैगरी आन्दोलनको क्रममा आन्दोलनकारीहरूले शान्तिपूर्ण रुपमा आन्दोलन सञ्चालन गर्ने भने पनि हतियार सहित आन्दोलनमा सरिक भएको, प्रहरी तथा सरकारी कार्यालयहरूलाई आक्रमणको निशाना बनाएको, प्रहरीलाई लक्षित गरी गोली तथा बम प्रहार गरेको, हतियार खोसेको, भाँचिदिएको, जलाइदिएको र खोसेका केही हतियार फिर्ता नगरेका स्थलगत अध्ययनको क्रममा पाइयो । सुरक्षाकर्मीबाट पनि आवश्यक भन्दा बढी बल प्रयोग गरी आन्दोलनकारीलाई घाइते पारेको, गोली प्रहार गर्दा प्रचलित कानून हनन गरी अन्धाधुन्ध गोली चलाइएको पाइयो । माओवादीले फोरमको आन्दोलन विथाल्न कतिपय अवस्थामा राजावादीको घुसपैठ भन्दै सर्वसाधारण समेतलाई कुटपिट गरी घाइते पारेको अध्ययनको क्रममा पाइयो ।

## मधेशी आन्दोलनको क्रममा धनुषाको स्थिति

### घटना विवरण

मधेशी जनअधिकार फोरमले धनुषाको सदरमुकाम जनकपुरधाममा घोषित रुपमा ०६३ माघ २ गतेदेखि माघ २४ गतेसम्म सञ्चालन गरेको मधेशी आन्दोलनमा दुई जना जनसाधारणको बाँच्न पाउने हक गुम्यो । मधेशी जनअधिकार फोरमले ०६३ माघ १० गते जनकपुरस्थित बसैयारोडको माछा बजारमा निकालेको जुलुसमा सहभागी भएका महोत्तरी प्रकौली गाविस घर भई जनकपुर नपा- ४ बस्ने १९ वर्षीय राजेश ठाकुर हजाम प्रहरी र प्रदर्शनकारीको झडपमा परी घाइते भए । उनलाई प्रदर्शनका क्रममा प्रहरीले कुटपिट गरेको स्थानीयवासीले जनाए । प्रदर्शनका क्रममा घाइते भएका राजेशलाई तत्कालै उपचारका लागि जनकपुर अञ्चल अस्पताल भर्ना गरियो । अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. पवनकुमार ठाकुरका अनुसार, अधिकांश घाइतेले सोही अस्पतालमा उपचार गराई रहेका थिए तर माघ १४ र १७ गते दुई दिन अस्पतालभित्र प्रहरी प्रवेश गरी हस्तक्षेप गरेको थियो । उपचारको क्रममा रहेका पीडित राजेश ठाकुरमाथि प्रहरीले माघ १७ गते अस्पताल परिसरमा थप लाठी प्रहार गरेपछि उनको स्थिति झन खराब बनेको थियो ।

त्यही कारण अस्पतालले पीडितलाई थप उपचारका लागि जानकी नर्सिङ्ग होममा रेफर गरेकोमा त्यहाँ पनि उनको उपचार हुन सकेन । राजेशलाई उपचारका लागि धरान लँदै गर्दा माघ २० गते मृत्यु भएको थियो । पोस्टमार्टम रिपोर्टमा पीडितको टाउकोमा चोट लागेका कारण मृत्यु भएको उल्लेख गरिएको छ । मृत्युपछि मधेशी जनअधिकार फोरमका कार्यकर्ताले पीडितको लास जनकपुरधाम ल्याएर जिरोमाइलमा रहेको राजा वीरेन्द्रको शालिक नजिक जलाए । कमाउने उमेर भएका राजेशको मृत्यु भएका कारण पीडित परिवारको बाँच्ने साहारा गुमेको छ । तर पीडित परिवारले सरकारबाट क्षतिपूर्ति, राहत र न्याय भने पाएको पाइएन । प्रशासन कार्यालयबाट किरिया खर्च बापत उपलव्ध गराइने १० हजार रुपैयाँ समेत पीडित परिवारले पाएको छैन । धनुषाका प्रमुख अधिकारी माधव रेग्मीले पीडितसँग सम्पर्क हुन नसकेका कारण पीडित परिवारले सो रकम पाउन नसकेको बताए । घटनापछि मानवअधिकारकर्मी बाहेक कुनै पनि सरकारी अधिकारी जनकपुर शहरभित्रै रहेको पीडितको घरमा पुगेका छैनन् । 'आइ तक कोइ नइ आएल है' मृतकको आमाले मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको स्थलगत अध्ययन टोलीसमक्ष भनिन ।

उता, धनुषा जिल्ला कै यज्ञभूमि- ५ भगवानपुर निवासी ४५ वर्षीय शिवशंकर यादव भनिने बाबुनारायण यादव मधेशी जनअधिकार फोरमले ०६३ माघ १९ गते राति यज्ञभूमि गाविसको बलुवा भीमानमा आयोजना गरेको राँके जुलुसमा सहभागि हुँदा स्थानीयवासीसँगको झडपमा परी घाइते भए । भीमान चोकबाट उत्तरमा रहेको लामा वस्तीमा चार टृयाक्टर मधेशी कार्यकर्ता 'पहाडे चोर देश छोड' भन्दै राति ९.३० बजे प्रवेश गरेपछि दुई पक्षबीच दोहोरो झडप भएको थियो । सोही झडपमा परी घाइते भएका बाबुनारायण यादवलाई स्थानीय नैन लामा लगायतले उपचारका लागि तत्कालै स्थानीय स्वास्थ्य केन्द्रमा ल्याई उपचार गराए । तर, उनको स्थिति गम्भीर भएका कारण उनलाई एम्बुलेन्सबाट जनकपुर अञ्चल अस्पताल ल्याइयो । अञ्चल अस्पतालको रेफरमा उनलाई भारतीय सहर दरभंगा लगियो । तर, दरभंगामा पनि उपचार हुन नसकेपछि पीडितलाई भारतको अर्को शहर पटना लगिएकोमा माघ २१ गते पीडित यादवको मृत्यु भयो । त्यसपछि मधेशी जनअधिकार फोरमको पहलमा लास जनकपुर ल्याएर माघ २२ गते फोरमका कार्यकर्ताले जनकपुरको पिंडारी चोकमा जलाए । यादवको मृत्यु सम्बन्धमा पटना अस्पतालले १५ दिनपछि पोष्टमार्टम रिपोर्ट उपलब्ध गराउने जनाएको छ ।

उनको मृत्युपछि पीडित परिवारलाई जिल्ला प्रशासन कार्यालय धनुषाले किरिया खर्च बापत १० हजार रुपैयाँ उपलब्ध गराएको पाइयो । मधेशी जनअधिकार फोरमको सहभागितामा पीडित परिवारलाई केही रकम संकलन गरी सहयोग उपलब्ध गराएको पाइयो । घटनापछि प्रहरीले यज्ञभूमि - ९ का ९ जनालाई सिन्धुलीको सिर्थौली गाविसबाट गिरफ्तार गरी प्रहरी कार्यालय धनुषामा राखी अनुसन्धान अघि बढाएको छ ।

गिरफ्तार गरिएकाहरूमा यज्ञभूमि गाविस- ९ निवासी ३४ वर्षीय कालाङ्ग लामा, ३० वर्षीय मेघबहादुर लामा, ३१ वर्षीय राजेश लामा, २६ वर्षीय दीलबहादुर घिसिङ्ग, २८ वर्षीय श्यामकुमार लामा, २८ वर्षीय सुधिर लामा, २७ वर्षीय विध्य भन्ने दिलबहादुर लामा, २८ वर्षीय बौआ भन्ने नरेन्द्र राई र सर्लाही घुर्कौली गाविस-४ निवासी २७ वर्षीय मनिष लामा रहेका छन् । यस बाहेक घटनामा संलग्न रहेको आशंकामा प्रहरीले सोही गाँउका थप व्यक्तिहरको खोजी गरिरहेको छ । भीमानमा सो दिन पहाडे समुदाय र मधेशी समुदायबीच झडप हुने खबर स्थानीय प्रहरीले पाए पनि सो झडप रोक्न र स्थितिलाई साम्य पार्न प्रहरीले कुनै पहल गरेको पाइएन । त्यही कारण दुई समूहबीच झडप भएको स्थानीयबासीको भनाई छ ।

### मधेशी आन्दोलनः घाउ आलै छ

मधेशी जनअधिकार फोरमद्वारा ०६३ माघ २ गतेबाट संचालित आन्दोलनलाई नियन्त्रण गर्न प्रहरीले हस्तक्षेप गरी लाठी प्रहार र गोली चलाउँदा धनुषामा ४ सय ३३ जना घाइते भएको जनकपुर अञ्चल अस्पतालको रेकर्डले देखाएको छ । यसमध्ये ६ जना गोलीबाट घाइते भएको पाइयो, जसमा एकजनाको लिंगमा गोली लागेको थियो । घाइते हुनेमा फोरमका कार्यकर्ता, प्रहरी, सर्वसाधारण, बालक समेत रहेको पाइएको छ । घाइतेहरूमध्ये अधिकांश जनकपुर अञ्चल अस्पतालमा उपचार गराई फर्केका छन भने केहीले धरान, काठमाडौं र भारतको विभिन्न शहरमा उपचार गराए ।

०६३ माघ २ गतेबाट आन्दोलन शुरु भए पनि ०६३ माघ १० गते जनकपुरमा भएको प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी लाठी प्रहार गर्दा जनकपुर नपा- ८ का जितेन्द्र पाण्डे, जनकपुर नपा- ७ निवासी ओमप्रकाश चौधरी, मनोजनाथ झा जनकपुर नपा- ८ निवासी महाशंकर ठाकुर, सोही नपा– ४ निवासी उमेशप्रसाद साह, २ निवासी श्यामसुन्दर यादव, जनकपुर नपा- १६ का कैलाश दास, जनकपुर नपा -८ जिवछी साह, सञ्जयकुमार यादव, ७ का पप्पुकुमार झा, जनकपुर नपा- ८ का अरविन्दकुमार कर्ण, जनकपुर नपा- १ का तौम्बिर आलम, धनेश्वर पासवान, ४ का जिवछ ठाकुर, सिरहा नपा- ७ निवासी २४ वर्षीय विरेन्द्रप्रसाद साह, बलहाकठाल गाविस- ६ निवासी ५० वर्षीय विष्णुदेव यादव, महोत्तरी खैरवन्नी - ६ निवासी कुशलकिशोर यादव, सर्लाहीका राजन ठाकुर, सर्लाही हेमपुरका रमेशकुमार यादव, महोत्तरी दनौलीबनौली गाविस निवासी सञ्जय ठाकुर, धनुषा हंसपुर कठपुल्ला गाविसका राम सागर, महोत्तरी सिस्वाकटैया निवासी कभेन्द्र कर्ण, धनुषा जमुनियाका विनोदकुमार यादव, सर्लाही कबिलासी गाविस- ८ का सञ्जय यादव, देवपुरा रुपैठा गाविस– ६ का प्रदीपकुमार साह, सर्लाही सिसौटिया गाविस- १ का मुरारीकुमार झा, महोत्तरी एकरहीया गाविस- १ का सञ्जयकुमार ठाकुर, धनुषा माचीझिटकोहिया गाविस- ६ का शम्भु यादव घाइते भएका थिए ।

०६३ माघ ११ गते भएको प्रदर्शनमा जनकपुर नपा- १२ का रासविहारी, जनकपुर नपाका अजयकुमार यादव, ४ का राकेश कर्ण, राकेशकुमार साह, ८ का दिनबन्धु ठाकुर, सोही नपा- ४ का महेशकान्त झा, ८ का सञ्जयकुमार यादव, जनकपुर नपा- ८ का मोहम्मद हुसेन, जनकपुर नपा- ३ का अजितकुमार मण्डल, जनकपुर नपा- ११ का राजिव झा, जनकपुर नपा- ८ का सत्यनारायण राय, इलामका मिलन देवान, बाराका भोला चौधरी, रौतहटका रामचन्द्र चौधरी, सुदुरपश्चिमका दिलबहादुर महरा, ठेगाना नखुलेका सञ्जिवकुमार राय, सर्लाहीका नारायण अधिकारी, धनषाधाम

गाविसका प्रमोद साह, महोत्तरी सांढा गाविस– २ का सुशीलकुमार सिंह, धनुषा वसविट्टी गाविस- ३ का नागेन्द्र मण्डल, महोत्तरी हतिसर्वा गाविस- ८ का रविन्द्रकुमार, धनुषा जमुनिया २ का उमेशकुमार यादव, सिरहा मिर्चैयाका विरेन्द्रकुमार साह, जनकपुर नपा ७ का विकेश साह, धनुषा विन्ही गाविसका शिवकुमार दास, कुर्था गाविस ८ का माधव साह, घोडघाँस ८ का विजयकुमार महतो, बनिनिया गाविसका सरोजकुमार यादव, सिरहा मिर्चैयाका रंजित साह, सर्लाहीका राजेशकुमार, धनुषा दुवरकोटहठलेटवा गाविस का सञ्जयकुमार ठाकुर, सर्लाहीका अखलेश साह, पेशपकुमार यादव, धनुषा सगामधुकरही गाविसका उमेशकुमार राउत, जनकपुर नपा २ का पवनकुमार साह, जनकपुरका राजकुमार कर्ण, चन्द्रशेखर साह, विजय मिश्र, धनुषा विन्हीका सन्तोषकुमार साह, जनकपुरका अरविन्दकुमार मण्डल, माधव महतो, धनुषा बेङ्गाशिवपुर गाविसका हिरालाल यादव, जनकपुरका सत्यनारायण, सिरहाका अशोककुमार यादव, सिरहा कपिलासी ४ का राजकुमार ठाकुर, धनुषा सत्तोखर गाविसका मनोजकुमार दत्त, जनकपुर नपा ५ का विलम्बर झा, हरिहरपुर गाविस ३ का ओमप्रकाश मण्डल, जनकपुर नपा ४ का विक्रम झा, महोत्तरी सुन्दरपुर गाविसका कामेश्वर यादव, धनुषा लोहना गाविस ४ का केशव ठाकुर, जनकपुर नपा ६ का शिवकुमार ठाकुर र सोही नपा ४ का सरोज झा घाइते भए । उनीहरूको अञ्चल अस्पतालमा उपचार भएको थियो ।

मधेशी फोरमले ०६३ माघ १२ गते गरेको प्रदर्शनमा प्रहरी र प्रदर्शनकारीबीच झडप हुँदा सिरहा नपा–२ निवासी सन्तोषकुमार सिंह, जनकपुर नपा ४ निवासी रंजितकुमार महतो जनकपुर नपा १३ निवासी रामप्रसाद राउत, जनकपुर नपा ८ निवासी जिवछ मुखिया, जनकपुर नपा ७ निवासी फौची दास, नपा ३ निवासी कैलाश पासवान, नपा ८ निवासी अमरेन्द्र झा, कुर्था गाविस ३ निवासी तपेश्वर साह, जनकपुर नपा- ७ का मोहन पण्डित, विन्ही गाविस- ६ का अशोककुमार यादव, जनकपुर नपा- ३ का राजेश झा , ४ का रकेश झा, सञ्जय पाण्डे, सुधेशकुमार पाण्डे, यदुकोहा गाविसका सन्तोषकुमार मण्डल, जनकपुर नपा-६ का पवन साह, जनकपुर नपा पिडारीचोकका राकेश यादव, ४ का चन्देश्वर साह, ८ का शम्भुमान झा, ९ का राज साह, १२ का सुवित साह, प्रदीपकुमार मण्डल, ४ का दिपेन्द्र झा, ११ का विवेक कर्ण, सर्लाहीका छोटा राजन ठाकुर, जनकपुर नपा -२ का विजय साह, १२ का धर्मनाथ,दनौलीवनौली गाविस का बबुल झा, धनुषा शान्तिपुर गाविस- १ का शिवकुमार झा, सोनापारा गाविसका धमेन्द्र राम, कुर्था गाविसका विरेन्द्रकुमार साह, वघचौडा गाविसका विजयकुमार यादव, कुर्था गाविसका श्रवणकुमार साह, जनकपुर नपा ८ का लोकेन्द्र सिंह, ८ का विर्जुकुमार यादव, विपरिया ८ का रामसरोज सहनी, जनकपुर नपा ४ का पारश ठाकुर देवनारायण

कर्ण, जनकपुर रामानन्द चौकका वावुलकुमार साह, २ का मुकेशकुमार कर्ण, करौटका माधव यादव, जनकपुर नपा ४ का हरिबसन्त, कुर्था गाविस - ८ का कमललाल कर्ण, २ का सञ्जय मेस्तर, रामपुकार, धर्मेन्दर साह, कर्था– २ का लक्ष्मी नारायण साह, जनकपुर नपा- ९ का देवनारायन गुप्ता, कुर्था गाविस ७ का रोशनकुमार नायक जनकपुर नपा ८ का लोकेशकुमार झा , जनकपुर नपा १६ का जिवयकुमार कर्ण, कुर्था ८ का अखलेशकुमार साह, महोत्तरी बदियावन्चौरी गाविस ३ का शिवचन्द्र झा, जनकपुर नपा ७ का प्रहलादकुमार साह, महोत्तरी वेघनाथगोरहन्ना गाविस ८ का मनोजकुमार सिंह, जनकपुर नपाका कौशलकुमार झा, विरैहाका विरेन्द्र मण्डल, कुर्थाका रामस्वार्थ महत्तो, महोत्तरी रतौली गाविसका सञ्जनकुमार ठाकुर, बरहतियाका धर्वेन्द्र राउत, जनकपुर नपा ४ का सुजितकुमार झा, ८ का सुरेश झा, वावुल पासवान, मानसिंहपट्टी गाविसका रामजीवन पाण्डे, जनकपुर नपा ४ का रन्धिर झा, महोत्तरीका दीपककुमार झा, धनुषा लग्मा गाविसका दिलिपकुमार राउत, जनकपुर नपा ७ का गंगावती देवी, महोत्तरी भंगाहा गाविसका धमेन्द्रकुमार यादव, देउरीपरवाहा गाविस ८ का जितनकुमार रजत, जनकपुर नपा ९ का अजयकुमार साह, ठेराकचुरी गाविसका राजीव यादव, जनकपुर नपा ८ का जीतन झा, जनकपुर नपा १४ का सतिश ठाकुर, बलाहाशघारा गाविसका मनोज भिश्र, हंसपुरकठपुला गाविस २ का निरजकुमार सिंह, धनुषाका कमलेस दास, जनकपुर नपा १ का राजेश जालान, ७ का प्रहलादकुमार साह, महोत्तरी वगडा गाविस कारीलाल मोहन, जनकपुर नपा ७ का दिनेश मण्डल, ४ का श्रीप्रसाद पण्डित, सिराहा कविलासीका राजकुमार यादव, लग्मा गाविसका दिलिपकुमार गोइत, हिरेतासका रोशनकुमार यादव, जनकपुर नपा ८ का जितेन्द्र झा महोत्तरी पिपरा गाविस ३ का ववलुप्रसाद साह, जनकपुर नपा ८ का दिनवन्धु ठाकुर, जनकपुर नपा ६ का राजकुमार साह, यदुकोहा गाविसका बेचनी खातुन र जनकपुर नपा ५ का हिरा घाइते भए ।

०६३ माघ १४ गते भएको प्रदर्शनमा प्रहरी र प्रदर्शनकारीबीच झडप हुँदा जनकपुर नपा ४ का प्रदीपकुमार ठाकुर, सखुवा महेन्द्रनगर ८ का सत्रुधन यादव, धनुषाका शम्भु यादव, मंगराहा ८ का गंगावती देवी, जनकपुर नपा २ का बाबु साह, मखनाहा ८ की सीता देवी, नवलपरासीका जितेन्द्र, धनुषाधामका राधा देवी, मखनाहाकी भुल्ली देवी, धनुषाधामका उर्मिला देवी, मखनाहा ४ की रेश्मा देवी, ८ की बुधी देवी, जनकपुर नपा ८ का सुरज यादव, भोयलका रिसीराज मण्डल, करैया ४ का वाउजी मास्टर, जनकपुर नपा ७ का मुतिम नदाफ, ध्रुव नारायण, सर्लाही ववरगञ्जका रुपेशप्रसाद साह, जनकपुर नपा ८ का रामदेव मण्डल, ७ का इम्तियाज, अब्दुल

अहमज, रतनपुरका चन्द्र ठाकुर , जनकपुर नपा ७ का कलाम अन्सारी, महोत्तरी सोनामाई गाविस ७ का विपिन चौधरी, महोत्तरी रतौली गाविसका विजय ठाकुर, धनुषाका किशोरी साह, जनकपुर ४ का मोहम्मद साकिर, जनकपुर नपा १० का ईश्वर, जनकपुर नपा ८ का पञ्चुलाल दास, महोत्तरीका रविन्द्र यादव, ११ का माधव साह, ५ का राजु ठाकुर , सन्तोष ठाकुर, ४ का हरिभुषण, ६ का भिखारी कापर, साहिद अली, भारत सितामढीका राजन कुमार, महोत्तरी मटिहानीका रंजित साह, विसविट्टीका सञ्जय यादव, जनकपुर नपा ४ का विजय मिश्र, कुर्था गाविसका लालवावु साह, जनकपुर नपा ६ का ताहिर अन्सारी, मोहम्मद अन्सारी, विनयकुमार मारिया, महोत्तरी श्रीपुरकविलासाका ध्रुवकुमार मण्डल, धनुषा बसैया गाविसका दिनेशकुमार मण्डल, खरिहानी ९ का सञ्जयकुमार साह, जनकपुर नपा ६ का जितेश्वर कुमार, ६ का ईश्वरदेव मण्डल, २ का प्रदीपकुमार यादव, ५ का मुन्ना दर्जी, बेङ्गाशिवपुर गाविसका प्रदीप दास, महोत्तरी मटिहानी गाविसका राजेन्द्र साह, सोही गाविस ८ का पप्पु गुप्ता, कुर्था गाविस १ का रामविनय ठाकुर, दिपेन्द्र यादव ९ का दिनेशकुमार यादव, ८ का पप्पु यादव, धनुषा माझिझिटकोहीयाका सञ्जय यादव, जनकपुर नपा ४ का भरत पजियार, रामराजी देवी, ६ का वुद्धी कुमार , लोहना गाविसका सन्तोषकुमार झा, ठेगाना नखुलेका चन्द्रकुमार झा, देवपुरारुपैठा गाविसका प्रदीप ठाकुर, बहेरीफुलगामा गाविसका विन्देश्वर ठाकुर, सर्लाही संग्रामपुर रामकुमार ठाकुर, सप्तरीका जयनारायण साह, तारापट्टीसिर्सियाका सञ्जय मण्डल, जनकपुर नपा १२ का योगेन्द्र राउत, सर्लाहीका छोटा राजन ठाकुर, जनकपुर नपा १ का राकेश ठाकुर र सोही नपा ४ शंकर शर्मा घाइते भएका थिए ।

०६३ माघ १५ गते भएको प्रदर्शनमा प्रहरी र प्रदर्शनकारी बीच झडप हुँदा जनकपुर नपा ६ का अजावुल मोहम्मद, ५ का खुसमुदा खातुन, वंसीर खान, ८ का विनिता कुमारी, ४ का शीवम ठाकुर, ८ का रोशनकुमार साह, ४ का विनयकुमार साह, ९ का राहुलकुमार मण्डल, १ का मो. इजाज, मोहम्मद अरमान, ४ का अशेश्वर ठाकुर, ६ का शम्भुकुमार ठाकुर, ९ का कृष्ण साह, १३ रेशम मण्डल, धनषाधाम गाविसका शिवकुमार, बभनगामा गाविसका रामवावु राउत, भारत भागलपुरका योगेन्द्रकुमार मण्डल, चोहराकोयलपुर गाविस १ का विजयकुमार यादव, वसैया गाविस ९ का विपिन यादव, भुतहीपटेर्वा गाविस ३ का धिरज साह, बहुहर्वा गाविस २ का गंगा यादव, शिवनाथ यादव, कुर्था गाविस ६ का लालवावु साह, महोत्तरी खुट्टापिपराढी गाविसका सुमन झा र विन्ही बेला १ का नुर मोहम्मद घाइते भए ।

०६३ माघ १६ गते भएको प्रदर्शनमा झडप हुँदा जनकपुर नपा २ का महेन्द्र शर्मा, १४ का सुरेश ठाकुर, मिथिलेश शर्मा, १४ का मनिषकुमार साह, ३ का प्रताप पौडेल, बेचन साह,  ८ का भुषण यादव,  ४ का शैलेन्द्र यादव, बरमझिया गाविस ८ का सञ्जिवकुमार यादव, महोत्तरी बगडा गाविस १ का रामहृदय यादव, कनकपट्टी गाविस ८ का विजयकुमार यादव, महोत्तरी दनौलीबनौली गाविस ४ का सुन्नी चौधरी, दुवरकोटहठलेटवा ३ का हृदयनारायण ठाकुर ,विन्हीबेला गाविस १ का रामप्रवेश पाण्डे घाइते भएका थिए ।

०६३ माघ १७ गतेको प्रदर्शनमा भएको लाठीचार्जमा जनकपुर नपाका मोहम्मद कैफ, र महोत्तरी गौशाला गाविस ७ का भुल्ला सहनी घाइते भए । ०६३ माघ १८ गते प्रहरीले लाठी प्रहार गरी महोत्तरी खुट्टापिपराढी गाविसका श्याम साह, जनकपुर नपा ६ का भास्कर झा र जमुनिका रामदेव शर्मा घाइते भए ।

०६३ माघ १९ गते प्रहरीले गरेको लाठी चार्जमा जनकपुर नपा १३ का भरत साह, ५ का राजकुमार शर्मा,  ३ का गोविन्दप्रसाद खडका , कनकपट्टी गाविस ३ का सत्रुघन यादव र मिथिलेश्वरनिकास गाविस ९ का कमल हुसेन घाइते भएका थिए ।

०६३ माघ २० गते प्रहरीले गरेको लाठी प्रहारबाट यज्ञभुमी ५ का परीक्षण यादव, संजिवकुमार मण्डल, रामकुमार यादव, महोत्तरी धिरापुर गाविस ६ आवरका पास यादव, लालवावु यादव, पप्पु यादव, विसरभोरा गाविस नाथपट्टीका चन्द्रदेव शर्मा, महोत्तरी अनकार गाविसका रुपेश यादव र जनकपुर नपाका जितेन्द्र मण्डल घाइते भए । ०६३ माघ २१ गते जनकपुर नपाका रामकृपाल यादव घाइते भए ।

आन्दोलनको क्रममा ०६३ माघ २२ गते प्रहरीले धनुषाधामका विनोद यादव, जनकपुर नपा १ का शत्रुघन साह,  ५ का दीपककुमार साह,  १० का झगरु दास, १३ का मिथिलेश्वर,  १४ का सन्जय यादव, रोविन्द साह, अनबर साफी, सूर्यनारायन यादव, पार्वती देवी, जनकपुर मुजेलियाका राजेश राउत, कुम्हरौरा ७ का राजकिशोर झा, बसविट्टी ३ का नागेन्द्र मण्डल, तेजीलाल साह, जमुनिया गाविसका उमेश कुमार, बनौलीका योगितानन्द झा र सोहनीका उपेन्द्र यादव घाइते भए ।

०६३ माघ २३ गते भएको प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी लाठी प्रहार गर्दा जनकपुर नपा १ का लालबाबु झा, १२ का अनिलकुमार चौधरी, ४ का लक्ष्मीदेवी, ९ का रामउदित राय, बसैयाका सञ्जिव कुमार र जयशंकर राउत घाइते भए ।

०६३ माघ २५ गते जनकपुर नपा ६ का रविकुमार साह, १ का वुधेश्वर साह र सोही नपा ४ का बद्री नारायन ठाकुर घाइते भए । ०६३ माघ ११ गते भएको प्रदर्शनमा प्रहरी र प्रदर्शनकारीबीच झडप हुँदा प्रहरीको लाठी प्रहारबाट जमुनिया १ का २६ वर्षीय विनोदकुमार यादव, प्रमोद साह । ०६३ माघ १२ गते भएको प्रदर्शनमा कविलासीका २३ वर्षीय राजकुमार यादव, जनकपुर नपा ४ का ४० वर्षीय श्रीप्रसाद पण्डित, ४८ वर्षीय चन्देश्वर साह, शान्तिपुर २ का २५ वर्षीय शवकुमार साह, कुर्था ५ का २३ वर्षीय विरेन्द्रकुमार, बनौलीका २४ वर्षीय सञ्जय ठाकुर, जनकपुर नपा - २ का २५ वर्षीय विजय साह, ४ का २८ वर्षीय दिपेन्द्र झा, १ का २१ वर्षीय राजकुमार राम, धनुषाधाम २ का मनोजकुमार सिंह, जनकपुर नपा ४ का देवनारायण लाल कर्ण घाइते भए । ०६३ माघ १३ गते भएको प्रदर्शनमा प्रहरी र प्रदर्शनकारीबीच झडप हुँदा प्रहरीको लाठी प्रहारबाट जनकपुर नपाका अवधेश ठाकुर घाइते भए । ०६३ माघ १४ गते भएको प्रर्दशनमा प्रहरी र प्रदर्शनकारीबीच झडप हुँदा प्रहरीको लाठी प्रहारबाट रुपैठाका २५ वर्षीय प्रदिप ठाकुर, सोनामनीका २० वर्षीय विपिन चौधरी, जनकपुर नपा ६ का ४८ वर्षीय मोती नदाफ र ५ का ४० वर्षीय राजु ठाकुर घाइते भए ।

०६३ माघ १४ गते भएको प्रर्दशनमा प्रहरीले हस्तक्षेप गर्दै लाठी प्रहारबाट जनकपुर नपा ४ का ६० वर्षीय शंकर शर्मा, सप्तरीका २८ वर्षीय जयनारायण साह, दोहार ९ का २५ वर्षीय नरेश मण्डल, २८ वर्षीय प्रेम मण्डल, चोहर्वा १ का २७ वर्षीय मधुराम महतो, यज्ञभूमी ५ का १२ वर्षीय संजीवकुमार मण्डल, परेवाका २९ वर्षीय सीतादेवी, ललितपुर सानेपा २ का रामबहादुर बस्याल र जनकपुर नपा ८ का २२ वर्षीय दिलबन्दु ठाकुर घाइते भए ।

### आन्दोलनमा सुरक्षाकर्मी समेत घाइते

मधेशी आन्दोलनका क्रममा प्रदर्शनकारीले हानेको ढुङ्गाबाट ०६३ माघ ७ गते प्रहरी कार्यालय धनुषामा कार्यरत प्रहरी जवान परमेश्वर राय, अमरबहादुर बस्नेत र असई बैद्यनाथ दास घाइते भए । त्यसैगरी ढुङ्गा प्रहारबाट ०६३ माघ ११ गते छिन्नमस्ता सशस्त्र प्रहरीगण बर्दिवासका सशस्त्र प्रहरीका वरिष्ठ हवल्दार दिलबहादुर महरा,

सशस्त्र प्रहरी जवानहरू मिलन देवान, भोला चौधरी, रामचन्द्र चौधरी र नारायण अधिकारी घाइते भएका थिए ।

०६३ माघ १२ गते छिन्नमस्ता सशस्त्र प्रहरीगण वर्दिबासका सशस्त्र प्रहरी जवान गोविन्द श्रेष्ठ र प्रहरी कार्यालय धनुषाका मानबहादुर तामाङ्ग घाइते भएका थिए । ०६३ माघ १३ गते प्रदर्शनकारीले गरेको ढुङ्गा प्रहारबाट प्रहरी कार्यालय धनुषामा कार्यरत प्रहरी जवान तेजीलाल साह घाइते भएका थिए । मधेशी आन्दोलन नियन्त्रण गर्नका लागि सरकारले आन्दोलन अवधिमा जनपद र सशस्त्र गरी करिब ५ सय प्रहरी परिचालन गरेको थियो । जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार आन्दोलन नियन्त्रणका लागि बाहिर जिल्लाबाट समेत थप प्रहरी बल मगाइएको थियो भने केही स्थानमा धातुको गोली समेत प्रहार गरिएको थियो ।

### मधेशी आन्दोलनका क्रममा भएको क्षति

मधेशी जनअधिकार फोरमको अगुवाईमा धनुषामा चलेको आन्दोलनको क्रममा भएको तोडफोड, आगजनी र लुटपाटबाट सरकारी र नीजि गरी कुल ७ करोड २१ लाख १७ हजार ६४ रुपैया बराबरको क्षति भएको जिल्ला प्रशासन कार्यालयले जनायो । यस अवधिमा डा. रामवरण यादवको ७ लाख ८६ हजार ९ सय २०, देवराज राईको ४ लाख १९ हजार ६ सय ६५, गणेशप्रसाद खरेलको ३ हजार ७ सय, सन्देश श्रेष्ठको ९ लाख, भोलानाथ महतोको ३ लाख, कृष्ण गिरीको ९४ लाख ६६ हजार, श्रवणकुमार सिंहको २५ लाख ७२ हजार ३ सय २०, भरतप्रसाद अधिकारीको १५ लाख ६५ हजार ४ सय ६४, यज्ञबहादुर श्रेष्ठको ३ लाख १६ हजार ७०, जनज्योती श्रेष्ठको ५० हजार, गोपाल श्रेष्ठको १५ लाख ८० हजार, राजेश थापाको ८ लाख २५ हजार, दामोदरप्रसाद उपाध्यायको ३ लाख ५४ हजार ६ सय ७८, सरस्वती श्रेष्ठको २ लाख ८१ हजार ३ सय ५०, निरञ्जन श्रेष्ठको ५२ लाख ५७ हजार ४ सय २६, राम खलिवडाको ७२ हजार ७५, सञ्जय श्रेष्ठको ९ लाख ९४ हजार ४ सय २५, धर्मेन्द्रकुमार साहको २० हजार, लक्ष्मण अर्यालको ९ लाख ६४ हजार ६ सय ४४, चन्द्रदेव देवानको ३ लाख ८८ हजार र विजय टान्सपोर्टको ६ लाख ४५ हजार गरी जम्मा २ करोड ८८ लाख ८५ हजार ७ सय ३७ रुपैया बराबरको नीजि सम्पत्ति क्षति भएको पीडितहरूले जिल्ला प्रशासन कार्यालय धनुषामा दिएको निवेदनमा दावी गरेको पाइयो । क्षतिको यकिन आँकडा तयार गर्न गृह मन्त्रालयले प्रमुख जिल्ला अधिकारी माधव रेग्मीको संयोजकत्वमा छानविन समिति गठन गरेको छ । सो समितिले आफनो मातहतमा सरकारी र नीजि सम्पत्ति क्षतिको याथार्थ विवरण तयार गर्न तीन ओटा उपसमिति गठन गरेको छ । उपसमितिले आफ्नो काम अघि बढाएको र केही समयभित्र प्रतिवेदन तयार हुने

जनाइएको छ । प्रदर्शनकारीले जनकपुरमा तोडफोड, आगजनी र लुटपाट गर्दा अधिकांश गैरमधेशी समुदायको नीजि सम्पत्तिलाई लक्षित गरेको देखियो । अधिकांश गैरमधेशी समुदायले तोडफोड, आगजनी र लुटपाटको शिकार हुनु परेको देखिन्छ । त्रासका कारण मधेशी आन्दोलनका क्रममा भएको आफ्नो क्षतिको विवरण बताउन समेत गैरमधेशी समुदाय डराएको पाइयो ।

## सरकारी सम्पत्ति क्षति

मधेशी आन्दोलनको क्रममा आगजनी, तोडफोड र लुटपाटबाट बृहत जनकपुर क्षेत्र विकास समितिको ५ लाख ९३ हजार २ सय, पशुविकास सेवा कार्यालयको १६ लाख ८० हजार, आन्तरिक राजस्व कार्यालयको २ लाख २५ हजार, भन्सार कार्यालयको ६० लाख, जनकपुर नगरपालिकाको १० लाख ५० हजार, कमला सिंचाई परियोजनको १ लाख ५५ हजार, निर्वाचन कार्यालयको १२ हजार, कर कार्यालयको ३ हजार, यातायात व्यवस्था कार्यालयको १ लाख २५ हजार, शिक्षा कार्यालयको २५ लाख, शिक्षाको लागि खाद्य कार्यालय ईकाइको २८ लाख, अञ्चल आर्युवेदिक औषद्यालयको १ लाख ५ हजार, मत्स्य विकास तालिम केन्द्रको २२ लाख, शैक्षिक तालिम केन्द्रको १ लाख, जानकी प्रहरी चौकीको ६ लाख, क्षेत्रीय कृषि विकास तालिम केन्द्रको ५६ लाख ८६ हजार १ सय २७ र ईलाका वन कार्यालयको ३ लाख, खानेपानी तथा सरसफाई डिभिजन कार्यालयको २० लाख ३५ हजार, वन कार्यालयको १ लाख ५० हजार, टाफिक कार्यालयको १२ लाख, प्रशासन कार्यालयको ६२ लाख, प्रहरी कार्यालयको १२ लाख, प्राविधिक कार्यालयको ३५ लाख, मध्यामाञ्चल सिंचाइ कार्यालयको ४० लाख, मुजेलिया क्याम्पभित्र रहेका गाडी तोडफोडबाट १० लाख, राष्टिय बाणिज्य बैंकको ५ हजार, नेपाल खाद्य संस्थानको ३ लाख र कृषि सामग्री कम्पनी लिमिटेडको ५ लाख गरी कुल ४ करोड ३२ लाख २४ हजार ३ सय २७ बराबरको सरकारी सम्पत्ति नष्ट भएको जनाइएको छ । अनुमानित लागतको आधारमा सम्बन्धित कार्यालयहरूले दिएको जानकारीका आधारमा उक्त क्षतिको विवरण तयार गरिएको हो ।

## आन्दोलनको रुप र दमनको स्थिति

दल र माओवादीले नेपालको अन्तरिम संविधानमा मधेशी मुद्दालाई नसमेटेको भन्दै मधेशीभरि असन्तोष व्याप्त थियो । सरकारमै रहेको नेपाल सद्भावना पार्टी ( आनन्दीदेवी) ले ०६३ पुस १० गते गरेको मधेशी बन्दले धनुषा व्यापक समर्थन प्राप्त गरेको थियो । यस क्रममा नेपालगञ्जमा भएको पहाडिया र मधेशी समुदायबीचको झडपले मधेशी समुदायमा आक्रोश थपेको थियो ।

तराई जनतान्त्रिक मोर्चा (गोइत) समूहले ०६३ पुस २६, २७ र २८ गते गरेको मधेशी बन्द, पुस १ गते देखि १५ गतेसम्म तराई जनतान्त्रिक मोर्चा ( ज्वालसिंह) समूहले मधेशीमा पहाडी समुदायको स्वामित्व रहेको र पहडीमूलका चालक रहेका सवारी साधन चलाउने नदिन गरेको घोषणाले मधेशी समुदायमा पहाडी समुदायप्रति घृणा र त्रासको स्थिति पैदा गरेको थियो ।

यस्तै अवस्थामा मधेशी जनअधिकार फोरमले माघ १ गते अन्तरिम संविधान जारी भएकोले ०६३ माघ २ गते संविधान जलाउदै मधेशी बन्द गर्ने प्रचार गरेको थियो । माघ २ गते मधेशी जनअधिकार फोरमले आहवान गरेको मधेशी बन्दमा जनकपुर, ढल्केवर, महेन्द्रनगर लगायतका ठाउँमा बन्द आव्हान गर्दै प्रदर्शन भए । प्रदर्शन शान्तिपूर्ण नै रहेको पाइयो । माघ २ गते नै फोरमका केन्द्रीय अध्यक्ष उपेन्द्र यादव, महासचिव रामकुमार शर्मा लगायतका २८ जनालाई अन्तरिम संविधान जलाउने क्रममा काठमाण्डौमा प्रहरीले गिरफतार गरेकाले मधेशी नेताको रिहाईको माग गर्दै जनकपुरमा ०६३ माघ ३ गतेदेखि प्रत्येक दिन जनकचौकमा टायर बाल्दै प्रदर्शन गरिएको थियो । प्रदर्शनकारीले माघ ३ गते अनिश्चितकालिन मधेशी बन्दको अवज्ञा गरेको भन्दै जनकचौकमा जनकपुर नपाको एउटा टयाक्टर जलाएका थिए । प्रदर्शनका क्रममा अधिकांश प्रदर्शनकारीले हातमा लौरो बोकेका थिए । माघ ४ गते पनि जनकपुरको रामानन्द चौकमा बन्द अवज्ञा गरेको भन्दै सवारी साधनका सिसाहरू तोडफोड गरिएको थियो । माघ ५ गते सिरहाको लहानमा प्रहरी, प्रदर्शनकारी र माओवादीबीचको झडपमा गोली लागी एक प्रदर्शनकारीको मृत्यु भएको घटनाले धनुषामा ठूलो प्रभाव परेको थियो । मधेशी जनअधिकार फोरम र उसको भातृ संगठन मधेशी विद्यार्थी फ्रन्टले संचलान गरेको अन्दोलनमा यहाँका संघ, संगठन र राजनितिक दलका कार्यकर्ता र व्यपारीहरूले नैतिक समर्थन रहेको पाइयो ।

अघिल्ला दिनहरू भन्दा ०६३ माघ ६ गतेदेखि धनुषाको आन्दोलन सशक्त बन्दै गएको थियो । जनकपुरका हरेक चौकमा टायर बालिएको थियो भने युवा, बालबालिकाहरूले गैरमधेशीलाई हातमा लौरो, चिरुवा दाउरा लिएर बजार घुम्न नदिने भन्दै सम्प्रादयिक सदभाव विथोल्ने खालका नाराहरू लगाउदै घुमिरहेका देखिन्थे । फोरमको ब्यानर भएको जुलुसमा हातमा लौरो बोकेका प्रदर्शनकारीले समग्र मधेशी एक प्रदेश, लहान घटनाका दोषीलाई कारवाही गर, पीडित परिवारलाई क्षतिपूर्ती दे, समान जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्माण गर, संघीय शासनको व्यवस्था गर, पहडिया प्रशासन मुर्दावाद जस्तो नारा लागाएका थिए । सोही जुलुसमा कसैले पहडिया चोर देश छोड भन्ने नारा लगाएको समेत पाइयो ।

०६३ माघ ५ गते धनुषाका आठ राजनीतिक दलको जिल्ला प्रशासन कार्यालयमा बसेको बैठकले साम्प्रदायिक सद्भाव विथोल्न नदिने चेताना जगाउने उद्देश्यले माघ ८ गते जनकपुरमा कोण सभा र माघ १० गते जनकपुर रेल्वेस्टेसनबाट बृहत शान्ति जुलुश निकाली नगर परिक्रमा गर्ने निर्णय गरेको थियो । आठ दलको सो निर्णयमा नेसपा (आन्नदीदेवी) का सहसचिव राजदेव महतोले सद्भाव जुलुश आवश्यक नभएको भन्दै सो निर्णयमा फरक मत दर्ज गरेका थिए । सो बैठकमा लहान घटनाका दोषीलाई कारवाही गरी पीडित परिवारलाई क्षतिपूर्ति दिइनु पर्ने, मधेशीको न्यायपूर्ण मागलाई सरकारले सम्बोधन गर्दै अघि बढ्नु पर्ने विषयमा आठ दलबीचमा सहमति भएको थियो । ०६३ माघ ८ गते दिनको ४ बजे आठ दलका नेताले जनकपुरको भानुचौक र जनकचौकमा कोणसभा सम्पन्न गरेका थिए । जनकचोकको कोण सभालाई नेसपा (कर्ण) समूहका प्रदर्शनकारीले भाड्न खोजेको भन्दै कोणसभाका सहभागी माओवादी कार्यकर्ताले खुकुरी निकालेर लखेटेका थिए । सो क्रममा माओवादी कार्यकर्ताले नेसपाका जिल्ला अध्यक्ष कामेश्वर झा र उपेन्द्र उपाध्यायलाई कुटपिट गरिएको पाइयो ।

०६३ माघ ९ गते मधेशी जनअधिकार फोरम र नेसपाले जनकपुरमा छुट्टाछुटै जुलुश प्रदर्शन गरेका थिए । नगरमा जनपथ प्रहरी र सशस्त्र प्रहरी व्यापक परिचालन गरिएको थियो । माघ १० गते आठ दलले दिउँसो १ बजे जनकपुरको रेल्वेस्टेसनबाट सद्भाव जुलुश निकाल्ने पूर्व निर्धारित कार्यक्रम रहेको थियो भने मधेशी जनअधिकार फोरमले पनि क्याम्पस चोक र रामानन्द चोकबाट सोही समय पारेर प्रदर्शन गर्ने घोषणा गरेका थिए । रेल्वेस्टेसनबाट निकाल्ने आठ दलको सद्भाव जुलुशलाई अवरोध गर्न मधेशी फोरमका कार्यकर्ताले भानुचोकबाट अगाडी बढन खोज्दा प्रहरीले बाटो छेकेर रोकेकोले प्रदर्शनकारी भानुचोकमै रोकिएका थिए । आफूहरूले सद्भाव नविथोलेकोले किन सदभाव जुलुश गर्नु पऱ्यो  भन्दै आक्रोश व्यक्त गरेका थिए । प्रदर्शनकारीले भानुचोक कब्जा गरेकोले आठ दलले निकाल्ने सद्भाव जुलुश रुट परिवर्तन गरी रेल्वेस्टेसनबाट मिल्सएरिया हुदै पिडाँरी चोकतर्फ अघि बढेको थियो । जुलुशमा करिब २ सय सहभागी भएकोमा १ सय ५० भन्दा बढी माओवादी कार्यकर्ता थिए भने विरोध गर्ने प्रदर्शनकारीको संख्या दुई हजार भन्दा बढी थियो ।

भानुचोकबाट मिल्सएरियातर्फ अघि बढेको मधेशी प्रदर्शन र सद्भाव जुलुश जनकपुर चुरोट कारखाना नजिक जम्काभेट हुँदा माओवादी कार्यकर्ताले लाठी, खुकुरी र चेन हातमा लिई करिब दुइसय मिटर दक्षिणसम्म फोरमको कार्यकर्ताहरूलाई लखेटेका थिए । सशस्त्र प्रहरीले हस्तक्षेप गरी माओवादीलाई सद्भाव जुलुशतर्फ नै फर्काएका

थिए भने प्रदर्शनकारीलाई पुरानो केयर नसिङ्गहोम नजिकको सडकबाट अघि बढ्न दिएका थिएनन् । माओवादीले लखेटने क्रममा भागदौड हुँदा केही प्रदर्शनकारी घाइते भएका थिए । सद्भाव जुलुश पिडाँरीचोकमा पुगेर कोण सभामा परिणत भई समापन गरिएको थियो ।

उता भानुचोकमा पुनः संगठित भएका मधेशी जनअधिकार फोरमका प्रदर्शनकारीले साँझ बत्ती गएको मौका पारेर भानुचोक मिल्सएरिया सडक खण्डमा रहेको माओवादी पार्टी कार्यालय लगायत पहाडीमूलका व्यक्तिको पसल, विद्यालय छानी छानी तोडफोड तथा आगजनी गरेका थिए । हवाई फायर गर्दै प्रहरी पुगेपछि तितरवितर भएका प्रर्दशनकारीले जानकी मन्दिर नजिक रहेको जानकी प्रहरी चौकीमा आगजनी गरेका थिए । प्रहरीले लाठीचार्ज गरी प्रर्दशनकारीलाई लखेटे र तत्काल आगो निभएकाले धेरै क्षति भएन । जनकपुरमा तोडफोड र आगजनी बढेकोले स्थिति नियन्त्रण गर्न धनुषाका प्रमुख जिल्ला अधिकारी माधव रेग्मीले माघ १० साँझ ७ बजेदेखि ११ गते बिहान ४ बजेसम्म जनकपुर नगर क्षेत्रभित्र नियमित कर्फ्यू आदेश जारी गरेका थिए ।

०६३ माघ ११ गते बिहानैदेखि जनकपुरका रामानन्द चोक, विद्यापति चोक, जिरोमाइल लगायतका नगरका भित्री भागमासमेत प्रदर्शनकारीको भीड बढ्न थालेको थियो । प्रदर्शनकारी आक्रोशित देखिएकाले प्रमुख जिल्ला अधिकारीले बिहान ११ गते माघ १० बजेदेखि साझ बजेसम्मका लागि कर्फ्यू आदेश जारी गरेका थिए । कर्फ्यू आदेश जारी भएपछि झ्न आक्रोशित भएका प्रदर्शनकारीले कर्फ्यूको अवज्ञा गर्दै हातमा लाठी लिएर प्रदर्शन गर्ने र प्रहरीमाथि ढुङ्गामुढा गरेकाले मुरलीचोक, माछ्राबजार, रेल्वेस्टेसन, रामानन्दचोक, पिडारीचोक, जानकीचोकमा प्रहरी र प्रदर्शनकारीबीच झडप भएको थियो । प्रदर्शनकारीले गल्लीहरूबाट सुरक्षाकर्मीलाई ढुङ्गामुढा गर्ने र प्रहरीले सडकबाट हवाइ तथा गोली प्रहार गर्ने गरेकाले सो दिन गोली लागेर प्रदर्शकारी घाइते भएका थिए । कर्फ्यूको अवज्ञा गर्दै प्रदर्शनले उग्ररुप लिएको सो दिन भानुचोकमा रहेको आदिकवि भानुभक्त आचार्यको प्रतीमा तोडफोड गरी ढालेका थिए भने भन्सार कार्यालय, जिल्ला शिक्षा कार्यालय लागयतका सरकारी कार्यालय समेत तोडफोड तथा आगजनी गरिएको थियो । त्यसैगरी भानुचोक नजिक रहेको पहाडीमूलका व्यक्तिको स्वामित्व रहेको पसल, विद्यालय र होटल तोडफोड तथा आगजनी गरिएको थियो भने मुरलीचोकको आनन्द नगरमा बसोबास गर्ने गैरमधेशीमूलका व्यक्तिको समेत घरमा ढुङ्गामुढा प्रहार गरिएको थियो ।

तोडफोड र आगजनीमा मधेशी जनअधिकार फोरमको ब्यानरमा निस्केको जुलुश भन्दा छुट्टाछुटै हातमा लौरोमा पेट्रोल बोकेर नारा लगाउदै हिंडेका युवाहरूको समूह सक्रिय रहेको थियो । सशस्त्र प्रहरी र जनपद प्रहरीले स्थिति नियन्त्रण गर्न नसक्ने अवस्था रहेको पाइयो । साँझ अबेरसम्म पनि तोडफोड र आगजनीका कारण पुरै शहर अस्तव्यस्त देखिएको थियो । स्थिति नियन्त्रण बाहिर जान थालेको, सरकारी तथा नीजि सम्पत्ति नोक्सान भइरहेकाले जिल्ला प्रसाशन कार्यालय धनुषाले ११ गते साँझ ६ बजेदेखि १२ गते साँझ ५ बजेसम्म जनकपुर नगर क्षेत्रभित्र कर्फ्यू आदेश जारी गरेको थियो । माघ १३ गते दिनभरि कर्फ्यू हाटाइएको थियो । त्यस दिनदेखि जनकपुरका युवा क्लव तथा संगठनहरू सम्मलित संयुक्त युवा संघर्ष समितिले मधेशी जनताको अधिकार प्राप्तिका लागि शान्तिपूर्ण आन्दोलनमा उत्रिने निर्णय गरी सडकमा आएको थियो । युवाहरूको सो जुलुशलाई व्यापक सर्मथन प्राप्त भएको थियो । फोरम वा अन्य दलको जुलुश भन्दा सो जुलुश ठूलो र शान्तिपूर्ण रहेको थियो । माघ १३ गतेदेखि नै एमाले धनुषाले पनि मधेशीहरूको माग पूरा गराउन दैनिक छुट्टै शान्तिपूर्ण जुलुस प्रर्दशन गर्न लागेकोले प्रदर्शनहरू अन्य दिनका तुलनामा शान्तिपूर्ण हुन थालेका थिए । सर्वत्र निन्दा भएकाले माघ १३ गतेदेखि नै पहाडी समुदायका घर, पसल र विद्यालय तोडफोड गर्ने कार्य  बन्द भएको थियो । मधेशी आन्दोलनको समर्थनमा जनकपुरका पहाडी समुदायले समेत जुलुस प्रर्दशन गरेका थिए ।

धनुषा गृह जिल्ला भएका काँग्रेसका नेताहरू जनकपुर आएकाले यी सत्तारुढ दलका नेताहरू मधेशी अधिकार विरोधी भएको भन्दै आक्रोशमा नेकाँ सहमहामन्त्री रामबरण यादव, नेतृ लिला कोइराला र आनन्द ढुङ्गानाको घर तोडफोड तथा आगजनी गरिएको पाइयो ।

धनुषामा भएको आन्दोलनमा आन्दोलनकारीले नीजि सम्पत्ति तथा घर पसल र सरकारी कार्यालय तोडफोड नगरुञ्जेल आफूमाथि ढुङ्गामुढा हुँदा पनि सहेर  बसेका सुरक्षाकर्मीले तोडफोड र आगजनीसंगै कर्फ्यू आदेश जारी गरिएपछि कर्फ्यू अवज्ञा गर्ने प्रदर्शनकारीमाथि बल प्रयोग गरेका थिए । माघ १० गतेदेखि २१ गतेसम्म पटक पटक गरी जनकपुर नगर क्षेत्रमा जम्मा ७८ घण्टा कर्फ्यू लागेकोमा ६ जना प्रदर्शनकारी प्रहरीको गोली लागेर घाइते भएको पाइएको छ भने अन्य सबै घाइते लाठीचार्जबाट घाइते भएको पाइयो । यो अवधिमा माघ १४ गते जनकपुर अंचल अस्पताल र जनकपुर नपा ६ स्थित मुसलमान बस्ती नजिकको मस्जिदमा तथा माघ १७ गते जनकपुर अंचल अस्पतालमा सुरक्षाकर्मी प्रवेश गरी अश्रुग्याँस प्रहार र

लाठीचार्ज गरी स्वास्थ्यकर्मी सहित विरामीलाई कुटपिट गरेको पाइयो । सुरक्षाकर्मीले मस्जिदमा नवाज पढिरहेकालाई जथाभावी कुटपिट गरेका थिए ।

यसरी जनकपुरमा चलेको मधेशी आन्दोलनले उग्र रुप लिन थालेपछि यस अवधिमा प्रहरीको तर्फबाट बल प्रयोग गरेको पाइयो । बल प्रयोगको क्रममा लाठीचार्ज, अश्रुग्याँस र गोली समेत चलाएको देखिन्छ । खासगरी मुसलमान समुदायले नवाज पढेको अवस्थामा, मस्जिद र अस्पतालमा भएको प्रहरी ज्यादती गम्भीर प्रकृतिको रहेको पाइयो । त्यस्तै विभिन्न तरिकाले आन्दोलनमा सरिक भएका बालबालिकामाथि पनि प्रहरीले लाठी प्रहार गरेको देखियो ।

**मुस्लिम समुदायमाथिको ज्यादती**

०६३ माघ १४ गते आइतवार कर्फ्यू लागेको बेलामा आन्दोलनकारीलाई लखेट्दै जनकपुर नपा–६ स्थित मुस्लिम बस्तीमा पुगेका १२ जना सशस्त्र प्रहरीको समूहले मस्जिदभित्र प्रवेश गरी नवाज पढिरहेका व्यक्तिहरू र घरमा बसिरहेका महिला बालबालिका तथा अपाङ्ग समेतलाई कुटपिट तथा दूर्व्यवहार गरेको पाइयो । सो वस्तीमा प्रहरीले १७ वर्षीया हातखुटा नचल्ने महिला सलमा खातुनलाई हातमा निलडाम हुने गरी  कुटपिट गरेका थिए भने दादुरा रोगले विरामी भई घरमै आराम गरी रहेका १२ वर्षीय तुसिम अन्सारीलाई समेत कुटपिट गरेका थिए । प्रहरीले जथाभावी कुटपिट गरेपछि डरले लुक्न मस्जिदभित्र पसेका १२ वर्षीय ताहिर अंसारीलाई प्रहरीले सोही ठाउँमा पुगेर कुटपिट गरेको थियो । त्यसैगरी सोही ठाउँकी २० वर्षीया अजिम खातुनलाई प्रहरीले कुटपिट गरेकाले दायाँ कुममा चोट लागेको थियो । त्यस्तै सोही ठाउँकी ३५ वर्षीया कुरेशा खातुनलाई पनि प्रहरीले कुटपिट गरेको थियो । साहिद अन्सारीकी २५ वर्षीया पत्नीलाई कपालमा समातेर लछारपछार पारेको, १८ वर्षीय कलाम अन्सारी र १४ वर्षीय इसराफिल अंसारीलाई आफ्नै घरमा बसिरहेको अवस्थामा प्रहरीले कुटपिट गरेको पाइयो ।

**प्रदर्शनको क्रममा घाइते भएका बालबालिका**

प्रदर्शनकारी र प्रहरीबीच झडप हुँदा प्रहरीको लाठी प्रहारबाट ०६३ माघ ११ गते ठेगाना खुल्न नसकेको १६ वर्षीय सञ्जिव मण्डल घाइते भए । माघ १२ गते जनकपुरका १५ वर्षीय राकेशकुमार साह घाइते भए । माघ १३ गते भएको झडपमा बहुहर्वा गाविस निवासी १५ वर्षीय राजेन्द्र ठाकुर घाइते भए ।  ०६३ माघ १४ गते भएको झडपमा महोत्तरी मटिहानीका १२ वर्षीय राजेन्द्र साह घाइते भए । यसैगरी ०६३ माघ १५ गते भएको झडपमा तारापट्टी सिसिंया गाविस–८ निवासी १६ वर्षीय सञ्जय मण्डल, जनकपुर नगरपालिका-१ निवासी १२ वर्षीय मोहमद इसार, बिन्ही वेला गाविस निवासी ४ वर्षीय नुर मोहमद घाइते भए । माघ १५ गते महोत्तरी

खुट्टापिपराढी गाविस निवासी सुमनकुमार झा घाइते भए । ०६३ माघ १९ गते भएको झडपमा महोत्तरी पिगौना-६ निवासी ५ वर्षीय विवेककुमार मण्डल घाइते भए । माघ २० गते भएको झडपमा यज्ञभुमि-५ निवासी १२ वर्षीय संजिवकुमार मण्डल, महोत्तरी निवासी ६ वर्षीय मुकेश यादव, धनुषा निवासी १२ वर्षीय परीक्षण यादव घाइते भए ।

मधेशी जनअधिकार फोरमका कार्यकर्ता र गैरमधेशी समुदायबीच ०६३ माघ १९ गते यज्ञभूमी ९ स्थित भीमानमा झडप हुँदा यज्ञभूमी ५ का ११ वर्षीय सुदिपकुमार मण्डल, १२ वर्षीय रामकुमार मण्डल घाइते भए । टाउको फुटेका बालकको धारापानीस्थित नीजी स्वास्थ्य केन्द्रमा उपचार भएको थियो ।

## सरोकारवालाको भनाई तिनकै शब्दमा

**प्रेम श्रेष्ठ, प्रहरी सहायक निरीक्षक,**
**इलाका प्रहरी कार्यालय भीमान धनुषा**

घटना भएको बेला हामी कार्यालयमै थियौं । मधेशी जनअधिकार फोरमले राँके जुलुस गर्ने कार्यक्रमका बारेमा जानकारी थियो । फोरमका कार्यकर्ता ट्र्याक्टरमा राँके जुलुस गर्दै आएका रहेछन् । १० जनाको समूहले ट्र्याक्टर चढेका एक जनालाई घाइते पारेको थाहा भयो । स्वस्थानी ब्रत हेर्न जाने मान्छेले घाइते ढलेको भने पछि त्यहाँका स्थानीयबासी र फोरमको कार्यकर्ताले घाइतेलाई बोकेर ल्याए । घाइते शिवसंकर यादव भनिने रामबाबु यादवको मुखबाट गाज आएको थिया । लाठीले टाउकोमा प्रहार गरिएको जस्तो लागेको थियो । घटनास्थलमा आफनो कमाण्डमा सात जना पुग्यौ । फोरमका कार्यकर्ताले तीन जना हराएको भनेपछि खोज्न राति गयौं । त्यसको भोलिपल्ट इन्सपेक्टर ढल्केवरबाट रमेश तमाङ आउनु भयो तर घटनामा संलग्न मान्छेहरू भागे । त्यहाँ सृजना हुन सक्ने हिंसालाई रोक्न आठ दलका १५ जनाको एक समिति गठन गरियो । प्रहरी टोलीले गुम्बाका पूजारी मानबहादुर लामाकी छोरीको माध्यमबाट सिन्धुलीमा भागेर गएका नौ जनालाई पक्राउ गरी ल्याइयो । घटनामा संलग्न रहेकालाई पक्राउपछि जिल्ला पठाइयो । त्यसपछि तिनलाई के कारवाही भयो भने थाह भएन ।

**मातृकाप्रसाद यादव**
**माओवादी नेता तथा अध्यक्ष, मधेशी राष्ट्रिय मुक्ति मोर्चा**

आन्दोलनको मुल कारक तत्व सत्ता नै हो । मधेशी आन्दोलनलाई दमन गरेको थाहै छ । यहाँ आन्दोलनरत फोरम र चुरे भावरमा पनि प्रतिक्रियावादी रहेको छ ।

मधेशीमा जारी आन्दोलनमा पहाडे मूलका शासकको ज्यादती छ । फोरममा पनि केही कुतत्व रहेका छन् । मधेशी फोरमले गरेका प्रदर्शनमा कसरी गोली चल्यो, कुन अवस्थामा घाइतेलाई ल्याइयो भन्ने कुरा प्रष्टसँग आउनु पर्छ । सर्लाही जिल्लामा पहाडेले मधेशीको र मधेशीले पहाडेको घर-घरमा आगो बाल्ने काम गरेको देखियो । मधेशी जनअधिकार फोरम र चुरे भावर प्रदेशले गरिरहेको आन्दोलनमा काँग्रेस र एमालेका मान्छेको संलग्नता रहेको छ । वास्तवमा के का लागि यो आन्दोलन भएको हो ? प्रधानमन्त्री गिरीजाप्रसाद कोइरालाको सम्वोधनले फोरमको मागलाई सम्वोधन गरेको छ । गृहमन्त्रीको राजिनामा माग गरेको जायजै हो । गिरिजाले पनि बोल्नु पऱ्यो । उनको छोरीले समेत गृहमन्त्रीको राजिनामाको माग गरेको छ । सर्लाहीको घटनामा कटुवा बन्दुले डाइरेक्ट हान्ने काम भएको छ ।

प्रहरीको नियतमाथि शंका लाग्छ । सुरक्षाको हिसाबले पनि कति खेर के होला, के गर्लान्  भन्ने स्थिति छ । मानवअिधकारकर्मीले पनि यहाँको भित्री कुरा खोतल्नु पऱ्यो । विराटनगरमा फोरमको भीडबाट तीर धनुष चल्छ । खोई मिडिया ? मानवअधिकारकर्मी कसैले चासो देखाइरहेको छैन । मानवअिधकारकर्मीले रिपोर्ट प्रकाशन गर्नुभन्दा पहिले हामीसँग पनि सोध्नु पर्ने हो । मानवअधिकारकर्मी कुनै संस्था राजनीतिक प्रवृतिको हुनहुँदैन । इन्सेकले निकालेको केही रिपोर्टमा एक पक्षीय कुरा राखिको छ ।

त्यस्ता खाले रिपोर्ट नबनोस् । सप्तरीको घटनामा माओवादीले रेफ गरेको घटना सार्वजनिक गरिएको जुन विरोधाभास छ । त्यस्तो हुनु हुदैन । फोरमको नीति आगो लगाउने त होइन त । बन्दुक बोक्ने नीति पनि छैन फेरी गोली चल्छ ? यसभित्र के छ ? कि घोषित रुपमा बन्दुक लिएर आउनु पऱ्यो नत्र अराजकता रोक्नु पऱ्यो । फोरमको आन्दोलनले सम्प्रदायिक रुप लिन सक्नेमा हामीलाई डर लागेको छ । बास्तवमा पहाडे र मधेशी जनता सम्प्रदायिकताको पक्षमा छैन । सक्ने स्थिति पनि छैन ।

### कुसुमदेवी ठाकुर, मृतक राजेश ठाकुरकी आमा

छोरा राजेशलाई नजान भने तर खाना खाएर गई हाल्यो । राजेशलाई माछाबजार, बसैयारोडमा प्रहरीले समातेर लाठी र ढुंगाले खुब पिटेछ । छोरा कुटाइ खाएर घर आएको थाहा भएन । केहीवेरपछि आँगनमा आएर बान्ता गरी बेहोस भयो । उपचार गर्न अञ्चल अस्पताल जनकपुर लगियो तर अस्पतालमा भेट्न  दिइएन । जनकपुरस्थित कृष्ण नर्सिङ होममा उपचार गर्न लगियो । त्यहाँबाट डाक्टरले रेफर गरेपछि ०६३ माघ १९ गते शुक्रवार धरान लगेको सुने तर माघ २० गते मरेको

खवर पाए । छोराको लासलाई हेर्न निकै कोशिस गरियो तर हेर्न दिएन । राजेशको लासलाई फोरमका कार्यकर्ताले बजार परिक्रमा गरी मेरो कान्छो छोरा ब्रिखेशकुमार ठाकुरको हातबाट पिँडारी चोकमा दागवती दिलाइयो ।

जेठो छोराले कमाएर पैसा दिन्थ्यो अब कस्ले दिन्छ, मेरो सहारा नै यो दुनियाँमा रहेन । सरकारले क्रिया खर्च १० हजार रुपैयाँ दिएको छैन । फोरमका कार्यकर्ताले केही सहयोग उठाएर दिए । सरकारकोतर्फबाट केही सहयोग पाइएन । तपाईंहरू बाहेक कोही भेट्न आएका छैनन् ।

**रामरती यादव**

**मृतक शिवशंकर यादव भनिने बावुनारायण यादवकी पत्नी**

मेरो श्रीमान् खेतमा काम गरेर साँझ आउनु भयो । साँझ ७ बजे खाना खाइरहेको बेला फोरमका कार्यकर्ता तीन पटक बोलाउन आए पछि जानु भयो । उनलाई यज्ञभुमिस्थित लामा टोलमा ०६३ माघ १९ गते राति कुटपिट गरी घाइत पारेको थाहा पाए । उपचारको लागि इन्डीया लाँदा माघ माघ २१ गते पटनामा मृत्यु भएको खबर पाएँ ।

अब म कतैको रहिन, मेरो विजोग भयो । आँखा राम्ररी देख्दिन, पतिको अहिले मर्ने बेला भएको थिएन । मेरो राजाले संसारबाट हामीलाई छाडेर गई हाले, अब म के गर्न सक्छु र ! राजा घरको मूली हुनुहुन्थ्यो । सबैलाई कमाएर पालेको थियो । दुई ओटा छोरा र चारओटी छोरी छन् । जसमध्ये जेठी छोरीको विहे भइसक्यो तर अर्की छोरी पनि विहे गर्ने बेलाकी छ । अब कसरी छोरीको विहे गर्ने । ६ कठ्ठा मात्र जग्गा रहेको थियो, त्यो पनि १० हजारमा सुधभर्नामा लगाइ दिएको छ । पतिको क्रिया खर्चको लागि जिल्ला प्रशासन कार्यालयले १० हजार दियो । मेधेशी जनअधिकार फोरमले पनि ३६ हजार दिए । मेरो पति जीवनमा कहिल्यै चुरोट, रक्सी खानु हुन्नथ्यो ।

**लव विष्ट**

**एसपी, जिल्ला प्रहरी कार्यालय धनुषा**

राजेश ठाकुरको उपचारको क्रममा मृत्यु भयो । ०६३ माघ १४ गते प्रहरीको लाठीचार्जबाट घाइते भएको होला तर बन्दुकको गोलीबाट घाइते भएको होइन । ठाकुरालाई जनकपुर अस्पतालबाट ०६३ माघ १६ गते डिस्चार्ज गरियो तर फेरी माघ १९ गते धरान लाँदा बाटो मै मृत्यु भयो । कसरी मृत्यु भयो भन्ने थाहा छैन । समयमा खवर आएन त्यसकारण मृत्यु भयो । काठमाण्डौबाट हेलिकप्टर मगाएर

घाइते विजय ठाकुरलाई उपचारको लागि पठाइयो । डाक्टरको लापरवाहीले उसको मृत्यु हुन गएको हो । समयमै जानकारी भएको भए मृत्यु हुने थिएन ।

शिवशंकर यादव भनिने बावुनारायण यादव मसाल जुलुश गर्ने क्रममा यज्ञभुमिस्थित लामा टोलमा पुगेपछि दोहोरो भ्कडपमा परी घाइते भएको हो । यादवको हत्याको अभियोगमा नौजनालाई पक्राउ गरी पूर्पक्षका लागि थुनामा राखी कारवाही चलाइएको छ ।

मधेशी आन्दोलनको क्रममा अत्याधिक बल प्रयोग गर्नमा हामी पछि हटेका थियौं । गोली चल्यो, कर्फ्यू लगाइयो तर गोली कति चल्यो भन्ने रेकर्ड हेरेर भन्न सकिन्छ । स्थानीय प्रशासन  ऐन अनुसार हामीले काम गर्ने हो । गोली चलाउन गृह मन्त्रालयको आदेश नै चाहिदैन । बजारमा कर्फ्यू नलगाउँदा लुटपाट, आगजनी हुनुका साथै विध्वंसात्मक घटना हुनसक्थ्यो । शान्तिपूर्ण जुलुसमा हामीले संयमता अपनाएका छौं । जुलुसले उग्र रुप लिएपछि मात्र नियन्त्रणमा लिने काम भएको छ । जनकचोक र भानुचोकको दुई तिरैबाट हतौडा, दुंगा, मुढा, तथा घरेलु हातहतियार प्रयोग गरी पसलमा तोडफोड र लुटपाट गर्ने क्रममा प्रहरीले बल प्रयोग गर्नु परेको हो । घर छानी छानी लुटपाट, तोडफोड गर्नुका साथै आगजनी गरिएको छ, जसलाई प्रहरीले रोक्न खोज्दा आश्रुग्याँस, लाठी प्रहार गर्नु पर्‍यो । आन्दोलनको क्रममा प्रहरीलाई ढुंगा तथा गुलेलीले हानिएको छ ।  प्रहरीले रोकेका कारण कम क्षति भयो । जनपथ प्रहरी र सशस्त्र प्रहरी गरी २० जना जति घाइते भए । जनकपुरमा कर्फ्यू उल्लंघन गर्दा समेत छाडियो । आन्दोलनको क्रममा भएका घाइतेको नि:शुल्क उपचारका लागि जिल्ला प्रशासन कार्यालयले अञ्चल अस्पताललाई पत्राचार गरियो ।

घाइते विजय ठाकुरलाई उपचारको लागि काठमाण्डौबाट हेलिकप्टर मगाई वीर अस्पताल पठाइयो । आन्दोलनको क्रममा भएको क्षतिको मूल्यांकन गर्न समिति बनेको छ । समितिले छानविन गरिरहेको छ । आन्दोलनमा व्यक्तिगत र सरकारी गरी करिब ७ करोड बराबर क्षति भएको छ । क्षतिपूर्ति उपलब्ध गराउन गृहमा पत्राचार गरिएको छ । आन्दोलनको क्रममा बच्चालाई कुटपिट गर्नु हुन्थेन । मस्जिदमा प्रहरीले गरेको हस्तक्षेप गल्ती नै हो । आन्दोलनकारीले अस्पतालबाट प्रहरीमाथि ढुंगा मुढा गरेपछि अञ्चल अस्पतालमा लाठीचार्ज र आश्रुग्याँस हानियो ।

**माधव रेग्मी**
**प्रमुख जिल्ला अधिकारी, धनुषा**

हामीले ऐन कानुन अनुसार मधेशी आन्दोलनमा काम गऱ्यौ । जिल्ला प्रशासन कार्यालयले लगाएको कर्फ्यू तोडने क्रममा धनजनको क्षति हुन नदिन प्रहरी परिचालन गर्नु परेको हो । तराई आन्दोलन दबाउनको लागि कर्फ्यू लगाएको होइन । धनजनको क्षति हुन नदिन कर्फ्यू लगाउनु पऱ्यो । आन्दोलनको क्रममा दुई जनाको मृत्यु भएको छ तर त्यो घटनामा प्रहरी प्रशासनको कुनै संलग्नता छैन । जनकपुर नपाको माछाबजारमा मधेशी फोरमका कार्यकर्ताले तोडफोड गर्न खोज्दा रोक्ने क्रममा दुवैबीच झडप हुँदा ०६३ माघ १४ गते राजेश ठाकुर घाइते भए । उनलाई जनकपुर अञ्चल अस्पताल उपचारको लागि लगिएको तर डाक्टरले गम्भीर घाइते भएको जानकारी गराएनन् । काठमाण्डौबाट हेलिकप्टर मगाएका थियौं । उपचारपछि माघ १६ गते ठाकुरलाई धरान रिफर गरियो र पुनः माघ १९ गते ठाकुरलाई उपचारको लागि धरान लगेकोमा उतै मृत्यु भयो । मृतकको परिवारलाई क्रिया खर्च दिने निर्णय भएको छ तर मृतकको परिवार माग्न आएको छैन ।

यज्ञभूमि–९ स्थित लामा टोलमा भएको झडपमा शिवशंकर यादव भनिने बावुनारायण यादवको मृत्यु भयो । सो घटनामा संलग्न नौ जनालाई पक्राउ गरी मुद्दा दायर भएको छ । मधेशी आन्दोलनको क्रममा २० देखि २२ जनाको संख्यामा प्रहरी घाइते भए । प्रहरी जिल्ला अधिकारीको संयोजकत्वमा मधेशी आन्दोलनको क्रममा भएको भौतिक संरचना क्षति सम्बन्धमा छानविन गर्न आठै दल समिलित समिति गठन गरिएको छ । तीन ओटा समिति जिल्लामा गठन गरिएको छ । सो समितिले मूल समितिमा प्रतिवेदन पठाउने छ । मधेशी आन्दोलनको क्रममा घाइते भएकाहरूलाई उपचार गर्न अस्पतालमा परिपत्र गरिएको छ । आन्दोलनको क्रममा सरकारी र नीजि गरी सात करोड क्षति भएको विवरण गृहमन्त्रालयमा पठाइएको छौं । अस्पतालले घाइतेको उपचारको लागि व्यवस्था गरेको छ । हामीले अस्पतालमा गएर घाइतेलाई भेटेका छैनौं ।

**डा.पवनकुमार ठाकुर**
**मेडिकल सुपरिडेन्ट, अञ्चल अस्पताल, जनकपुर**

जनअधिकार फोरमले गरेको मधेशी आन्दोलनको क्रममा ४ सय जना भन्दा बढी घाइते भए । घाइते कतिपयलाई काठमाण्डौ, धरान, भारतको पटना, दरभंगा रेफर गरियो । ०६३ माघ १४ र माघ १७ गते अस्पतालभित्र पसी प्रहरीले हस्तक्षेप गरी अश्रुग्याँस फायरिङग गर्नुका साथै लाठीचार्ज गरेको थियो । घाइतेमध्ये एक जनाको पेनिसमा बुलेट लागेको थियो । यहाँ घाइते भई आउनेमा कतिपय मेटल बुलेटका घाइते पनि थिए । आन्दोलनको क्रममा प्रहरीले बुलेट फायर गरेको थियो । यहाँ आएका घाइतेमध्ये चारजना गम्भीर घाइते थिए । घाइतेलाई निशुल्क उपचार गर्न

जिल्ला प्रशासन कार्यालयबाट पत्र आएको छ तर २ लाख ५० हजारको औषधी उधारो रहेको छ । घाइतेको खुट्टा काटनलाई ५० लाख लाग्यो ।

मृतक राजेश ठाकुर र शिवशंकर यादव भनिने बाबुनारायण यादवलाई टाउकोमा चोट लागेको थियो । घाइते राजेश ठाकुरलाई बाहिर लानु पर्छ भनेर थाहा भएन पछि ठाकुरलाई नर्सिङ होममा लगे । त्यहाँबाट रेफर गरी धरान लगियो, धरानमा भर्ना गर्न नमानेपछि भारतको सिलगुढी लाने क्रममा मृत्यु भएको थाहा भयो ।

**घाइते ३८ वर्षीय कुरेशा खातुन,**
**धनुषा जिल्ला जनकपुर–६**
म घर बाहिर उभिरहेको थिए । तर एक्कासी प्रहरीले आँगनमा लगाएको टाँटी तोडेर आई कुटपिट गरे । किन कुटेको हजुर भन्दा भन्दै पनि कुटे । एकजना घरभित्र भागेर पसेपछि पनि प्रहरीले दैलोमा लाताले हानेका थिए । आँगनमा खेलिरहेका स–साना बालबालिकालाई समेत कुटपिट गरे । प्रहरीको कुटपिटबाट अहिले पनि हातमा डाम छ । औषधीमा सय रुपैयाँ खर्च भायो । त्यसदिन मात्र यहाँ प्रहरीको कुटपिटबाट ८ जना घाइते भए । प्रहरीहरू घर– घरमा गए । दैलोमा लातीले हाने ।

**घाइते ४५ वर्षीय रामदेव भण्डारी,**
**धनुषा जिल्ला जनकपुर नपा –८**
म जनकपुर नपा ६ को कार्यालयमा पिएन पदमा काम गर्दछु । ०६३ माघ १७ गते कार्यालयमा बसिरहेको बेला प्रहरी आएर कुटपिट गरे । कार्यालयमा बसिरहेका सचिवलाई पनि कुटपिट गरे । प्रहरीको कुटपिटबाट घाइते भएपछि जनकपुर अञ्चल अस्पतालमा उपचार गराए । प्रहरीले मुस्लिम बस्तीमा पसी कुटपिट गर्न थालेपछि जनकपुरका पूर्व मेयर (सुर्यबहादुर थापा पक्षका) ले रिसाएर तिमीहरूलाई संरक्षण गर्ने हामी, हामीलाई नै यो बस्तीमा आएर कुटपिट गर्न आयौं भनेर कराएपछि प्रहरी त्यहाँबाट गए ।

**बृजकुमार यादव**
**सम्वाददाता, बीबीसी नेपाली सेवा। जनकपुरधाम**
मधेशी आन्दोलनको क्रममा दुईजनाको मृत्यु भयो । आन्दोलनको क्रममा एक जना सशस्त्र प्रहरीको कुटाईबाट र अर्को एक जना धारापनीस्थित यज्ञभुमि–९ को लामा टोलमा पहाडे मुलका समुदायबीको झडपमा परी मृत्यु भएको हो । आन्दोलनको क्रममा दिनहुँ ८४ देखि ८५ जना आन्दोलनकारी घाइते हुन्थे । मधेशी आन्दोलनमा सबै पक्षका मधेशीको समर्थन रहेको देखियो । मधेशी आन्देलनमा घाइते भएकाको

उपचारका लागि कोष खडा गरी २० लाख जति जम्मा गरियो । जिल्ला विकास समितिमा आन्दोलनको क्रममा एकाउन्टेन्ट मात्र नियमित रहेको देखिन्थ्यो भने जिल्ला प्रशासन कार्यालयमा पनि केही मात्र कर्मचारी रहेको थिए । बन्दका कारण समान पनि त्यतिकै महंगो भएको थियो भने विवाह ब्रतबन्धमा बाहिरबाट समान ल्याउन पनि समस्या उत्पन्न भयो ।

सरकारले मृतकको परिवारलाई क्षतिपूर्ति समेत दिएको छैन । आन्दोलनकै क्रममा घाइते भएकालाई उपचार खर्च राज्यले दिएको छैन । करिब ६ जनालाई बुलेट लागी घाइते भए । माओवादीद्धारा घटाइएको लहान घटनाका कारण नै यस्तो स्थिति सृजना हुन गएको हो । जनकपुरमा हुन लागेको सदभाव र्‍यालीलाई माओवादी समर्थित ३० जनाको संख्यामा रहेका कार्यकर्ताले चेन, सिक्री तथा खुकुरी लगायतका हतियार देखाई बिथोलेका थिए ।

**नयनबहादुर योञ्जन, यज्ञभुमि–९ लामा बस्ती**

घटनामा संलग्न रहेको आरोपमा यहाँका भँडुवा नेताले १८ जना केटाको नाम दिए । इन्सपेक्टर रमेशमान तामाङ्ले घटनमा क–कस्को संलग्नता रहेको थियो भनेर मलाई गिरफ्तार गराउन मानसिक दबाब दिए । त्यसको भोलिपल्ट थुनेर राख्छु भने । केटालाई समात्न लक्ष्मीनाराण मण्डल, रामबहादुर पूर्वे, केदार अधिकारी, माओवादी पार्टीका श्याम, ज्ञानु यादव लगायतका आठ दलका नेताहरू सम्मिलित समिति बनाए । घटनामा संलग्न नभएका निर्दोष व्यक्तिहरू पक्राउमा परेका छन् । चार ओटा ट्रकमा फोरमका मान्छे बिजुली बत्ती नभएको बेला राँके जुलुश गर्दै गाउँमा प्रवेश गरेका थिए । गाउँमा झडप भएपछि फर्केर भागेका थिए ।

**लालकाजी गेलाल, स्थानीयबासी**

शिवशंकर यादव घाइते भई वेवारिसे अवस्थामा एक्लै लडिरहेका थिए । घाइतेलाई राति ९:३० बजे सात जनाले बोकेर दीप फार्मेसी धारापानीमा बाँचुन भनेर पुर्‍यायौं । घटनास्थलमा मोबाईल प्रकाशले हेर्दा घाइतेको स्थिति राम्रै थियो । रक्सी खाएको थियो । घाइतेले लगाएको कटु मुतले गन्हाएको थियो भने उठ्न नसक्ने अवस्थामा थिए । घाइतेले लगाएको पाइन्ट खुस्केको अवस्थामा थियो । त्यहाँ समान्य उपचारपछि घाइतेलाई एम्बुलेन्समा जनकपुर लगियो ।

घटनास्थलमा प्रहरी आएको थिएन । घटनाको भोलिपल्ट नै उसको मृत्यु भएको थाहा भयो । फोरमका कार्यकर्ता बोकेको राँकोले लामा टोलकासम्भु दाहालको हात जलेको छ । घटनामा संलग्न भएको आशंकामा १८ जनाको नाममा जाहेरी परेको छ । जाहेरी परेपछि यज्ञभुमि–९ स्थित लामा टोलबाट भाग्नेहरूमा नेत्रबहादुर भुजेल,

सोवेष लामा, विशाल लामा, प्रेमकुमार लामा, सोमबहादुर लामा, देशकुमार लामा, श्यामकुमार लामा रहेका छन् । केटाहरू भागेर कहाँ गए, थाहा छैन । एम्बुलेन्स मगाई घाइते पठाउने फोरमका ज्ञानबहादुर हो र हाम्रो टोलमा जुलुस ल्याउने पनि उही हो । प्रहरी टोलमा आई बालवालिकालाई समेत पक्राउन दवाव दिएका थिए । सबै ज्ञानेले गर्दा नै भएको हो ।

**सनसरी लामा, स्थानीय महिला**

गाउँमा बत्ती गएको बेला फोरमको कार्यकर्ता हाम्रो बस्तीमा किन आए ? तरुनीलाई छानी छानी बलात्कार गर्न आएका थिए । हामीले कुनै गल्ती गरेका छैनौं । हामीले शान्तिपूर्वक गाँउ छिरेको जुलुश रोकेका थियौं । आफ्नो सुरक्षाको लागि गर्नु परेको हो । ११ वर्षको सशस्त्र द्वन्द्वमा समेत हाम्रो गाउँमा कुनै घटना भएको छैन । पक्राउ परेकालाई फोरमका कार्यकर्ताले भेटन नदिन दबाब समेत दिएका थिए । पछि ५ मिनेट भेटन दियो । मधेशीहरूको डरले हामी सबै गाउँ छाडेर चुरे पहाड काटी भागेका थियौं । बत्ती गएको बेला तरुनी भएको ठाउँमा किन आए ? बलात्कार गर्न आएका थिए ।

**घनश्याम भुजेल**
**पूर्व गाविस अध्यक्ष यज्ञभुमि**

घटनाको बारेमा मैले भोलिपल्ट बिहान सुने । राति ८:३० बजे नारा जुलुश लागाउँदै चार ओटा ट्याक्टरमाथि बसेर राँको बालेर मसाल जुलुस गर्दै बस्तीमा आएका थिए । केटाहरूले बस्तीमा त्यसो नगर भनी रोक्ने क्रममा झडप भयो । फोरमले लामा बस्तीमा ०६३ माघ १९ गते राति ८:३० बजे प्रवेश गर्दा सो घटना भयो । घटनामा यज्ञभुमि गाविस–५ कर्मनिया निवासी ३५ वर्षीय शिवशंकर यादव घाइते भएका थिए । यादव जुलुसमा आएका थिए ।

## मधेशी आन्दोलनका क्रममा महोत्तरीको स्थिति

### घटना विवरण

महोत्तरी जिल्लामा मधेशी अधिकार प्राप्तिको आन्दोलनमा व्यक्तिको बाँच्न पाउने अधिकार नगुमे पनि सरकारी र नीजि सम्पतिको क्षति हुनुका साथै चार जना घाइते भएका थिए ।

मधेशी जनअधिकार फोरमले ०६३ माघ २ गते गरेको बन्द आव्हान यस जिल्लामा शान्तिपूर्ण रुपले सम्पन्न भएको थियो । माघ ३ र ४ गते सदरमुकाम जलेश्वर लगायत जिल्लाका अन्य ठाँउका समेत पसल, उद्योग कार्यालय, शिक्षण संस्था सुचारु थिए । माघ ५ गतेदेखि फोरमले अनिश्चितकालीन बन्दको घोषणा गरेकाले सुदुर उत्तरी गाविस बर्दिवास बाहेक जिल्लाका सम्पूर्ण भागमा बन्दको असर सामान्य परेको थियो ।

छिमेकी जिल्ला धनुषाको जनकपुरधाममा माघ १० गतेदेखि बढेको आन्दोलनको प्रभाव महोत्तरीको जलेश्वरमा पनि पर्न थाल्यो । मधेशी जनअधिकार फोरमको प्रदर्शनमा दैनिक व्यापारी, बुद्धिजीवी, स्थानीय युवाहरूको सहभागिता बढ्न थाल्यो र माघ ११ गतेदेखि जलेश्वरमा दुई हजार भन्दा बढीको प्रदर्शन भएको थियो । माघ १२ गते मधेशी विधार्थी फ्रन्ट जिन्दावाद भन्दै फोरमको जुलुसबाट अलग भएका युवाद्वारा हात- हातमा लौरो बोकेको जुलुसले जलेश्वरमा रहेको माओवादीको पार्टी कार्यालय तोडफोड गरी कागज-पत्र बाहिर निकालेर आगो लगाएका थिए । नगरमा जनपथ प्रहरी परिचालन गरिएको भए पनि माओवादी पार्टी कार्यालय तोडफोड गरी आगजनी गर्दा प्रहरीले कुनै वास्ता गरेको थिएन । माघ १३ गते जलेश्वरको प्रमुख चोकमा अवस्थित राजा महेन्द्रको सालिकमा टायर थुपारेर आगजनी गर्दा पनि दर्शक बनेको प्रहरीमाथि प्रर्दशनकारीले ढुङ्गामुढा गरेकाले प्रहरीले एक सेल अश्रुग्याँस फायर गरेको थियो । अश्रुग्याँसले भीड तितरबितर भए पनि सालिक जलेर नष्ट भएको थियो । जलेश्वर भन्सार कार्यालयमा सडक अवरोध गर्ने स्थानीय वासिन्दाको विषयमा माघ १५ गते भिठामोड राजश्व गस्तीमा रहेको एक सशस्त्र प्रहरी र सीमा प्रहरी चौकीमा भिठामोडका एक जनपथ प्रहरीबीच विवाद भई कुटाकुट भएको थियो । पहाडी समुदायका सशस्त्र प्रहरीले मधेशी समुदायका जनपथ प्रहरीलाई कुटेको भन्दै जलेश्वरबाट त्यहाँ पुगेका फोरमका कार्यकर्ताले सशस्त्र प्रहरीलाई ढुङ्गामुढा गर्दै पछि हटाएर भन्सार गेट नजिकको राजश्व असुली काउन्टर तोडफोड गरेका थिए भने सोही नजिक रहेको प्रहरीको पोष्टमा आगजनी गरेका थिए ।

०६३ माघ १३ गतेदेखि जिल्लास्थित आठ दलले समेत मधेशी आन्दोलनमा ओर्लिने निर्णय गरी सदरमुकाम जलेश्वरमा दैनिक प्रदर्शन गरेकाले यसअघि मधेशी जनअधिकार फोरमको ब्यानरमा आन्दोलनमा सहभागि भएका ती दलका कार्यकर्ता आफ्नै पार्टीका ब्यानरमा आन्दोलनमा फर्के । यही कारण फोरमको ब्यानरमा सहभागि प्रर्दशनकारीको संख्या घटेको थियो । सख्या घटे पनि आक्रोशित फोरमका प्रदर्शनकारीले माघ १६ गते मूल सडकमा घर भएका जलेश्वरका पहाडी मूलका व्यक्तिको घरहरूमा ढुङ्गामुढा गरेका थिए । सोही दिन फोरमका प्रदर्शनकारीले

लोकसेवा आयोगको कार्यालयभित्र ढुङ्गामुढा गरी तोडफोड गर्न लागेकोले त्यहाँ सुरक्षार्थ खटिएका प्रहरीले गोली फायर गर्दा डाम्हीमडै गाविस- ६ निवासी विनयकुमार झाको खुट्टामा छर्रा लागि घाइते भएका थिए । प्रहरीले गोली प्रहार गरेपछि आक्रोशित भएका प्रदर्शनकारीले जिल्ला शिक्षा कार्यालयमा आगजनी गरेका थिए । आगजनीबाट कार्यालयको कागजातसँगै सो कार्यालयको जिप आगजनी गरी नष्ट पारेका थिए । प्रदर्शनकारीले शिक्षा कार्यालयको कम्पाउन्डबाहिर रहेको डिल्लीराम घिमिरेको घरमा रहेको चिया पसलमा समेत आगजनी गरेका थिए ।

आठ दलले आन्दोलनको घोषणा गरी प्रदर्शन गरी रहेकोले शान्तिपूर्ण नै रहेको महोत्तरीको आन्दोलन प्रधानमन्त्रीको १७ गतेको सम्वोधनले फेरी तात्न पुगेको थियो । प्रधानमन्त्रीको सम्बोधनले मधेशीका मुद्दालाई समेट्न नसकेको भन्दै आठ दलले नै पहिले जलेश्वरमा विरोध प्रदर्शन गरेका थिए ।

०६३ माघ १८ गते अखिल नेपाल किसान संघ केन्द्रीय सदस्य गणेश नेपालीको नेतृत्वमा विशाल जुलुस र नेकाँ बाहेक सात दलको छुट्टा छुट्टै जुलुस प्रदर्शन भएका थिए । सोही दिन फोरमका जिल्ला अध्यक्ष रविन्द्र ठाकुरको नेतृत्वमा निस्केको छुट्टै जुलुसले नेकाँ पार्टी कार्यालयमा बैठक गरी रहेका सो पार्टीका नेतामाथि ढुङ्गा प्रहार गर्नुका साथै कार्यालयभित्र प्रवेश गरी तोडफोड गरेका थिए । प्रदर्शनकारीको ढुङ्गाबाट नेकाँ जिल्ला कार्यसमितिका सदस्य रामदयाल यादव र कैलाश यादव घाइते भएका थिए । रामदयाललाई दायाँ आँखा भन्दा तल चोट लागेको थियो भने कैलाशको पाखुरामा चोट लागेको थियो ।

माघ १८ गते जलेश्वरमा लाग्ने साप्ताहिक हाट बन्द गराउन लाग्दा तरकारी पसलेहरूको कुटपिटबाट फोरमका जिल्ला सदस्य चन्द्रशेखर मिश्र घाइते भएका थिए ।

## सरकारी सम्पत्ति क्षति

प्रमुख जिल्ला अधिकारी रत्नराज पाण्डेको अध्यक्षतामा बनेको सरकारी सम्पति क्षतिको मुल्याङ्कन समितिले ठहर गरे अनुसार जिल्ला शिक्षा कार्यालयको १७ लाख, जिल्ला सरकारी वकिलको कार्यालय ७८ हजार, लोकसेवा आयोग २८ हजार, भन्सार कार्यालय भिठामोडको २१ हजार, आयुर्वेदिक औषधालय मटिहानीको ४ हजार रुपैयाँ बराबरको क्षति भएको छ ।

## नीजि सम्पत्ति क्षति

जलेश्वर नपा -५ निवासी डिल्लीराम घिमिरेको खरको छाना भएको भूई तले घर आन्दोलनकारीले आगो लगाई दिएकाले सो घर मर्मत गर्न १५ हजार रुपैया लाग्ने पीडितको दाबी छ । जलेश्वर नपाको मूल सडकमा रहेको नरेन्द्र श्रेष्ठको घर, पत्रकार ईश्वरी पौडेलको डेरा रहेको घर, अशोक बैधको घर, विकास प्रधानको घर र श्रेष्ठ साइकल स्टोर्स ०६३ माघ १६ गते आन्दोलनकारीको ढुङ्गा प्रहारबाट तोडफोड भएकोमा क्षतिको दावी गरिएको छैन ।

## सरोकारवालाको कथन जस्ताको तस्तै

**रविन्द्र ठाकुर**

**अध्यक्ष मधेशी जनअधिकार फोरम, महोत्तरी**

जलेश्वर बसोबास गर्ने पहाडी मूलका व्यक्तिको घरहरूमा ढुङ्गा हान्नु गल्ती हो । हामीबाट त्यस्तो भएको होइन । लोक सेवा आयोग पहाडियाको हो । त्यसले पहाडियालाई मात्र जागिर दिने भएकाले हाम्रा साथी आक्रोशित भएर लोक सेवामा २/४ ढुङ्गा हाने । प्रहरीले एक्कासी गोली चालाएर एक जना घाइते भएपछि अक्रोशित भएका हाम्रा साथीले शिक्षा कार्यालयमा आगो लगाए । हामीले कसैलाई धम्की दिएका छैनौ । हाम्रो आन्दोलनको सामाचार नलेख्न पत्रकारलाई फोनबाट सत्य सामाचार लेख्न सामान्य दवाव दिएका हौं । जलेश्वरमा हाम्रो आन्दोलन शान्तिपूर्ण र अहिंसात्मक रहेको छ ।

**मदनप्रसाद केशरी**

**डीएसपी, जिल्ला प्रहरी कार्यालय, महोत्तरी**

राजा महेन्द्रको सालिक आगो लगाउने क्रममा आनदोलनकारीले प्रहरीलाई लक्षित गरी ढुङ्गा प्रहार गरेकाले भीडलाई तितरबितर पार्न एक सेल आश्रुग्याँस हानेको र नेपाली काँग्रेसको पार्टी कार्यालय तोडफोड गर्ने क्रममा दुई पक्षीय झपडमा स्थिति नियन्त्रणमा लिन एक सेल आश्रुग्याँस बाहेक प्रहरीको तर्फबाट बल प्रयोग भएको छैन । लोकसेवा आयोग तोडफोड गर्न गएका आन्दोलनकारीलाई प्रहरीले गोली हानेको भन्ने कुरा असत्य हो । त्यहाँ प्रहरीको तर्फबाट गोली चलेको छैन । हाम्रो एउटा पनि गोली खर्च भएको छैन ।

**डा. विजयकुमार झा**

**प्रमुख, जिल्ला अस्पताल जलेश्वर**

लोकसेवा आयोगको कार्यालयमा प्रहरीले चलाएको गोली लागेको भन्दै आन्दोलनकारीले विनयकुमार झा नामका एक घाइतेलाई अस्पतालमा ल्याएका थिए । घाइतेको दायाँ खुट्टाको गोलीगाँठोमाथि चोट थियो । छर्रा लागेको जस्तो थियो ।

हामीले प्राथमिक उपचार गरी जनकपुर अञ्चल अस्पताल रिफर गरेका थियौं । त्यसबाहेक रामदयाल यादव र कैलाश यादव आएका थिए । आन्दोलनका क्रममा घाइते भएका रामदयालको आँखा नजिक चोट भएकाले रेडक्रसको आँखा उपचार केन्द्रमा लैजान भनियो भने कैलाशलाई हातमा सामान्य चोट थियो । उपचार पछि घर फर्काइयो ।

## मधेशी आन्दोलनको क्रममा सर्लाहीको स्थिति

**घटना विवरण**

०६३ माघको पहिलो सातादेखि संघीय राज्य प्रणाली, समानुपातिक प्रतिनिधित्व र जनसंख्याका आधारमा निर्वाचन क्षेत्रको संख्या तोकिनु पर्ने माग सहित मधेशी जनअधिकार फोरमले गरेको मधेशी आन्दोलन दुई सातासम्म शान्तिपूर्ण रहेको पाइयो । तर २०६३ माघ २० गते शनिवार दिउँसो गरेको मलंगवादेखि बरहथवासम्मको मोटरसाईकल र्‍याली अपरान्ह साँढे दुई बजे २ सय  को हाराहारीमा सर्लाही जिल्लाको महेन्द्र राजमार्गस्थित हरिवन बजारमा आयो ।

पहिलो चरणमा मोटरसाईकल र्‍याली हरिवन बजार आई पुग्दा स्थानियवासीले उक्त र्‍यालीलाई हात हल्लाएर स्वागत तथा विदाइ गरे पनि लगत्तै दोस्रो चरणमा रहेका फोरमका कार्यकर्ताले चलाएका मोटरसाईकलमा सवार कार्यकर्ताले हरिवन बजारमा रहेका व्यक्तिहरूलाई ढुंगा तथा लाठी प्रहार गरेका थिए । हाटबजार गर्न आएका महिलाहरूलाई अभद्र व्यवहार गर्दै तिनले पहिरिएका कपडा तान्न खोज्ने क्रियाकलाप गरी महिलालाई दुर्व्यवहार गरेको, नवलपुरबाट हरिवनतर्फ आईरहेको एउटा बिक्रम टेम्पोलाई हरिवन बजारदेखि दुई सय मिटर पूर्वतर्फको वासाटोल नजिक रोकी यात्रुलाई टेम्पोबाट ओर्लन वाध्य पारेको समेत पाइयो । टेम्पो चालकलाई कुटपिट गरेको घटनाले स्थितिलाई उत्तेजित पार्न सहयोग गरेको थियो । मधेशी कार्यकर्ताले हरिवनमा चार ओटा टेम्पो तथा दुईटा माईक्रोबसको सिसा तोडफोड गरेका, फायरिङ्ग गरेका र स्थानीय भरत कार्की, प्रयागराज पोते, कृष्णराज खरेल र अन्य केही व्यक्तिलाई लाठी तथा ढुंगा प्रयोग गरी कुटपिट गर्दै पहाडे चोर मधेशी छोड, मधेशी एकता जिन्दावाद जस्ता नारा लगाएका थिए । यसपछि प्रदर्शनकारीको व्यवहारबाट स्थानियवासी आक्रोशित बनेका थिए । शनिवारे बजारका लागि आएका सर्लाही जिल्लाको कर्मैया, ढुग्रेखोला, घुर्कौली, अत्रौली, पत्थरकोट, सिन्धुली जिल्लाको क्यानेश्वर र रौतहट जिल्लाको पौराईबाट पनि जनसाधारण र मधेशी कार्यकर्ताबीचको भडपमा परी पाँच जना घाइते भए । त्यस क्रममा फोरम सम्बद्ध

प्रदर्शनकारीको पाँच ओटा मोटरसाईकल जलाइएको थियो । प्रर्दशनकारीले ना२ख ९६२३ नम्बरको मेथुरदास र ना२ख ९५५६ नम्बरको सुरेन्द्र दासको ट्रकमा आगजनी गरेको र हरिवनका मधेशी मूलका पाँच ओटा घरमा ढुंगा प्रहार गरेका थिए ।

हरिऔन घटनापछि ०६३ माघ २१ गते बिहान ७.३० बजेदेखि साँझ ८ बजेसम्म महेन्द्रराजमार्गको कर्मैयादेखि लालबन्दीसम्म र सदरमुकाम मलङ्गवा, मुसैली तथा गम्हरिया गाविसमा स्थानीय प्रशासनले कर्फ्यू आदेश जारी गरेको थियो । माघ २१ गते दिउँसो १.३० बजे स्थानीय प्रशासनले लागाएको कर्फ्यू तोडी मलङ्गवा नगरपालिका २ मा निषेधित क्षेत्रभित्र प्रवेश गरी प्रदर्शन तथा तोडफोड गर्न खोज्दा सशस्त्र प्रहरीले अश्रुग्याँस, लाठी प्रहार, हवाई फायरबाट समेत मधेशी प्रदर्शनलाई तितरवितर पार्न प्रयास गरेको पाइयो । त्यही क्रममा जनपथ प्रहरीले गोली चलाउँदा घटना स्थलमै दुई जना र उपचारको क्रममा थप दुई जना गरी जम्मा चार जनाको मृत्यु भएको थियो ।

माघ २१ गते दिउँसो १.३० बजे कौडेना गाविसको आसपासका क्षेत्रबाट मधेशी जनअधिकार फोरमको नाममा आएको भीड मलंगवा नगरपालिकाको निषेधित क्षेत्रमा प्रवेश गरी तोडफोड गर्ने क्रममा प्रदर्शनकारीहरूले चलाएको बन्दुकबाट सशस्त्र प्रहरी हवल्दार चित्रबहादुर थापाको ओठमा गोली लागेको थियो । यसको प्रतिकारमा गोली चलाएको प्रहरीले दाबी गरेको छ । तर प्रदर्शनकारीले गोली नचलाएको र शान्तिपूर्ण रुपमा जुलुस प्रदर्शन गर्दा प्रहरीहरूले एक्कासी गोली चलाएर आफ्ना कार्यकर्ताको हत्या गरिएको र घाइते पारेको फोरमका विदेहक्षेत्र (सर्लाही, धनुषा, महोत्तरी र सिराह) समन्वय समितिका सदस्य कृष्णदेव यादवले बताए । माघ २१ गते मलंगवा नगरपालिका क्षेत्रमा प्रवेश गर्न खोज्ने भीड फोरमसम्बद्ध कार्यकर्ता वा समर्थक नभएको स्थानियवासीहरूले दावी गरे । उनीहरूका अनुसार सदरमुकाम प्रवेश गर्न खोज्नेहरू हरिवनमा पहाडेहरूले मधेशी मार्‍यो अब हामीले मलंगवाका पहाडेहरूलाई मार्नु पर्छ भन्दै हातमा भाला, वर्छा, कोदालो र नलकटुवा पेस्तोलसमेत बोकेर आएका थिए ।

२०६३ माघ २१ गते बिहान ७ बजे मलंगवाबाट आफ्नो घर लालबन्दी गाविस ९ हिडेका मलंगवामा अवस्थित जेसिज वोर्डिङ स्कूलका प्रिन्सिपल निर्मल आचार्य र उनी पत्नी सम्झना आचार्य, छोरा निश्चल, छोरी रितविज र निशिका तथा एभरेष्ट एकेडमी लालबन्दीका संस्थापक प्रिन्सिपल हरिपुर गाविस ४ का गोपालपंजियार चौधरीलाई मधेशी जनअधिकार फोरमका कार्यकर्ताले मलंगवा नगरपालिकादेखि ५ किलोमिटर उत्तरतर्फको सलेमपुर गाविसको पिडारीचोकमा रोकी कुटपिट तथा

दुर्व्यवहार गरेको पाइयो । पीडितको साथमा रहेको बा १९ प ७६८६ र बा १६ प ८२५८ नम्बरका दुईओटा मोटरसाईकल समेत मधेशी फोरम कार्याकर्ताले जलाएका थिए ।

स्थानीय शिवशंकर रायले पीडित सबैलाई आफ्नो घरमा लगी राखेका थिए भने स्थानीय जंगिलाल रायले पीडितलाई सलेमपुर गाविसदेखि १५ किलोमिटर उत्तरमा पर्ने हरिपुर ईलाका प्रहरी कार्यालयमा पुऱ्याएको पीडितले जानकारी दिए ।

सो घटनाको बारेमा मलंगवास्थित जिल्ला प्रहरी कार्यालयमा जानकारी गराइए पनि प्रहरी प्रशासनले सहयोग नगरेको र करिब १० घण्टासम्मको घटनास्थलमा रहँदा आफूहरूमा मानसिक पीडाबोध भएको पीडितहरूले बताए । उक्त घटनामा महिला र बालबालिकासमेतले दुर्व्यवहारको शिकार हुनु परेको पाइयो ।

२१ गते कफ्र्युको अवज्ञा गर्दै सदरमुकाम मलंगवामा भएको प्रदर्शनमा मधेशी जनअधिकार फोरमका कार्यकर्ताहरूले पहाडीमूलका मलंगवावासीहरूको घर तोडफोड, आगजनी तथा लुटपाट  र महिलामाथि दूर्व्यवहारसमेत गरेका थिए ।

**सर्लाहीको पछिल्लो स्थिति :**

२०६३ माघ २० गते हरिवनमा भएको घटनापछि र २१ गते मलंगवामा पहाडीमूलका बासिन्दाहरूको घरमा भएको तोडफोड तथा आगजनीका घटनापछि सामाजिक सद्भाव धमिलिएको छ । मंलगवा उत्तरतर्फ वासोवास गर्दै आएका तराईमूलका वासिन्दा र दक्षिणतर्फ वसोवास गर्दै आएका पहाडमूलका वासिन्दाहरू गाउँवस्तीमा बस्न डराई रहेका छन् । उत्तरीभेगबाट सदरमुकाम जाने पहाडीमूलका व्यक्तिहरूलाई मधेशी समुदायले वीच बाटोमा रोक्ने, छेक्ने र गाली बेइज्जती गरेको पाइएको छ । उनीहरू सरकारी कार्यालयबाट व्यक्तिगत वा सामुहिक काम गराउनबाट बञ्चित भएका छन् साथै पहाडीमूलका सरकारी कर्मचारीहरूलाई कार्यालयमा गई काम गर्न वाधा अड्चन हुने भएकाले उनीहरू करिव १ महिनाअघिदेखि सदरमुकाम छोडेर राजमार्ग छेउका वस्तीहरूमा आएर बस्न थालेका पाइयो ।

२०६३ फागुन १५ गतेका दिन नेत्रगंज गाविस ६ नवलपुर चोकस्थित सुभास कार्कीको सीडी पसलमा सीडी भाडामा माग्न आएका पासवान थरका ग्राहकलाई सीडी भाडामा नदिएको कुरामा विवाद भएको थियो । विवादपछि ती पासवानले कार्कीलाई कुटपिट गरेको व्यक्तिगत विषयले साम्प्रदायिक रुप लिँदा फागुन १६ गते दिउँसो २ बजेको समयमा पहाडीमूलका केही व्यक्तिले नवलपुरचोकमा रहेको

मधेशीका करिब सात ओटा पसल तथा होटल तोडफोड र तीनओटा मोटरसाईकलमा आगजनी गरेपछि नेत्रगंज गाविस १ र २ बाट आएका पासवानहरूले पहाडीमूलका वासिन्दाहरूलाई लक्षित गर्दै बम प्रहार गरेका थिए । तोडफोड, आगजनी र बम प्रहार गरेको दृष्य खिच्न गएका नेपाल टेलिभिजनका सर्लाही समाचारदाता रोशन न्यौपाने र फोटो पत्रकार रोहित पौडेललाई मधेशी कार्यकर्ताले कुटपिट तथा दुर्व्यवहार गरेका थिए ।

सोही दिन साँझ नवलपुरमा पहाडी समुदायले मधेशीमाथि ज्यादती गरेको भन्दै सदरमुकाम मलंगवामा मधेशी समुदायले पहाडी समुदायको नौओटा घर, तीनओटा होटलमा लुटपाट तथा आगजनी गरेका थिए ।

मलंगवामा वसोवास गर्ने पहाडीमूलका वासिन्दाहरूले स्थानीय प्रहरी तथा प्रशासन कार्यालयमा गई सुरक्षाको माग गरेका थिए । उनीहरूले अब पनि सदरमुकाममा शान्ति सुरक्षा भएन भने सदरमुकामस्थित अल्पसंख्यामा रहेका पहाडीमूलका सम्पूर्ण वासिन्दाहरूले आआफ्नो घरमा लगाइएको ताला साँचोको जिम्मा प्रशासनलाई दिई एकै साथ सदरमुकाम छोडेर उत्तरतर्फ जाने निर्णय पहाडीमूलका बासिन्दाहरूले गरेको बताइयो ।

**मधेशी आन्दोलन क्रममा सर्लाहीमा मारिएकाहरू**

मधेशी जनअधिकार फोरमद्वारा सर्लाही जिल्लामा घोषित आन्दोलनको क्रममा ०६३ माघ पहिलो हप्तादेखि माघ २४ गतेसम्म भएको घटनामा पाँच जना सर्वसाधारणले बाँच्न पाउने अधिकार गुमाएको पाइयो । फोरमले ०६३ माघ २० गते आयोजना गरेको मोटर साईकल र्‍यालीमा सहभागी सर्लाही जिल्ला श्रीपुर गाविस-६ निवासी ४५ वर्षीय रामएकवाल राय हरिवन बजारमा दिनको ३ बजे पहाडे मूलका व्यक्तिहरूसँगको झडपमा परी घाइते भए । घाइते भएका रायलाई उपचारका लागि स्थानीयवासीको सहयोगमा उपचारका लागि तत्काल नमुना अस्पताल लगियो । फोरमले संचालन गरेको सो र्‍याली मलंगवा नगरपालिकाबाट शुरु भई नवलपुर हुदै हरिवन पुगेपछि जुलुशका केही व्यक्तिले टेम्पो, माइक्रोबसको शीसा तोडफोड गरेपछि ढुङ्गा प्रहार गरी बजार गर्न आएका व्यक्तिलाई कुटपिट गरे । घाइते रायको उपचार भइरहेको बेला दुई ओटा ट्रकमा आएका पहाडे मूलका केही मानिसले अस्पताल परिसरमा पसी उपचारको क्रममा रहेका रायलाई बाहिर निकाली धारिलो हतियारले प्रहार गरी निर्ममतापूर्वक हत्या गरे ।

सर्लाही हरिपुर इलाका प्रहरी कार्यालयका इन्सपेक्टर सुदीप जोशीको नेतृत्वमा रहेको प्रहरीको टोलीले  अस्पताल परिसरको भीडलाई नियन्त्रणमा लिने प्रयास गरे पनि भिड नियन्त्रण हुन सकेन । रायको लासलाई प्रहरीले सोही दिन चितवनको मेडिकल कलेजमा लगी ०६३ माघ २१ गते आफन्तजनलाई जिम्मा लगाए ।

त्यसैगरी सर्लाही जिल्ला मलंगवा नगरपालिका-४ निवासी १६ वर्षीय आशिक अलि मिक्रानीको ०६३ माघ २१ गते जिल्ला प्रशासन कार्यालयले लगाएको कर्फ्यू तोडने क्रममा सशस्त्र प्रहरीको गोली लागी घटना स्थलमै मृत्यु भयो । मधेशी जनअधिकार फोरमले आयोजना गरेको कार्यक्रम अनुरुप कर्फ्यू तोडने क्रममा मलंगवा नगरपालिका २ मा प्रदर्शनकारी र प्रहरीबीच दोहोरो झडप भएको थियो । कर्फ्यू तोडन लागेको भीडलाई नियन्त्रणमा लिन खोज्दा सशस्त्र प्रहरीको गोली लागि मिक्रानीको मृत्यु भएको थियो ।

मृतक मिक्रानीको बुवा अब्दुल वहा मिक्रानीले छोरालाई खाना खाएर ०६३ माघ २१ गते दिनको १२:३० बजे घरबाट निस्कन खोजेका थिए । तर उनले मानेनन् । पीडितको छातीमा र शरीरको पछाडि पट्टीको भागमा गरी दुईओटा गोली लागेको पाइयो । जिल्ला प्रशासन कार्यालयले क्रिया खर्चका लागि भर्पाइ गरी १० हजार रुपैयाँ दिएको छ । पीडकलाई कारवाही गरिनु पर्छ र उचित क्षतिपूर्तिको व्यवस्था गरिदिन सरकारसँग मानवअधिकारकर्मीसमक्ष पीडित परिवारले आग्रह गरे ।

सर्लाही जिल्ला सलेमपुर-३ निवासी ३२ वर्षीय रामनारायण साह ०६३ माघ २१ गते जिल्ला प्रशासन कार्यालय सर्लाहीले लगाएको कर्फ्यू तोडने क्रममा सशस्त्र प्रहरीको गोली लागी घाइते भए । मधेशी जनअधिकार फोरमले आयोजना गरेको कार्यक्रम अनुरुप कर्फयू तोडने क्रममा सशस्त्र प्रहरीको टोलीसँग मलंगवा नगरपालिका २ मा झडप भएको थियो । गोली लागी घाइते भएका साहको उपचारका लागि जिल्ला अस्पताल लाने क्रममा बाटो मै मृत्यु भयो । मृतकको लासलाई २२ गते पीडित परिवारले आफ्नो परम्परा अनुसार सदगद गरे । पीडित परिवारलाई स्थानीय प्रसाशनले किरिया खर्च बापत १० हजार प्रदान गरे ।

सर्लाही जिल्ला गम्हरिया गाविस-३ निवासी २२ वर्षीय दिनेश रायलाई ०६३ माघ २१ गते जिल्ला प्रशासन कार्यालयले लगाएको कर्फयु तोडने क्रममा सशस्त्र प्रहरीले कोखमा गोली हानी घाइते पारे ।  मलंगवा नगरपालिका-२ स्थित सडकमा गोली लागी ढलेका पीडितलाई तत्काल उपचारका लागि जिल्ला अस्पताल पुऱ्याइएको थियो । त्यहाँ प्राथमिक उपचारपछि घाइते रायलाई भारतको सीतामढीमा लगेपछि

उपचारकै क्रममा उनको मृत्यु भएको थियो । मृतकको लासलाई ०६३ माघ २२ गते पीडित परिवारले आफ्नो परम्परा अनुसार सदगद गरे । पीडित परिवारलाई स्थानीय प्रशासनले क्रिया खर्च वापत १० हजार प्रदान गरेको मृतकका भाई नरेशले बताए ।

सर्लाही जिल्ला जमुनिया गाविस-६ मदनपुर निवासी २५ वर्षीय सञ्जय राय ०६३ माघ २१ गते स्थानीय प्रशासनद्वारा लगाइएको कर्फयू तोडी निषेधित क्षेत्रमा प्रवेश गर्न खोज्दा सशस्त्र प्रहरीले चलाएको गोली लागि गम्भीर घाइते भए । घाइते रायलाई तत्काल उपचारका लागि जिल्ला अस्पातल लगिएको थियो । केही समयपछि हेलिकप्टरको सहयोगमा घाइते रायलाई उपचारको लागि काठमाण्डौस्थित वीर अस्पतालमा पुऱ्याइएको थियो । उनको वीर अस्पतालमा उपचारको क्रमा ०६३ माघ २२ गते मृत्यु भयो ।
पीडित परिवारले मृतकको लासलाई परम्परा अनुसार ०६३ माघ २३ गते गाउँमै सदगद गरे । स्थानीय प्रशासनले पीडित परिवारलाई क्रिया खर्च बापत १० हजार प्रदान गरेको थियो ।

**प्रदर्शनमा घाइते भएकाको फेहरिस्त**

०६३ माघ २१ गते स्थानीय प्रशासनले लगाएको करफ्यू तोडी अघि बढने क्रममा सशस्त्र तथा जनपद प्रहरीले चलाएको गोलीबाट कौडेना-१ का सन्तोष चौधरी, पडरिया-७ शिवनगरका रामविश्वास राय, मोतीपुर-४ का तपेश्वर महतो, हेमपुर-६ का सरोजकुमार मिश्र, सुन्दरपुर-३ का महेन्द्र शाह, मानपुर-६ का सुधिर यादव, मलंगवा-१० का सञ्जय राय यादव, मलंगवा नपा-४ का दिव्यप्रकाश शाह, १० का जितेन्द्र यादव, मोहनपुर-२ का सञ्जय राय, जमुनिया-७ मदनपुरका मिश्रीलाल राय, मोहनपुर-६ का सुजित राय, वकैनिया-५ का राजमोहन दास, हेमपुरका रामएकवाल राय, मुसैली-९ गणेशियाका सत्यनारायण राय, राजिनन राय, श्रीपुरका राजकिशोर चौधरी, मलंगवा नपा-१० का विद्याप्रसाद साह, गम्भीर रुपमा घाइते भएका थिए । त्यसैगरी प्रहरीको लाठी तथा ढुगांबाट कौडेना-६ का ठगाराय यादव मुसैली-९ का राकेश राय, मनोजकुमार यादव, मलंगवा नपा-१ का रामएकवाल राय, १० का रामकेवल राय, सहोडवा-८ का कमलेश शाह, मलंगवा नपा-५ का अमृतकुमार सिंह, जमुनिया-७ का उपेन्द्र शाह, सलेमपुर-७ का रामप्रकाश शाह, मोहनपुर-५ का अशोक चौधरी, जमुनिया-४ मदनपुरका रामबाबु यादव, मदनपुरका चन्देश्वर शाह, गोडैता-७ का रामप्रवेश शाह, ५ का अनिल झा, मलगंवा-१० का दुवरी राय , सिसौटिया-५ का मनोजप्रसाद साह, जमुनियाका उमाकान्त राय, मानपुरका रमेशकुमार यादव, वकैनियाका रामएकवाल राय, गम्हरियाका रामईश्वर राय, मुसैली-९ गणेशियाका अक्षेलाल राय, सिसौटियाका फेकन साह, छपकहियाका ठगा

राय, सुन्दरपुर-२ का मुकेशप्रसाद शाह, १ का श्यामकिशोर शाह, मलगंवा नपा-२ का नैनकुमारी देवी, गम्हरियाका रामपुकार राय, विद्यानन्द राय, मदनपुर-५ का अशोक चौधरी, ७ का उमेश राय, गम्हरिया-३ का रामप्रवेश राय, सलेमपुरका उपेन्द्र शाह, उदय राय, महेन्द्र राय, मलगंवा-१० का योगेन्द्र राय मोहनपुरका चेतनारायण राय, मलगंवा नपा-४ का चन्दनकुमार शाह र श्रीपुरका-६ राजकिशोर चौधरी घाइते भए ।

०६३ माघ २० गते हरिऔनामा भएको घटनामा श्रीपुर-६ का रुपेशकुमार राय, मलगंवा नपा-१ का शिवधारीराय लाई स्थानीय गैर मधेशी समुदायले लाठी, ढुङ्गा र धारिले हतियार प्रयोग गरी गम्भीर घाइते पारे ।

## घाइते प्रहरी र जनसर्वसधारण

मधेशी जनअधिकार फोरमका कार्यकर्ताले प्रहार गरेको ढुङ्गाबाट प्रहरी असईहरू प्रकाश प्याकुरेल, गुणनिधि खकुरेल, सुनिता श्रेष्ठ, प्रहरी हवल्दार कुष्णप्रसाद गुप्ता, प्रहरी जवानहरू अशोकसिंह मोक्तान, हेमबहादुर भुजेल , कुलबहादुर भण्डारी, मुनेश्वरप्रसाद यादव, सन्तमान शाक्य , रामनारायण यादव, सशस्त्र प्रहरी हवलदारद्वय पूर्णबहादुर देउजा र चित्रबहादुर थापा मगर घाइते भएका थिए ।

त्यसैगरी लालबन्दी गाविस-९ निवासी निर्मल आचार्य उनकी पत्नी सम्झना आचार्य, छोरा निश्चल, छोरी रितविज र निसिका हरिपुर गाविस-४ का गोपाल पंजियार चौधरी, राजघाट गाविस-९ का वखतबहादुर राई, मलंगवा नपा -१० का दोहोरी राय, त्रिभुवननगर-१ निवासी विणदेवी पासवान मलगंवा नपा -१० का भीमप्रसाद मैनाली , उनकी पत्नी सीतादेवी मैनाली, छोरा सुमन मैनाली, छोरी स्वंयता मैनालीलाई फोरमका कार्यकर्ताले कुटपिट तथा दूर्व्यव्यहार गरी मानसिक यातना दिएको पाइयो ।

## नीजि सम्पत्ति लुटपाट, तोडफोड र आगजनीको विवरण

मधेशी जनअधिकार फोरमद्धारा संचालित आन्दोलनका क्रममा सदरमुकाम मलंगवामा पूर्वमन्त्री रामहरी जोशीको घर तोडफोड र आगजनीबाट सात लाख, कमला पाण्डेको घर तोडफोडबाट दुई लाख, प्रदीप उपाध्यायको घर तोडफोड बाट एक लाख, राम श्रेष्ठको होटल तोडफोड बाट १ लाख २५ हजार, निर्मल जोशीको घर तोडफोड बाट ९० हजार, भीमप्रसाद मैनालीको घर तोडफोड, लुटपाट र आगलागीबाट ३ लाख १० हजार, बेनीबहदुर कार्कीको घर तोडफोड बाट २५ हजार, कलादेवी महतोको घर तोडफोडबाट २५ हजार, कर्मचारी निलहरी ढुंगेलको डेराबाट सामान लुटपाटबाट २० हजार, सुरेन्द्र ढुगांनाको घर लुटपाट, तोडफोडबाट ३ लाख, भीम श्रेष्ठको घर तोडफोड लुटपाटबाट ४० हजार, देवेन्द्र श्रेष्ठको टीभी तथा

किराना पसल लुटपाट गरी ४० हजार, स्वस्तिवर श्रेष्ठको अदभूत प्रेसबाट लुटपाट र तोडफोड गरी ७५ हजार, राम कार्कीको होटल तोडफोड तथा लुटपाट १ लाख ३० हजार, अच्यूतम काफ्लेको होटल तोडफोड अगलागी र लुटपाट गरी २ लाख, भीम प्रसाईको घर तोडफोड र लुटपाटबाट १ लाख १५ हजार र जानमोर्चा नेपालको कार्यालय तोडफोडबाट २० हजार बराबरको क्षति भएको देखियो ।

लालबन्दी गाविस-९ निवासी निर्मल आचार्यको बा. १६ प. ८२५८ र मदन आचार्यको वा. १९ प. ७६८६ दुईओटा मोटर साइकलमा आगजनी गरी २ लाख बराबरको क्षति भएको थियो । साथै नाम नखुलेका अर्का एक जनाको मोटरसाईकल आगलागी गराई ५० हजार बराबरको क्षति भएको थियो ।

त्यसैगरी गेर मधेशी समुदायले गरेको तोडफोड र आगजनीबाट हरिओन गाविस-९ स्थित नमुना अस्पतालको ४ लाख, सुरेन्द्र दासको ना २ ख ९५५६ नम्बरको एउटा ट्रकमा आगलागी गराई ४ लाख ५० हजार, मेथुरदासको ना २ ख ९६२३ नं.को १ ओटा ट्रकमा आगलागी गराइ ४ लाख ५० हजार, हरिऔन ९ का सुरेन्द्र दासको घर तोडफोड गरी ५० हजार, मेथुरदासको घरमा तोडफोड गरी ३५ हजार, महेन्द्र चौधरीको घरमा ढुङ्गाप्रहार गरी १५ हजार, नेत्रगंज गाविस -६ स्थित नवलपुरका पानपसल गर्ने सुवास झाको पान पसल तोडफोडबाट ५ हजार, लालबन्दी गाविसका फोटोपत्रकार रोहित पौडेलको क्यामरा तोडफोड गर्दा २५ हजार, नेत्रगंज गाविस -६ का चन्देश्वर साहको पानपसल तोडफोडबाट ४ हजार, अशोक पासवानको सार्वजनिक टेलिफोन बुथमा भएको तोडफोडबाट १० हजार, कैलाश शाहको नेत्रगंज-७ स्थित पसलमा रहेको मट्टितेल डिजल पोखी दिदाँ १३ हजार, सहनी होटल सामान्य तोडफोड हुदाँ ३ हजार, सर्लाही होटलको फर्निचर, वोर्ड तोडफोडबाट २ हजार, पासवान थरका नाम खुल्न नसकेका एक पान पसलेको पसल तोडफोड हुदाँ २ हजार, पुरुषोत्तम श्रेष्ठको घरका सीसा तोडफोड हुदाँ २ हजार ५ सय, नाम र नम्बर खुल्न नसकेका तीन जनको मोटरसाइकल लागलागी गराई १ लाख ५० हजार बराबरको क्षति भयो । साथै नाम र नम्बर नखुलेका पाँच जनाको मोटरसाईकल आगलागी गराई ३ लाख ५० हजार बराबरको क्षति भएको थियो ।

हरिवन र नवलपुरको घटनामा तोडफोड, आगजनी भइरहेको दृष्य खिच्न तथा समाचार संकलन गर्न गएका नेपाल टेलिभिजनका समाचारदाता रोशन न्यौपाने, फोटोपत्रकार रोहित पौडेल र स्थानीय नवपरिचर्चा साप्ताहिकका सम्पादक चुरामणि वाग्लेलाई दुर्व्यवहार तथा कुटपिट गरेको पाइयो ।

## सरकारी सम्पत्तिको क्षति बिवरण

मधेशी जनअधिकार फोरमले गरेको आन्दोलनको क्रममा जिल्ला खानेपानी कार्यालयको हाताभित्ररहेको बाटर सप्लाईका पाइपहरूमा आगजनी गराएका कारण १ करोड ५० लाख, जिल्ला सिचाई कार्यालयको एउटा गाडी जलाउँदा ७ लाख ८० हजार, जिल्ला अस्पताल तोडफोड हुदा १ लाख ४० हजार, जिल्ला प्रहरी कार्यालयको भ्यानमा ढुंगामुढा गर्दा सिसा तोडफोड हुँदा ३० हजार, सरकारी वकीलको कार्यालयको भवन ढुङ्गामुढा हुदाँ १५ हजार, महिला विकास कार्यालयको भवनमा ढुङ्गामुढा हुदाँ२५ हजार, प्रहरी चौकी बलराको भवन ढुङ्गामुढा हुदाँ ५ हजार बरावरको सम्पति क्षति भएको सरकारी रिकर्डले देखाएको छ ।

## दमनको प्रकृति र वल प्रयोग

०६३ माघ २० गते  हरिऔनमा भएको घटनामा प्रहरीको तर्फबाट कुनै किसिमको वल प्रयोग भएन । लाठी प्रहार तथा अश्रुग्याँस प्रहारबाट स्थितिलाई नियन्त्रणमा लिन प्रयास गरेता पनि उत्तेजित भीडले वाताबरणलाई तनावपूर्ण बनाई रह्यो र घटनाको करिव दुई घण्टापछि सशस्त्र प्रहरीको ४० जना जतिको बल घटनास्थल आएपछि भीडलाई लखेटी स्थितिलाई नियन्त्रणमा लिइएको थियो ।

माघको पहिलो हप्तादेखि दोस्रो हप्तासम्म सदरमुकाम मलंगवामा भएका फोरमका कार्यक्रमहरू जुलुश, र्‍याली र मसाल जुलुशको विरुद्धमा प्रहरीले कुनै हस्तक्षेप र दमन गरेको थिएन ।

माघ २१ गते स्थानीय प्रशासनले लगाएको कर्फ्यू तोडी दुई हजारको संख्यामा रहेको फोरमको जुलुश अगाडि बढदै गर्दा प्रहरी प्रशासनले माइकिंग गरी सचेत गराएको, भीडलाई नियन्त्रणमा लिन अश्रुग्याँस प्रयोग गरेको, लाठी प्रहार गरेको, हवाई फायर गरेको र अन्ततोगत्वा उत्तेजित भीडलाई नियन्त्रण गर्न सशस्त्र प्रहरीको कमाण्डमा रहेको सुरक्षाकर्मीको समूहले गोली प्रहार गरेको थियो ।

# सरोकारवालाको बयान जस्ताका तस्तै

## भानुभक्त पोखरेल, प्रमुख जिल्ला अधिकारी, सर्लाही

माघको पहिलो हप्तादेखि मधेशी जनअधिकार फोरमले जुलुस, कोणसभा, र्‍याली, मसाल जुलुस र ठाउँ ठाउँमा टायर बाल्ने कार्य सदरमुकाममा गर्दै आएका थिए । त्यसक्रममा फोरमका केही कार्यकर्ताले पहाडेमूलका मानिसहरूलाई जिस्काउने सुरक्षार्थ खटिएका प्रहरीहरूलाई जिस्काउने गर्दै आएका थिए । माघ ७ गते मधेशी

लोकतान्त्रिक मोर्चाले माओवादीको मलङ्गवास्थित मधेशी राष्ट्रिय मुक्ति मोर्चाको कार्यालयमा ताडफोड गरें । माघ ८ गते तराई कोब्राले हेटौडा नपा-२ निवासी ट्रक चालक यदु भनिने सागर सिवाकोटीलाई मधुबनी-४ मा नियन्त्रणमा लिई गोली हानी हत्या गरे । त्यही घटनादेखि पहाडे र मधेशीको नाममा फिलिंग बढदै गयो । माघ १४ गते मलंगवामा ३ सय ५० को संख्यामा रहेका मधेशी फोरमका कार्यकर्ताले सरकारी कार्यालयका बोर्डमा नेपाल सरकारको ठाउँमा मधेशी सरकार लेखे । १५ गते महेन्द्र राजमार्गको नवलपुर सडकमा पाल टाँगेर राजमार्ग अवरुद्ध पारे । १६ गते बलरामा एक जुलुसले प्रहरीचौकीमा ढुंगामुढा गरी सामान्य क्षति गराए । १७ गते सदरमुकाम मलंगवामा गर्ने भनिएको सर्वपक्षीय सदभाव र्‍याली फोरमको सम्भावित गतिविधिलाई दृष्टिगत गर्दै स्थगित भएको थियो । १८ गते खानेपानी कार्यालयको पाइपहरूमा आगलागी भयो, जसबाट कराडौं रुपैया बराबरको धनमालको क्षति भयो ।

माघ १९ गते जिल्ला प्रहरी कार्यालयमा ढुंगा प्रहार गरी भवनका सीसा तोडफोड गरिएको तथा प्रहरीलाई जिस्काउने काम भएको थियो । त्यसक्रममा प्रहरीले अश्रुग्याँस प्रहार तथा लाट्ठीचार्ज गरेको थियो । २० गते फोरमले मलंगवाबाट मोटरसाइकल र्‍याली निकाले, र्‍याली उत्तर तर्फ नजाने भनिए पनि उत्तरतर्फ गयो । त्यसैक्रममा हरिऔन बजारमा पुगेको र्‍यालीसँग स्थानीयवासीको झडप हुदाँ १ को मृत्यु भयो । अस्पतालमा उपचार भैरहेको घाइतेलाई पुनः आक्रोशित भीडले धारिलो हतियार प्रहार गरी हत्या गरे । २१ गते फोरमले सदरमुकाममा जुलुस प्रदर्शन गर्ने तयारी गरेको थियो । त्यस विषयलाई मध्यनजर गर्दै आठ दल र फोरमसँग हामी बस्यौ र कुरा गर्‍यौ र जुलुस नगर्ने सहमति गर्‍यौ तर २० गतेको हरिऔनको घटनाबाट आक्रोशित भएका फोरमका कार्यकर्ताले गर्न सक्ने संभावित आक्रमणलाई ख्याल पुर्‍याउँदै उद्योग वाणिज्य संघलाई अनुरोध गर्दै पसलहरू बन्द गर्न लगायौं । तर दिउँसो करीब १ बजेतिर सदरमुकामको चारैतिरबाट हजारौको संख्यामा आएका फोरम कार्यकर्ताले स्थानीय प्रशासनले लगाएको करफ्यु तोड्न खोज्दा प्रहरीले माइकिगं गर्दै सचेत गराएको, अश्रुग्याँस तथा हवाइ फायर गरेको र अन्तमा भिड नियन्त्रण हुन नसकेपछि बाध्य भई गोली चलाउनु परेको थियो । यस क्रममा दुई जनाको घटनास्थलमा, एकको उपचारको क्रममा भारतको सितामढी र एकजनाको उपचारकै क्रममा वीर अस्पताल काठमाण्डौंमा मृत्यु भएको थियो । ८/१० जनाको संख्यामा प्रदर्शनकारीहरू घाइते समेत भएका थिए । यदि त्यस दिन जुलुस नगर भित्र प्रवेश गरेको भए ठूलै धनजनको क्षति हुन्थ्यो । मृतकका परिवारलाई १० हजारका दरले क्रिया खर्च उपलब्ध गराइएको छ । थप क्षति भएको विवरण संकलन भईरहेको छ र प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा क्षतिपूर्ति समिति पनि गठन भएको छ ।

**घनानन्द भट्ट, प्रहरी उपरिक्षक, जिल्ला प्रहरी कार्यालय, सर्लाही**
सर्लाहीको घटनापछि म यहाँ ०६३ माघ २६ गते आएको हुनाले सबै कुरा विस्तृत रुपमा थाहा छैन । हरिऔनको घटना दुःखदायी भयो । मलंगवाको घटनामा सशस्त्र प्रहरीको नेतृत्व रहेको थियो । गोली चलाउनुअघि सबै प्रक्रिया पुरा गरेपछि बाध्य भई गोली चलाउनु परेको थियो । प्रदर्शनका क्रममा १२ जना प्रहरी, १४ जना प्रदर्शनकारी र ४ जना सर्वसाधारण घाइते भएका थिए । तोडफोड र आगलागी भएका घर मालिकले क्षतिको केही विवरण दिएका छन् अब आईन्दा सबै पक्ष मिलेर सदभाव कायम गर्दै बस्नुपर्छ यसमा सबैको सहयोग हुनुपर्छ ।

**कृष्णदेव राय, सदस्य,**
**मधेशी जनअधिकार फोरम, विदेह क्षेत्र समन्वय समिति**
हरिऔनको घटनामा पहाडे समुदायले गरी १ जनाको हत्या गरे । घटनाका पीडकको पहिचान गरी कारवाही  गर्नु पर्ने र पीडित व्यक्तिहरूलाई क्षतिपुर्ति दिनुपर्ने काम तत्काल राज्यले गरोस् । मलंगवा घटनामा शान्तिपूर्ण जुलुसमाथि सशस्त्र र जनपद प्रहरीले एक्कासी गोली चलाई ४ जनाको हत्या र पचासौं जनालाई गम्भीर घाइते पारे । घटनामा गोली चलाउने र आदेश दिनेलाई कारवाही र पीडित परिवारलाई राज्यले चाँडो क्षतिपुर्ति देओस् । चुरे भावर प्रदेशको नाममा मण्डले तथा गलत तत्वले जातीय साम्प्रदायिक सद्भाव खल्वल्याउने काम गरिरहेका छन् हामी त्यस्ताको विरुद्धमा लड्न तयार छौं । सामाजिक सद्भाव कायम गर्न हामी सधैं तयार छौं । मधेशी आन्दोलन दबाउन प्रहरी, प्रशासनको भुमिका सक्रिय रहयो । मधेशी जनता सचेत भैसकेका छन् अब कसैले पछि पार्न सक्दैनन् ।

**राजनारायण साह, सदस्य,**
**एमाले जिल्ला कमिटी, सर्लाही**
हरिवन र मलंगवामा नहुनु पर्ने दुःखदायी घटनाहरू भए । वर्षौदेखि मिलेर बस्दै आएका सबै जातजाति, भाषाभाषीबीचमा अहिले केही तुषारापात भएको छ । यसलाई सबैको सदासयता र हार्दिकताले मेटाउनु पर्छ ।
**लक्ष्मण राय, उपसभापति,**
**नेपाली काँग्रेस जिल्ला कार्य समिति, सर्लाही**
हरिऔन र मलंगवा घटना अत्यन्तै दुःखदायी भयो । अब आइन्दा कसैले सामाजिक सद्भाव वा जातीय विभेद गर्छ भने त्यस्ता तत्वको विरुद्धमा सबै लाग्नु पर्छ । आफ्नो अधिकार प्राप्त गर्न खोज्दा अर्काको अधिकार हनन् हुन्छ कि हुदैन त्यो पनि सम्बद्ध

पक्षले ध्यान दिनुपर्छ । सामाजिक सदभाव कायम गर्न हामी सबै आ-आफ्नो ठाउँबाट लागि पर्नुपर्छ ।

**जितेन्द्रलाल दास,**
**अध्यक्ष, मधेशी जनअधिकार बुद्धिजिवी फोरम, सर्लाही**
सर्लाहीमा घटेका सबै घटनाहरूमा प्रहरी मुकदर्शक भएर बसेका थिए । हरिऔन र नवलपुरमा भएको घटनामा प्रहरीले कुनै हस्तक्षेप गरेन । अधिकार प्राप्तिका लागी लडेका मधेशी समुदायका जायज मागलाई सरकारले वेवस्ता गर्दै शान्तिपूर्ण रुपमा प्रदर्शन गरेको जनतालाई गोली प्रहार गरी हत्या गरेका छन । सयौंकौ संख्यामा प्रदर्शनकारी घाइते भएका छन् । मृतकका पीडित परिवारलाई क्षतिपूर्ति र पीडित घाइतेलाई उपचार खर्च दिई गोली चलाउनेलाई कारवाही गर्न सरकारले पहल गरोस् ।

**भीमप्रसाद मैनाली, पीडित**
घरमा टीभी हेरेर श्रीमती, छोराछोरीसँग बसिरहेको थिए । ५०/६० जनाको मधेशी समुदायको उतेजित भीड घरभित्र प्रवेश गरि तोडफोड गर्दै कयौ सामानहरू लुटेर लगे । लुगाफाटा थुपारेर आगो लगाईदिए । घर आगो लगाई दिन्छौं भनी धम्काए । मलाई, पत्नी सीता, छोरा सुमन र छोरी स्वयतामाथि कुटपिट र दुर्व्यवहार भयो । बचाउन कोही आएनन् । पहाडी समुदायका घर छानीछानी तोडफोड, आगलागी गरें ।

**शिवराम श्रेष्ठ, स्थानीय प्रत्यक्षदर्शी**
मंलगवामा भएका सबै घटना मधेशी समुदाय (चाहे त्यो फोरमको नाममा होस) ले गरे । पहाडीमुलका घर छानीछानी तोडफोड, आगलागी गराए । यस्तै गतिविधि अब आईन्दा बढी रहयो भने हामी पनि बाध्य भई 'मर्ता क्या नकर्ता' को उक्तिलाई चरितार्थ गरी व्यवहारमा लागू गर्ने छौं । प्रहरी प्रशासनको भुमिका सन्तोषजनक रहेन, निरीह जस्तो देखियो ।

## पीडित पक्षको भनाई

**अब्दुल मिकरानी, मृतकका पिता**
घरबाट खाना खाई जुलुसमा छोरा स्वेच्छाले नै गएको थियो । घुँडा तल गोली हान्नु पर्नेमा छाती, टाउकोमा ताकि-ताकि हान्यो । दिउँसो १:३० बजेतिर मलंगवा नपा-२ मा छोरालाई गोली लागी मृत्यु भएको भनि सुने । गोली हान्ने व्यक्तिलाई चिनी कारवाही गर्नुपर्ने र पीडित परिवारले पाउनु पर्ने क्षतिपुर्ति वापतको रकम सरकारले देओस । क्रिया खर्च वापत जिल्ला प्रशासन कार्यालयले भर्पाईको कागजमा सही

गराई १० हजार दियो । घटनापछि मधेशी फोरमका कुनै व्यक्तिले कुनै सहयोग पनि गरेका छैनन् । छोरो पढ्नमा तेज थियो । एसएलसी पास गरेको थियो । राजनीति गर्नु हुदैन भन्दा बढी चाख दिई हिड्थ्यो, कसलाई दोष दिने । जे हुनु भई गयो ।

**नरेशकुमार राय, मृतकका भाई**

गाउँका अरु मानिस सँगै जुलुसमा दाई हिड्नु भएको थियो । पछि दिउँसो २ बजेतिर सदरमुकाममा गोली चल्यो भन्ने सुनियो । अनि केही समयपछि जिल्ला अस्पतालमा गोली लागेर दाइलाई लगेको छ भनि सुनियो । त्यहाँ केही उपचारपछि भारतको सितामढीमा लगिएको थियो । त्यही दाईको मृत्यु भएको थियो । गोली हानेर मार्ने व्यक्तिलाई चिनेर कारवाही गरी पीडित परिवारले पाउनु पर्ने क्षतिपूर्ति सरकारले दिनु पर्छ । भाउजु हुनुहुन्छ, बच्चाबच्ची छैनन् ।

**रुपेश राय यादव, मृतकका छोरा**

बुबालाई खुँकुरी प्रहार गरि पहाडे समुदायका केही व्यक्तिले हत्या गरें । बुबाको साथमा म पनि थिए । तर म संयोगले वाँचे । बुबालाई मार्ने अपराधी हत्याराको पहिचान गरी कडाभन्दा कडा कार्वाही गर्नु पर्ने र पीडित परिवारले पाउनु पर्ने क्षतिपुर्ति वापतको रकम समेत सरकारले दिनुपर्छ । म पनि गम्भीर घाइते भएको थिएँ । चितवनको मेडिकल कलेजबाट १० दिन उपचार गराएर घर फर्किएको थिए ।

## मधेशी आन्दोलनका क्रममा रौतहटको स्थिति

### घटना विवरण

मधशी जनअधिकार फोरम र नेपाल सद्भावना पार्टीले ०६३ माघ १२ गते गौरमा जुलुस प्रदर्शन गर्ने क्रममा विभिन्न सरकारी कार्यालय र पार्टी कार्यालयहरू तोडफोड गर्नुका साथै माओवादी नेता तथा कार्यकर्ताहरूलाई कुटपिट समेत गरेका थिए ।

आन्दोलनकारीले बिहान ९ बजेगौर नपा-८ मा रहेको वीपीको शालिक तोडफोड गर्नुका साथै जिल्ला अदालत परिसरभित्र रहेको दुईओटा गाडीमा ढुङ्गा प्रहार गरी क्षति पुऱ्याएका थिए । सो समूहले जिल्ला प्रशासन कार्यालय रौतहट, जिल्ला विकास समिति रौतहट, जिल्ला निर्वाचन कार्यालय र गौर भन्सार कार्यालयमा आगजनी गरी ध्वस्त बनाउनुका साथै जिल्ला हुलाक कार्यालय र जिल्ला सिंचाई कार्यालयमा तालाबन्दी समेत गरेको पाइयो । आन्दोलनकारीहरूले विभिन्न सरकारी कार्यालयहरूमा नेपाल सरकार लेखिएको बोडमा मधेशी सरकार लेखेका थिए । आन्दोनलनकारीहरूले एमालेका महासचिव माधवकुमार नेपालको गौर नपा-३ मा

रहेको घर, गौर नपा-८ मा रहेको एमालेको पार्टी कार्यालयमा आगजनी गर्नुका साथै माओवादी निकट मधेशी राष्ट्रिय मुक्ति मोर्चाको कार्यालयमा तोडफोड गरी फर्निचर र कागजपत्र जलाएका थिए । साथै, माओवादी नेता विन्देश्वर राय यादव, लिला साह लगायतका कार्यकर्ताहरूलाई कुटपिट गरेका थिए । त्यसैगरी आन्दोलनकारीले माइती नेपालको कार्यालयमा तोडफोड, लुटपाट र आगजनी समेत गरेका थिए । बिहान वीपीको शालीक तोडफोड गरेपछि फोरमका कार्यकर्तासँग नेपाल ट्रेड युनियन कांग्रेसका जिल्ला अध्यक्ष विन्दा सहनीसँग भनाभन भएको आरोपमा सो दिन दिउँसो सहनीको घर तोडफोड र लुटपाट गरेका थिए । मधेशी जनअधिकार फोरमले सोही दिन एक विज्ञप्ति प्रकाशित गरी वीपीको शालिक र अन्य तोडफोडका घटनामा फोरमका कार्यकर्ताको संलग्नता नरहेको जनाएको थियो ।

मधेशी जनअधिकार फोरमले आह्वान गरेको आन्दोलनको क्रममा माघ १४ गते रौतहटको सदरमुकाम गौरको स्थिती तनावग्रस्त भएपछि स्थानीय प्रशासनले दिउँसो २ बजेदेखि राति ९ बजेसम्मको लागि कर्फयु आदेश जारी गर्‍यो । प्रर्दशनकारीले कर्फ्युको अबज्ञा गर्दै दिउँसो गौर नगरपालिकास्थित कृषि विकास बैंकमा आगजनी गर्नुका साथै सिलिण्डर राखेर आगो लगाउँदा कार्यालयका कागजपत्र र भवन जलाएर ध्वस्त गरेको पाइयो । जिल्ला अदालत, खानेपानी तथा सरसफाई कार्यालयमा समेत ढुङ्गामुढा गरी तोडफोड गरेको पाइयो ।

प्रदर्शनकारीले कृषि विकास बैंकमा गरेको आगजनीबाट फर्निचर, कागजपत्र सहित ना.१.प ९६१, ११७४ र एक नम्बर खुल्न नसकेको मोटरसाइकल गरी तीनओटा मोटरसाइकल जलेर काम नलाग्ने भए । सोही समयमा आन्दोलनकारीले गौर भन्सार कार्यालयमा समेत आगजनी गरेका थिए । कर्फयूकै समयमा प्रदर्शनकारीले सशस्त्र प्रहरी बसेको जिल्ला विकास समितिको कार्यालयमा आक्रमण गर्दा दुवै पक्षबीच झडपमा प्रहरीले गरेको लाठीचार्ज र हवाई फायरबाट करिब २४ जना प्रदर्शनकारी र १२ जना जति प्रहरी घाइते भएका थिए । घाइते हुनेमा निराजन जयसवाल, इस्माल महमद अन्सारी, संजिवकुमार जयसवाल, प्रभु यादव, रामनाथ साह र देबेन्द्र यादव, जयराम रहेका छन् । प्रहरीतर्फ इन्स्पेक्टर मोहम्मद साहवुद्धिन अन्सारी, सई अर्जुन देवकोटा, हवल्दार छविराम नेपाल, जुलुसराय यादव, जुगाराय यादव, गणेश बुर्जा, केशव तिमलसिना, प्रहरी जवान रेलबहादुर घलान, दीपक थापा, रमेश कुशवाहा, शिवशंकर सिंह, युगेश्वर दास, मोहन सिंह, अजय पटेल, सेख मसरुल, मनु आले, रामकुमार सार्की, कमल खड्का र यमबहादुर लुंगेली समेत गरी १९ जना घाइते भएको पाइयो । घाइतेहरूको उपचार स्थानीय गौर अस्पताल र नीजि स्वास्थ्य केन्द्रमा भएको थियो ।

मानवअधिकार सन्धि अनुगमन समन्वय समितिद्वारा धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सामा मधेशी जनअधिकार फोरमको अगुवाईमा ०६३ माघ २ गतेदेखि माघ २५ गतेसम्म भएको मधेशी आन्दोलनका क्रममा भएको ज्यादती सम्बन्धी विस्तृत अध्ययन प्रतिवेदन ०६३ ।

त्यसैगरी मधेशी जनअधिकार फोरमले आयोजना गरेको आन्दोलनको क्रममा शाही नगर निर्वाचनका निर्वाचित मेयर अजय गुप्ताका काका तथा शाही शासनकालमा प्रत्यक्ष सहयोगी गौर नपा-९ का रामकृष्ण गुप्ताले ०६३ माघ १४ गते साँझ मोवाइल नं ९८४५०३५११८ बाट फोन गरी रौतहटका कान्तिपुर समाचारदाता शिव पुरीलाई कान्तिपुरमा आन्दोलनको समाचार प्रशारण नगरेको भन्दै ज्यान मार्ने धम्की दिएका थिए ।

आन्दोलनको क्रममा हिंसा भड्किँदै गएपछि स्थानीय प्रशासनले ०६३ माघ १५ गते बिहान ९ बजेदेखी बेलुका ७ बजेसम्मको लागि कर्फयू आदेश जारी गरेको पाइयो । आगजनी र तोडफोडका घटनामा वृद्धि हुँदै गएपछि प्रसाशनले कर्फयू आदेश जारी गरेता पनि सो दिन कर्फयू तोडदै गौरमा शान्तिपूर्ण प्रर्दशन भएको थियो ।

मधेशी जनअधिकार फोरमले ०६३ माघ १६ गते आयोजना गरेको गरुडा बजारदेखि चन्द्रनिगाहपुरसम्म मोटरसाइकल ऱ्यालीमा आएका प्रदर्शनकारीले चन्द्रनिगाहपुरमा काठमाण्डौबाट सिन्धुलीतर्फ गइरहेको सिद्बबाबा ट्राभल्स र जलेश्वरतर्फ गइरहेको एक मिनिबसमाथि ढुङ्गामुढा गरेका थिए । त्यस घटनालाई लिएर त्यहाँ रहेका गैर मधेशी समुदायका युवा, बसका यात्रीहरूले आन्दोलनकारी फोरमका कार्यकर्ताहरूलाई आक्रमण गरी दुइओटा मोटरसाइकलमा आगजनी गर्नुका साथै जुलुशमा सहभागी भएकाहरूलाई कुटपिट गरी हृदयनारायण साहलाई घाइते पारे । त्यस घटनापछि फर्केर गएका प्रर्दशनकारीहरुले चन्द्रनिगाहपुर-गौर सडक खण्डमा पर्ने डुमरिया गाविस २ वस्तीपुरटोलमा वेणिप्रसाद पोखरेल र नारायण पोखरेलको घरमा आगजनी गरी करिक १० लाख बराबरको घनमालमा क्षति पुऱ्याएका थिए । त्यसदिन स्थितिलाई नियन्त्रणमा लिन स्थानीय प्रशासनले चन्द्रनिगाहपुर, सन्तपुर र डुमरिया गाविसको सम्पूर्ण भागमा दिउँसो ४ कजेदेखि राती ७ बजेसम्मको लागि कफर्यू आदेश जारी गरेको पाइयो ।

रौतहटमा बढ्दै गएको अशान्ति र हिंसालाई रोक्न आठ  दलले ०६३ माघ १७ गते जिल्ला सदरमुकाम गौरमा सद्भाव ऱ्यालीमा निकालेका थिए । मधेशी आन्दोलनमा राजावादीहरूको घुसपैठ भएको भन्दै माओवादीका कार्यकर्ताहरूले गौर नपाका पूर्व नगर प्रमुख अजय गुप्ता सहित १७ जनालाई कुटपिट गरेका थिए । कुटपिटबाट पूर्व नगर प्रमुख अजय गुप्ता, नगर प्रमुखका उम्मेदवार बाबुलाल साह लगायत हेमचन्द्र झा, रामप्रसाद कुसवाहा, प्रभु वैठा, रामआसिस सहनी, राजेन्द्र तिवारी, बैजु महतो, अलिअख्तर मन्सुरी, विकास यादव, श्याम सिंह, राजु झा, उधोवप्रसाद यादव,

कृष्णनन्दन राय यादव, रामप्रवेश महतो, नसिव कल्या, शंकरप्रसाद गुप्ता, सञ्जय मुखिया, जयराम केसरी, रामदयाल राय यादवलाई कुटपिट गरी घाइते भएको अध्ययनको क्रममा पाइयो । घाइतेमध्ये हेमचन्द्र झाको हात र राजु झाको देब्रेहातको दुईओटा औंला भाँचिएको पाइयो ।

माघ १६ गते चन्द्रनिगाहपुरमा पहाडी समुदायका व्यक्तिहरुबाट फोरमका कार्यकर्तालाई कुटपिट गरेको भनी माघ १७ गते फोरमको जुलुशले पहाडी समुदायको सखुअवा धमौरा गाविस र डुमरिया गाविसमा रहेको दुइओटा चिरान मिलमा आगजनी गर्नुका साथै डुमरिया मटिऔन गाविस २ मा रहेको पहाडी समुदायको तीन ओटा घरमा आगजनी गर्नुका साथै १६ ओटा घर पूर्ण रुपमा लुटपाट गरेका थिए । उनीहरुले डुमरिया चोकमा सुरक्षार्थ बसका जनपथ प्रहरीलाई कुटपिट गरी दुईओटा राइफल समेत लुटेर लगेकोमा एकथान राइफल फेला परेको र एकथान हालसम्म पनि फेला नपरेको अध्ययनको क्रममा पाइयो ।

फोरमको सो जुलुश चन्द्रनिगाहपुर गाविस नजिक आइपुगेपछि संगठित भएर वसेका पहाडी समुदायका युवाहरू र सशस्त्र प्रहरीले प्रतिकार गरी भगाएका थिए । प्रतिकार गर्ने क्रममा सशस्त्र प्रहरीको लाठी प्रहारबाट घाइते भएका फोरमका जिल्ला अध्यक्ष अमरराय यादवलाई स्थानीय बासिन्दाले पक्राउ गरी इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा बुझाएका थिए । सो घटना भएको थाहापाएपछि चन्द्रनिगाहपुरका पहाडी समुदायका व्यक्तिहरुले चन्द्रनिगाहपुरमा रहेको मधेशी समुदायका मगर साहको मिल, मुखलाल साहको मिठाई पसल, महेन्द्र जयसवालको पिसिओ पसलमा रहेका फर्निचरहरू आगजनी गर्नुका साथै सुनिलकुमार जयसवालको चामल मिलमा तोडफोड र केही मधेशी समुदायको घरमा ढुङ्गामुढा गरी क्षति पुऱ्याएका थिए ।

## घटना सम्वन्धमा सरोकारवालाको भनाई जस्ताको तस्तै

### नन्दकिसोर साह, अध्यक्ष मधेशी युवा फोरम

सरकारले मधेशी जनअधिकार फोरमले अघि सारेको मागलाई वेवास्ता गर्दै दमनमा उत्रिएको छ । सरकारले आन्दोलन दवाउन प्रहरी परिचालन गरी आन्दोलनकारीमाथि गोली प्रहार गरेको छ । यस आन्दोलनमा ३८ जना भन्दा बढी सहिद भएका छन् तर सरकारले अझै सहिद घोषणा गरेको छैन । माओवादीले यस आन्दोलनलाई दबाउने कोसिस गरिरहेको छ । अब यो आन्दोलन माओवादी र फोरमबीचको लडाईमा परिणत भएको छ । सरकारले हाम्रो माग पुरा गरेन भने अझ शसक्त आन्दोलन गर्ने छौं । रौतहटको गौरमा भएको तोडफोड र आगजनीमा फोरमको कुनै संलग्नता छैन

। यसमा सरकार र माओवादीको घुसपैठ भएको छ । अहिले पनि माओवादीले फोरमका कार्यकर्ताहरूलाई कुटपिट गरिरहेका छन् ।

**अजय गुप्ता, पूर्व नगर प्रमुख, घाइते**
हामीलाई राजावादी भनेर माओवादीले कुटपिट गरे । हामी राजावादी हाइनौ । मधेशीको आन्दोलन दबाउन हामीमाथि कुटपिट गरिएको हो । कुटपिटबाट घाइते भएकाहरूलाई राज्य तथा कुनै पनि संघ संस्थाले सहयोग गरेका छैनन् । म आफैंले पटनामा गएर उपचार गरें । माओवादीले कुटपिट गरेका गौर नपा-९ का ६५ वर्षीय रामदयालराय यादव को उपचारको क्रममा फागुन २० गते मृत्यु समेत भएको छ । उनलाई आन्दोलनको सहिद घोषणा गरिनुपर्छ ।

**अमर साह, नगर इन्चार्ज, नेकपा माओवादी**
मधेशी आन्दोलनको नाममा पार्टी कार्यालयहरू तोडफोड र आगजनी गर्ने, सरकारी कार्यालयहरूमा लुटपाट र आगजनी गर्ने क्रम बढेपछि आठ दलले संयुक्त रुपमा जुलुश निकाल्ने क्रममा त्यो जुलुशमा राजावादीहरूले घुसपैठ गरी ढुङ्गामुढा गर्न थाले । हाम्रा कार्यकर्ताहरू लिला साह, प्रमोद, अनिल लगायतलाई कुटपिट गरे । रक्सी खाएर एक सयजना भन्दा बढी व्यक्तिहरू हामी बसेको डेरामा आएर गाली गलौज गर्नथालेपछि हामीले प्रतिकार गरेका हौं । प्रतिकार गर्दा केही राजावादीहरूले कुटाई खाए । हामीले राजावादीलाई प्रतिकार नगरेको भए जिल्लामा अरु विध्वंस हुने थियो ।

**माधवप्रसाद ओझा, प्रमुख जिल्ला अधिकारी, रौतहट**
माघ २ गतेदेखि शुरु भएको मधेशी आन्दोलन शुरुमा शान्तिपूर्ण रुपमा सञ्चालन भएको थियो । माघ १२ गते एक्कासी आन्दोलनले हिंसात्मक रुप लिएपछि हामीले स्थिति नियन्त्रण गर्ने सकेसम्म कोशिस गऱ्यौ । कार्यालयहरूमा आगजनी गर्ने क्रम तीव्र भए पनि मानवअधिकारको सम्मान गर्दै प्रशासनको तर्फबाट बल प्रयोग गरिएन । सशस्त्र प्रहरीमाथि नै बम र गोली प्रहार हुन थालेपछि अश्रुग्याँस र लाठी प्रहार गरी भिड तितरबितर पारिएको मात्र हो । त्यसमा थुप्रै प्रहरी  घाइते भएका छन् ।

**कुवेर कडायत, प्रहरी नायव उपरीक्षक, रौतहट**
मधेशी फोरमले सञ्चालन गरेको आन्दोलन शुरुमा शान्तिपूर्ण थियो । आन्दोलनले हिंसात्मक रुप लिन्छ जस्तो लागेको थिएन । फोरमले पनि शान्तिपूर्ण आन्दोलन हुन्छ भन्ने विश्वास दिलाएको थियो । माघ १२ गते एक्कासी आन्दोलनले हिंसात्मक रुप लियो । जिल्लाभरि प्रहरी चौकीहरू पुर्नस्थापना भएकाले हामीसँग प्रहरी फोर्स पनि

कम थियो, एकातिर हिंसा भडकिएपछि प्रहरी त्यहाँ पुग्दा अर्को ठाँउमा आगजनी भइसकेको हुन्थ्यो । हामीले सकेसम्म क्षति कम होस् भन्ने प्रयास गर्‍यौं । आन्दोलनकारीले प्रहरीलाई लक्षित गरी सुतली बम र गोली फायरिंग गरे पनि हामीले संयम अपनाएका कारण कुनै पनि मानविय क्षति हुन पाएन, त्यही नै ठूलो उपलब्धि हो । नेपाल प्रहरीको बन्दुक आन्दोलनकारीले लुटेर लैंजादा पनि प्रहरीले कही पनि बल प्रयोग गरी मानव अधिकारको उल्लघंन गरेको छैन ।

**राजु झा, घाइते, गौर नपा-५**

म गंगरा पिपरा गाविसको प्राविधिक सहायक हुँ । म माघ १७ गते आफनै घरमा बसिरहेको थिएँ, माओवादीले केही मानिसहरूलाई कुटपिट गर्दै थिए । उनीहरू एक्कासी मेरो घरभित्र प्रवेश गरी मलाई समेत कुटपिट गर्न थाले । कुटपिटबाट मेरो दब्रे हातको दुई ओटा औंला भाँचियो । मेरो सुनको सिक्री समेत माओवादीले लुटेर लगे । उपचारमा कसैले सहयोग गरेको छैन ।

**जयराम केसरी, घाइते, गौर नपा-९**

म गौर नपामा पियन पदमा काम गर्छु । माघ १३ गते म कार्यालयको कामले नगरपालिकाको गेटमा बसिरहेको थिएँ । एक्कासी सशस्त्र प्रहरीले मलाई कुटपिट गर्न थाल्यो । कुटपिटबाट मेरो हातमा सात ओटा टाँका लगाउनु पर्‍यो । उपचारमा कसैले पनि सहयोग गरेको छैन ।

**हेमचन्द्र झा, घाइते, वाग्मती सिंचाई आयोजना, गौर नपा -५**

माघ १७ गते आठ दलको सदभाव जुलुश निस्किएको थियो । म आफनो घरअगाडि उभिएको समयमा माओवादीले मलाई एक्कासी कुटपिट गरे । म सरकारी कर्मचारी भएकाले कुनै पनि आन्दोलनमा सहभागी थिइन । मेरो दाँया हात भाचिदिए । टाउकोमा १० ओटा टाँका लगाएको छु । उपचारमा कसैले सहयोग गरेको छैन ।

**वेणिप्रसाद पोखरेल, पीडित, डुमरिया-२**

हामी घरमा बसिरहेको अवस्थामा माघ १६ गते साँझ ५ बजेको समयमा २ ओटा मोटरसाइकलमा चन्द्रनिगाहपुरबाट आएका व्यक्तिले घरभित्र प्रवेश गरी आगो लगाएर हिंडे । आगलागीबाट दुईओटा घरका सम्पूर्ण सामानहरू जलेर करिब १० लाख बराबरको क्षति भएको छ । मेरो पाँच जनाको परिवार छ । स्थानीय संघ संस्था र व्यक्तिहरूले सहयोग गरेर खाइरहेका छौं । सरकारले कुनै सहयोग गरेको छैन ।

**मित्रप्रसाद पोखरेल, पीडित, डुमरिया-२**

मधेशी जनअधिकार फोरमले माघ १७ गते चन्द्रनिगाहपुरमा जुलुश लिएर आउने क्रममा हाम्रो टोलमा आइपुगेपछि फोरमका कार्यकर्ताहरू पहाडे समुदायको घरमा प्रवेश गरी लुटपाट गर्न थाले । उनीहरूले हाम्रो टोलको २ ओटा घरमा अघिल्लो दिन आगजनी गरेकाले हामी डरले खेततर्फ भाग्यौं । उनीहरूले १७  घरका सम्पूर्ण सामानहरू लुटपाट गरे अनि तीनओटा घरमा आगजनी गरेर ध्वस्त पारे । घरको खसी, भैसी समेत लुटेर लगे । हामी आफनो ठाउँबाट विस्थापित भएर पाँच दिनसम्म चन्द्रनिगाहपुरमा बस्यौं । मेरो घरमा ११ जनाको परिवार छ । हामीलाई स्थानीय मानवअधिकारवादी संघ संस्था र व्यक्तिहरूले सहयोग गरी खाना खुवाएका थिए । अहिले त्यो पनि रोकिएको छ । हामीलाई सरकारले अहिलेसम्म कुनै सहयोग गरेको छैन । आगजनी र लुटपाटबाट १९ परिवारको करिव १ करोड बराबरको क्षति भएको छ ।

## मधेशी आन्दोलनका क्रममा बाराको स्थिति

### घटना विवरण

बाराको सदरमुकाम कलैयामा २०६३ माघ १२ गते मधेशी जनअधिकार फोरमका कार्यकर्ताहरूले नारा जुलुस गर्दै सशस्त्र प्रहरी रहेको जिल्ला विकास समितिमा पुगी ढुंगामुढा गर्न थालेपछि सशस्त्र प्रहरीले अश्रुग्यास र हवाई फायर गर्दा भिड तितरबितर नभएकाले प्रहरीले चलाएको रबर गोलीले एक जना सामान्य घाइते भएका थिए । माघ १३ गतेका दिन आन्दोलनकारीले नारा जुलुस सहित कलैया नपा-४ स्थित महाकवि लक्ष्मीप्रसाद देवकोटाको सालिक तोड गरेका थिए । सोही भिडले कलैया नपा-६ भरतचोकस्थित भरतबहादुर श्रेष्ठको सालिक र घण्टाघर कम्पाउण्डभित्र रहेको अनावरण हुन बाँकी  रहेको शहिदहरू (गंगालाल, धर्मभक्त, शुक्रराज, दशरथचन्द) को सालिक समेत तोडफोड गरेका थिए ।

सो भिड अनियन्त्रित भएपछि राष्ट्रिय बाणिज्य वैंक सुरक्षार्थ बसेका सशस्त्र प्रहरीले एक सय राउण्ड भन्दा बढी हवाई फायर गरेको थियो । भिड नियन्त्रण भन्दा बाहिर गएकाले सशस्त्रले दिउँसो करिब ३ बजे  गोली चलाउन सुरु गरेको थियो । सो क्रममा गोली लागी कलैया नपा-८ निवासी २५ वर्षीय सेख असरफ भन्ने अव्दुल असरफको नाकको डाँडीमा गोली लागी मृत्यु भएको थियो । अरु घाइतेको कलैया अस्पतालमा उपचार हुन नसक्ने भनिए अस्पतालको गाडीमा बीरगंज लान खोज्दा चालक नभएको भने पछि सो भिडले जिप आगो लगाएको थियो । साथै नेपाल क्षयरोग निवारण संस्थाको एम्वुलेन्स पनि बिग्रेको थाहा पाएपछि उक्त एम्वुलेन्समा समेत पनि आगजनी गरेका थिए । आगो निभाउन आएको कलैया नगरपालिकाको दमकल तोडफोड गरेका थिए ।

माघ १४ गते अव्दुल असरफको दाहसंस्कार गरी फर्केको करिव १५ हजारको भिडले आक्रोशित नारा लगाउदै फर्कने क्रममा कलैया ४ स्थित देवकोटा चौकमा दिउँसो करिव ५ वजेतिर सशस्त्र प्रहरी र आन्दोलनकारीबीच दोहोरो ढुंगा हानाहान पछि प्रहरीले अश्रुग्यास र केही राउण्ड हवाई फायर गरेको थियो । भिड अनियन्त्रित भएपछि गोली चलाउँदा फेटा-१ जगतपुरका मजिर महमद मन्सुरलाई पेटमा गोली लागी मृत्यु भयो भने गोली लागेकालागेकाहरूलाई नारायणी उपक्षेत्रीय अस्पताल बीरगंज लगिएकोमा केहीलाई हेलिकप्टरबाट काठमाण्डौंमा र बाँकीलाई बीरगंज र कलैया अस्पतालमा उपचार गरिएको थियो ।

उक्त घटनामा आन्दोलनकारीले काँग्रेस प्रजातान्त्रिक, जिल्ला भू-संरक्षण कार्यालय, भूमिसुधार कार्यालय, नापी शाखा र नेकपा एमालेको पार्टी कार्यालयको फर्निचर र कागजात आगजनी गर्नुका साथै भवनमा समेत आगो लगाएका थिए । सो दिन आन्दोलनकारीले प्रहरीको १ थान बन्दुक र १ सय ५० राउण्ड गोली र तीनओटा म्यागजीन लुटेर लगेका थिए । आन्दोलनकारीले बन्दुक नापी कार्यालय अगाडि जलाएका थिए । गोली र म्यागजीन हाल सम्मपनि फिर्ता नगरेको जिल्ला प्रहरी कार्यालय बाराले जनायो ।

सो घटनापछि बाराका आठ दलका केही नेता, पत्रकारहरूलाई फोनमा धम्की आएपछि माघ १५ गते कान्तिपुरका बारा सम्वाददाता शंकर आचार्य, बीरगंज एफएमका कलैया सम्वाददाता पवन यादव, नागरिक समाज बाराका संयोजक रामकृष्ण काफ्ले सदरमुकामबाट विस्थापित भएका थिए । फोरमले निजहरूलाई धम्की नदिएको जनायो । स्थानीय प्रशासनले माघ १४ गते पछि पनि लगातार कर्फ्यु लागीरहेकोमा माघ १५ गते देखि बारा जिल्लाको सदरमुकाममा कुनै अप्रिय घटना भएन । माघ १६ गते राती ७ बजेतिर नेकपा माओवादीका कार्यकर्ता र मधेशी जनअधिकार फोरमका कार्यकर्ताबीच जितपुरमा गाडि चलाएको विषयमा झडप भएको थियो । सो झडपमा माओवादी तर्फ एकजना र फोरम तर्फका १५ जना सामान्य घाइते भएका थिए ।

## घटना सम्वन्धमा सरोकारवालाको भनाई

**मृतक सेख असरफ भन्ने अव्दुल असरफको पत्नी शोभा राजवंशी, कलैया नपा-८ -** मेरो पति आन्दोलनमा जानु भएको हो । आन्दोलनको क्रममा प्रहरिले ज्यादती गरी गोली हानी हत्या गरेको हो । उनीहरूले खुट्टातिर नहानी हत्या गर्ने उद्देश्यले नै गोली

चलाएका हुन् । दोषीलाई कारवाही गर्नुपर्छ । साथै मेरा यी एक छोरा र एक छोरी नावालक वच्चाहरूको नाममा क्षतिपूर्ति पाउनु पर्छ ।

**मृतक सेख असरफ भन्ने अव्दुल असरफका वुवा अव्दुल मदिन कलैया नपा-८ -**
मेरो छोरालाई यथाशिघ्र सहिद घोषणा गर्नुपर्छ । सरकारले तत्काल क्षतिपुर्ति दिनुपर्छ ।

**मृतक मजिर महमद मन्सुरका पिता सरिफ मिया फेटा-१ -**
मेरो छोरा मधेशीको हितका लागी आन्दोलनमा लागेको हो । हत्या गर्नेलाई कारबाही गर्नुपर्छ । उसलाई सहिद घोषणा गरि  क्षतिपूर्ति पाउनुपर्छ ।

**घाइते सुरेन्द्र कुशवाहा उत्तर झिटकैया**
म आन्दोलनको जुलुसमा गएको थिएँ । हामी शान्तिपुर्ण जुलुस गर्दै थियौ । हामी संयमित नै थियो तर पनि प्रहरीले गोली चलाउन थाल्यो । गोली चलाउनुअघि लाठी चार्ज गरेन । अश्रुग्याँस चलाएको थियो । हवाई फायर गरेको हो । त्यसैबेला प्रहरीले अन्धाधुन्ध गोली चलायो । गोली मेरो देव्रे घुडाँमा लाग्यो । मलाई उपचारको लागि वीरगंज  र पछि काठमाडौं लगियो । मलाई औषधी खर्च मधेशी विद्यार्थीहरूले दिए । सरकारकोतर्फबाट मेरो कुरुवालाई दैनिक एक सय ५० का दरले पैसा दिइएको थियो । अव घरमा काम गर्ने म मात्र हुँ । मले घाउ निको निहुन्जेल उपचार खर्चका लगायत पूर्ण अवधिको क्षतिपूर्ति पाउनु पर्छ ।

**घाइते जितेन्द्र यादवका वुवा हुलासप्रसाद यादव,  सित्तलपुर**
मेरो छोरा उपचार वीर अस्पतालमा भएको छ । आन्दोलनको समर्थनमा छोरा जुलुशमा गएको हो । उसलाई प्रहरीले कोखा र दाहिने हातको नाडीमा गोली हानेको थियो । उसको उपचार खर्च पूर्ण रुपले पाउनु पर्छ । घाइतेले पाउनु पर्ने सम्मान पाउनु पर्छ । उपचार खर्च र क्षतिपुर्ति पाउनु पर्ने मेरो माग रहेको छ । कमाउने छोरा नै घाइते भएकोले घरको आर्थिक अवस्था कमजोर हुदै गएको छ । उसकै पत्नी र ३ छोरा कै खर्च धान्न हामीलाई गाह्रो परिरहेको छ ।

**प्रमुख जिल्ला अधिकारी भोलाप्रसाद शिवाकोटी**
जिल्लाको शान्ति सुरक्षा कायम गराउनु हाम्रो कर्तव्य हो । हामीले कार्यालयहरू आगजनी हुँदा सालिकहरू तोडिदा, अस्पतालको गाडी, एम्वुलेन्सहरू आगजनए हुँदासम्म संयमता अपनाउनुसम्म अपनाइएको हो । १३ गते राष्ट्रिय वाणिज्य बैंक नै लुटिने स्थिति भएपछि हामीले अश्रुग्याँस, हवाई फायर आदि गर्दा पनि भिड

नियन्त्रणमा आउन नसकेको अवस्थामा वाध्य भई सामान्य वल प्रयोग गर्दा पनि मानवीय क्षति हुन गएकोमा हामी दुखी छौं । माघ १४ गते त्यत्ति कडा नगर्दा नगर्दै पनि पार्टी कार्यालयहरू आगजनी हुन थाले । प्रहरीहरू अनियन्त्रित भिडकोबीचमा परेको र प्रहरीलाई नै मार्न खोज्ने हतियार खोस्न लागे पछि प्रसाशनले सामान्य वल प्रयोग गर्दा दुखद घटना हुन गएको हो ।

**प्रहरी उपरीक्षक मधु पुडासैनी, बारा**

कर्फ्युको समयमा कर्फ्यु उलंघन गरेर ड्युटीमा रहेका प्रहरीलाई घेरामा पारी ढुङ्गामुढा र रडले हिर्काउने आन्दोलनकारीको तर्फबाट गोली समेत चलेको अवस्थामा प्रहरीले स्थानीय प्रशासनको आदेशमा स्थिति नियन्त्रणमा लिनको लागी कानुन वमोजिमको न्युनतम बल प्रयोग गरिएका हो ।

**सशस्त्र प्रहरी बल भद्रकाली गण पिलुवा बाराका नायव उपरीक्षक धर्मानन्द सापकोटा**

शान्तिपुर्ण जुलुसलाई हामीले सहयोग गर्ने दायित्व रहेकोमा लाठी र भाला लिएर जुलुस उश्रृंखल र उत्तेजक भएको र नोक्सानीका घटनाहरू भए । जनधनको नोक्सानी हुन लागेपछि बाध्य भएर स्थानीय प्रशासनले बाध्य भई सामान्य बल प्रयोग गर्दा घटना भए ।

**प्रत्यक्षदर्शी लुकेश सिंह कलैया नपा**

माघ १३ गते भरतचौकमा प्रदर्शनकारीहरूले सालिकहरू तोडफोड गरेपछि पनि जुलुस एकजुट नै रहेको थियो । त्यसबेला जुलुसलाई तितरवितर गर्न प्रहरीले अश्रृग्याँस धेरै नै चलायो अनि हवाई फायर गर्ना साथ गोली चलाई हाल्यो र मानिस मारिए । मानिसहरूलाई गोली लाग्ना साथ भिड भरतचौकबाट अस्पतालतर्फ गयो । त्यहाँ रहेको जिप र एम्वुलेन्सले विरामी ओसार्न भन्दा चालक छैन र विग्रेको छ भन्नासाथ हुलले उक्त जिप र एम्वुलेन्समा आगो लगाई दिएका थिए । भीडले नगरपालिकामा समेत गएर तोडफोड गरेको थियो । माघ १४ गते असरफलाई सदगद् गरेर फर्कदा उत्तेजक नारा लगाउदै आएका थिए । देवकोटा चौकमा प्रहरीसँग मुठभेड भयो, ढुंगा हानाहान भयो । प्रहरी कम थिए भीड बढी थियो । प्रहरीले अश्रुग्याँस र हवाई फायरपछि गोली चलाउन थाल्यो । पेटमा गोली लागी फेटाका मजिर महम्मद मंसुरको घटनास्थल मै मृत्यु भयो भने अरु गोली लागी घाइते भए । घाइतेहरूलाई अस्पताल लिएर गइयो । भिडले गएर नेपाली काँग्रेस प्रजातान्त्रिकको कार्यालय र नेकपा एमाले पार्टी कार्यालयमा आगजनी गरेको हो ।

## मधेशी आन्दोलनका क्रममा पर्साको स्थिति

मानवअधिकार सन्धि अनुगमन समन्वय समितिद्वारा धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सामा मधेशी जनअधिकार फोरमको अगुवाईमा ०६३ माघ २ गतेदेखि माघ २५ गतेसम्म भएको मधेशी आन्दोलनका क्रममा भएको ज्यादती सम्बन्धी विस्तृत अध्ययन प्रतिवेदन ०६३ ।

**घटना विवरण**
मधेशी जनअधिकार फोरमले २०६३ साल माघ २ गतेदेखि पर्सा जिल्लामा आमअड्तालको घोषणा गरी आन्दोलन सञ्चालन गरेको थियो । यस आन्दोलनमा भारतको रजौरीया घर भई वीरगञ्ज उप-महानगरपालिका-१२ रानीघाटमा डेरागरी बस्ने ५० वर्षीय महावीरप्रसाद साहलाई २०६३ माघ १३ गते प्रहरीले कर्फ्यू उल्लघंन गरी रिक्सा चलाएको भनी रानीघाटमा गरेको कुटपिट गरे । कुटपिटबाट नै उनको ०६३ माघ १४ गते राती ४ बजे डेरामा मृत्यु भएको थियो । नारायणी उपक्षेत्रीय अस्पतालमा गरीएको पोस्टमार्टम रिपोर्ट अनुसार पीडितको टाउकोमा लागेको चोटबाट मृत्यु भएको जनाइएको छ ।

झौवागुठी गाविस-९ मथवल निवासी ३५ वर्षीय दिपेन्द्र साहलाई ०६३ माघ २० गते सशस्त्र प्रहरीले आन्दोलनका क्रममा पदमरोडस्थित पशु चिकित्सालय नजिक गोली प्रहार गर्दा पेटमा गोली लागि उपचारार्थ अस्पताल लैजादैं गर्दा बाटैमा मृत्यु भएको थियो ।

आन्दोलनको क्रममा ०६३ माघ ८ गते  फोरमका कार्यकर्ताहरूले घण्टाघरबाट सुरु गरेको जुलुसले होटेल मकालु र महालक्ष्मी फाइनान्समा ढुङ्गामुढा गर्दै आर्दशनगरस्थित पुरानो बसपार्कअगाडि रहेको राष्ट्रिय वाणिज्य वैंक क्षेत्रीय कार्यालयको मूल गेट तोड्ने प्रयास गरी भित्र पस्न खोज्दा प्रहरीले लाठीचार्ज गरेको थियो । यस घटनामा मधेशी विद्यार्थी फ्रण्टका बद्री झा टाउको फुटी घाइते भएका थिए । प्रहरीले फोरम पर्साका अध्यक्ष शसीकपूर मिया सहित राकेश पटेललाई पक्राउ गरी दुई घण्टासम्म जिल्ला प्रहरी कार्यालयमा राखेर छोडेको थियो ।

फोरमका कार्यकर्ताहरूले ०६३ माघ ९ गते बेलुका ५ वजे बसपार्कमा पुगी त्यहाँ पार्किङ गरिराखेका ना.२ ख ८९१३ नं को पेट्रोल टयाङ्कर र ना.१ ख ५३१ नं. को टेम्पो तोडफोड गरेपछि यातायात मजदुरहरू र फोरमका कार्यकताबीच दोहोरो भिडन्त भएको थियो । सो भिडन्तमा यातायात मजदूरहरूले मधेशी युवा फोरमका केन्द्रीय अध्यक्ष जितेन्द्र सोनल र विद्यार्थी फ्रण्ट ठाकुरराम वहुमुखी क्याम्पस इकाइका अध्यक्ष ओमप्रकास कुसवाहलाई कुटपिट गरी प्रहरीको जिम्मा लगाएका थिए । प्रहरीले उनीहरुलाई जिल्ला प्रहरी कार्यालयमा पुर्‍याएर छोडिदिएको थियो ।

फोरमले ०६३ माघ ११ गते बीरगंज भंसार गेटमा तालाबन्दी गरेको थियो । तालालगाएर फर्केको जुलुश घण्टाघरतर्फ फर्किरहेको बेला विर्ता चोकमा पहाडे

समुदायका केही युवाहरूले जुलुशमाथि ढुङ्गा प्रहार गरेपछि जुलुश छिन्न भिन्न भएको थियो । पुन एकत्रित भएको जुलुश श्रीराम हल अगाडी खसी काट्न बनाइएका टहराहरू भत्काई त्यहाँ रहेका भाटाहरू सहित उत्तरतर्फ बढी विर्तास्थित पुर्वमन्त्री राजिव पराजुलीको घर ना ४ प ७६६५, ना ४ प २३८२ नम्बरका मोटरसाइकल तोडफोड गरेका थिए । यसरी नै सुमन श्रेष्ठको घरभित्र पाङ्किक गरी राखेको ना १ च ६७३५ नम्बरको मारुती भ्यान र सुनिल मानन्धरको घरभित्र रहेको ना ५ प ३८१८ नम्बरको मोटरसाइकल उक्त जुलुशले तोडफोड गरेको थियो । तोडफोड गरी अगाडि बढेको जुलुशले घण्टाघरस्थित रेडक्रस भवन युवा स्पोर्टस क्लबमा ढुंगा प्रहार गरी अंकुश दैनिकको कार्यालय अगाडि रहेको देशकी आवाज दैनिक पत्रिकाको ना ४ प ३१९९ नम्बरको मोटरसाइकल तोडफोड गरेको थिए । त्यसैगरी घण्टाघर बसपार्क लिंगरोडमा रहेका शिवा अस्पताल, होटल हिरा प्लाजा, कुमु प्यालेस, कान्तिपुर डेन्टल अस्पताल, होटल इन्द्रेणी, होटल आर्शिवाद, शाह होटल, होटल प्याराडाइज र बसपार्कमा पाकिङ्ग गरी राखेका दुईओटा बसमा ढुङ्गा प्रहार गरी तोडफोड गरेका थिए । सो क्रममा प्रहरीले घण्टाघर र बसपार्कमा ६-६ राउण्ड अश्रुग्याँस प्रहार गरेको थियो । स्थानीय प्रशासनले दिउँसो १ बजेदेखि राती ८ बजेसम्मका लागि बीरगंज उमनपाका सम्पूर्ण क्षेत्र र सिर्सिया खल्बाटोल तथा रामगढवा गाविसमा कर्फयु आदेश जारी गरेको थियो ।

स्थानीय प्रशासनले ०६३ माघ १२ गते बिहान ८ बजेदेखि बेलुकी ९ बजेसम्मको लागि बीरगंज उमनपाका सम्पुर्ण क्षेत्रहरू, सिर्सिया र रामगढवा गाविसमा कर्फ्यु आदेश गरेको भएतापनि फोरमका कार्यकर्ताहरूले कर्फ्युको अवज्ञा गर्दै बीउनमनपा-१८ प्रतिमाचोक, बीरगंज उपमनपा-१९ नगवा, छपकैया, बसपार्क, रानीघाट, गहवा र पिप्रामा प्रर्दशनहरू भएका थिए । फोरमका कार्यकर्ताहरूले नगवास्थित अस्थायी प्रहरी चेकपोष्टमा प्रहरीसँग रहेको थ्रि नट थ्रि राइफल खोस्ने क्रममा भाँचिएको थियो । त्यहाँ प्रहरीसँग दोहोरो भिडन्त हुँदा प्रहरीले अँश्रुग्यास, ६ राउण्ड हवाइफायर र लाठीचार्ज गरेको थियो । त्यसमा स्थानीय दिनेश साह र काशी मुखिया सामान्य घाइते भए भने फोरमका कार्यकर्ताहरूको ढुङ्गामुढाबाट प्रहरीतर्फ प्रहरी निरीक्षक ईश्वर कार्की, असई विष्णु थापा, हवल्दार सिद्धबहादुर श्रेष्ठ, जवान चुनबहादुर थापा मगर घाइते भए । प्रदर्शनकारीहरूले नगवा प्रहरी अस्थायी चेकपोष्ट आगजनी गरेका थिए ।

स्थानीय प्रशासनले ०६३ माघ १३ गते पनि बिहानैदेखि कर्फ्यु आदेश जारी गरेको थियो । सो दिन नेपाल सद्भावना पार्टी मण्डलका पर्सा जिल्ला अध्यक्ष छोटेलाल साहको नेतृत्वमा गएको जुलुशले रामगढवास्थित एमालेको पार्टी कार्यालय र पार्टी

कार्यालय परिसरमा रहेको पूर्व प्रधानमन्त्री स्व.मनमोहन अधिकारीको सालिक तोडफोड गरेको थियो । यसरी नै फोरमका कार्यकर्ताहरूले रानीघाटक अस्थायी प्रहरी चौकीमा आगजनी गरेका थिए । कर्फ्युको समयमा प्रर्दशन हुने क्रममा प्रहरीले प्रिपा, नगवा र वसपार्कमा दर्जनौ सेल अश्रुग्याँस प्रहार र लाठीचार्ज गरेको थियो । त्यस घटनामा नगवा निवासी ४८ वर्षीय महमद सिरु, परवानीपुर-५ निवासी ११ वर्षीय जितेन्द्र साह, बीरगंज-१७ प्रिपा निवासी २१ वर्षीय राजु पटेल, इटियाही-८ बाराका ३० वर्षीय रमेशप्रसाद कुशवाहा घाइते भएका थिए । प्रर्दशनकारीको ढुङ्गामुढाबाट प्रहरी तर्फ  विनोद के.सी., रुद्रबहादुर श्रेष्ठ, रमेश कटुवाल, कृष्ण कुँवर, निजामुद्दिन खाँन र सुरेन्द्र गिरी घाइते भएका थिए ।

कर्फ्युको उल्लंघन गर्दै फोरमका कार्यकर्ताहरूले ०६३ माघ १४ गते बिहानैदेखि घण्टाघर, श्रीपुर, छपकैया, मुरली लगायतका स्थानमा प्रर्दशन गरेका थिए । प्रर्दशनका क्रममा आन्तरिक राजस्व कार्यालयमा तोडफोड, गण्डक प्रहरी विटमा आगजनी, बीरगंज श्रीपुर - १५ स्थित रेडियो बीरगंजको कार्यालयमा तोडफोड भएको थियो । प्रहरीले घण्टाघरमा दर्जनौ सेल अश्रुग्याँस र ८ राउण्ड हवाइफायर गरेको थियो । फोरमका कार्यकर्ताहरूले बिहान घण्टाघरमा राष्ट्रिय फोटो पत्रकार समुह पर्साका महासचिव राम सर्राफ, डाक्टर रविन्द्र सिंह, र दिउँसो बीरगंज रिर्पोटका प्रबन्धक निर्देशक ध्रुव साहलाई कुटपिट र अभद्र व्यवहार गरेका थिए । प्रहरी र फोरमका कार्यकर्ताबीचको दोहोरो झडपमा प्रहरीको लाठीचार्जबाट श्रीराम महतो, अमित कुशवाहा, अनिरुद्र यादव, सोभी पटेल, मोहन पटेल र देवनाथ चौरसिया घाइते भएका थिए । यसरी नै प्रहरीले गण्डकमा फोरमका कार्यकर्ताहरूलाई लाठी चार्ज गर्दै भगाउने क्रममा बीरगंज उमनपा-१७ वहुअरी निवासी २५ वर्षीया गर्भवती सितादेवीलाई घरभित्र प्रवेश गरी कुटपिट गरेका थिए । फोरमका कार्यकर्ताहरूले रेडियो बीरगंज कार्यालयभित्र रहेका बा ३ प ९२९५, ना ४ प ६५७४, ना २ प २२७७ र ना ४ प ३१९९ नम्बरका मोटरसाइकलहरू तोडफोड गर्नुका साथै रेडियोको जेनेटर, फर्निचर, सोधपुक्ष कक्ष तोडफोड गरेका थिए । मेनरोड हिमाञ्चल केविनमाथि रहेको पत्रकार महासंघ पर्सा शाखाको कार्यालयमा ढुङ्गामुढा गरेका थिए । सो घटनाको विरोधमा महासंघले स्थानीय पत्रपत्रिकाको प्रकाशन बन्द गऱ्यो । यसैगरी आन्दोलनकारीले नेपाल वान टेलिभिजनका प्रतिनिधि राजु श्रेष्ठ र कान्तिपुर प्रतिनिधि सुजित महतलाई सार्वजनिक रुपमा ज्यान मार्ने धम्की दिएका थिए । धम्की पछि उनीहरू विस्थापित भएका थिए ।

०६३ माघ १५ गते सशस्त्र प्रहरीले काठमाण्डौतर्फ स्कटिङ्ग गरी लैजादै गरेका २५ ओटा बसलाई बेलुकी ८:४५ बजे फोरमका कार्यकर्ताहरूले चिनी मिल आवास क्षेत्र

अगाडि ढुङ्गा प्रहार गरी तोडफोड गरेका थिए । फोरमका कार्यकर्ताहरूको ढुङ्गा प्रहारबाट ना २ ख ६१४९ नं को माछापुच्छ्रे भिडियो कोचका डाइभर राजकुमार परियार घाइते भएका थिए । सोही बसमा भारतको बौद्धगया तिर्थ गरी फर्केका ४३ जना लामाहरू समेत लुटिएका थिए । यसरी नै फोरमका कार्यकर्ताहरूले बीरगंज वसपार्कमा रहेको सीता लामाको होटलमा आगजनी गर्ने क्रमा प्रहरी र फोरमका कार्यकर्ताबीच दोहोरो भडप हुँदा प्रहरीको लाठीचार्जबाट बारा इटियाही-८ का महेन्द्र साह र किसनलाल साह घाइते भएका थिए ।

फोरमका कार्यकर्ताहरूले ०६३ माघ १८ गते बिहान कर्फ्यु आदेशको उल्लंघन गर्दै कलैया चोकमा रहेको नेपाल आयल निगम क्षेत्रिय कार्यालय र अञ्चल यातायात व्यवस्था कार्यालयमा ढुङ्गामुढा र तोडफोड गरेको थियो । सो जुलुश नगवाबाट लाठी र भाला सहितको बसपार्कबाट निस्किएको जुलुशसँग घण्टाघरमा एकत्रित भई विर्तामा कोष तथा लेखा नियन्त्रण कार्यालय, जिल्ला वन कार्यालय, सडक विभागमा आगजनी गरी त्यहाँ रहेका सम्पूर्ण कागजात, फर्निचर, कम्प्युटरमा आगजनी गरेको थियो । सोही क्रममा कोलेनिकाको कार र सडक विभागको तिनओटा मोटरसाइकल र मालपोत कार्यालयका कागजात आगजनी गरेको थियो । सोही समूहले बीरगंज भन्सार कार्यालय अगाडि पार्किङ्ग गरी राखेका ४५ ओटा ट्रक, ८ ओटा बसका सिसा तोडफोड गर्दै वाइपास रोडमा रहेका १ दर्जन क्याविन रेष्टुरेन्टहरू आगजनी र लुटपाट गरेका थिए । सशस्त्र प्रहरीले तीनघण्टा पछि दमकल लगेर कार्यालयहरूमा लगाइएको आगो निभाएको थियो ।

कर्फ्यू आदेशको उल्लंघन गदै मधेशी जनअधिकार फोरमले ०६३ माघ १९ गते हजारौंको संख्यामा बीरगञ्ज उमनपा-१६ अदालत रोड, नयाँवसपार्क र नगवा लगायत नगरका विभिन्न भागमा प्रदर्शनहरू गरे । फोरमका कार्यकर्ताहरूले घण्टाघरस्थित सहिद थिरवम मल्ल र बसपार्कस्थित भानुचोकमा रहेको शालिक तोडफोड गरे । सो क्रममा प्रहरी र आन्दोलनकारीबीच भएका भिडन्तहरूमा प्रहरीको गोली र लाठीचार्जबाट ३६ जना भन्दा बढी घाइते भएका थिए । प्रहरीको गोलीबाट अदालतरोडमा घाइते भएका बारा परसौनी-६ का ३५ वर्षीय नागिना पासवान, वीरगंज उमनपा-१९ नगवाका २१ वर्षीय राम भरोस राउत र टाउकोमा लाठी प्रहारबाट घाइते भएकोमा बीरगंज उमनपा-१९ नगवाका ४५ वर्षीय राजेन्द्र चौरसियाको उपचारका लागि हेलिकप्टरबाट काठमाण्डौं लगियो । राजेशकुमार, रामकुमार झा, राजकुमार गुप्ता, विरेन्द्रप्रसाद गुप्ता, सन्तोष सर्राफ, हरिओमप्रसाद, रामबाबु गुप्ता, बृजकिशोर गुप्ता, कालिम सर्राफ, राजुसाह कानु, प्रयाग ठाकुर, राम प्रवेश राय, गगनदेव साह, भुवनकुमार पटेल, ध्रुवप्रसाद सोनार, ईन्द्रकान्त दास, रमेश

शर्मा र मजाईर अन्सारी गोलीद्वारा घाइते भए । उनीहरूको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार गराइयो ।

यसरी नै समाचार संकलनमा गएका वाईपास दैनिकका नितेश माथेमा, अन्नपुर्णपोष्टका राम सर्राफ, पर्सा एक्सप्रेस दैनिकका प्रकाशक दिलीप प्रधानलाई प्रहरीले बसपार्कमा लाठी चार्ज गरी घाइते पारे । प्रहरीले समाचार संकलन कै क्रममा जिल्ला प्रशासन कार्यालय अगाडि साँझ साढे सात बजे प्रतिक दैनिकका सम्वाददाता पवन तिवारी, पर्सा एक्सप्रेसका सम्वाददाता रितेष त्रिपाठी र देश कि आवाज दैनिका पत्रकार रमेश सराफ र पंकज दासलाई कर्फ्यु पास देखाउँदा देखाउँदै प्रहरीले व्यारेक अगाडि कुटपिट गरेका थिए ।

यसैगरी नेपाल सदभावना पार्टी (आ.) ले आन्दोलनको समर्थनमा निकालेको जुलुसमाथि प्रहरीले कर्फयू उल्लघंन गरेको आरोपमा नेपाल महिला मञ्चका जिल्ला अध्यक्ष उषा श्रीवास्तव र कार्यकर्ताहरू आरती देवी र गीता देवीलाई दिउँसो भारतीय महावाणिज्य दुतावास नजिकबाट गिरफ्तार गरी बेलुका रिहा गरेको थियो ।

आन्दोलनका घाइतेहरूको उपचारमा संलग्न नेपाल रेडक्रस पर्सा शाखाका कर्मचारीहरू प्रकाश धमला, सुदर्शन पण्डित, रामनरेश यादव, टेकनाथ श्रेष्ठ र धर्मेन्द्र सिंहलाई घाइतेहरूलाई एम्वुलेन्सबाट अस्पताल लाँदै गर्दा नारायणी उपक्षेत्रीय अस्पताल अगाडि प्रहरीले कुटपिट गर्‍यो ।

मधेशी आन्दोलनलाई भड्काएको आरोपमा बीरगंज उपमहानगरपालिकाका पूर्वमेयर विमलप्रसाद श्रीवास्तवलाई प्रहरीले बेलुका नौ बजे कुम्हालटोलस्थित घरलाई घेरा हाली गिरफ्तार गरे । वास्तवलाई पुनरावेदन अदालत हेटौडाको आदेशमा जिल्ला अदालत पर्साले ०६३ माघ २९ गते रिहा गरेको थियो ।

फोरमको आव्हानमा ०६३ माघ २० गते कर्फ्यु उलंघन गर्दै प्रदर्शनकारीाले बीरगंजको पदमरोड, मुर्ली, बसपार्क लगायत नगरका विभिन्न स्थानमा प्रदर्शन गरे । प्रदर्शनका क्रममा प्रहरी र प्रदर्शनकारीबीच दोहोरो भिडन्त हुँदा प्रहरीले ५० भन्दा बढी सेल अश्रुग्याँस र सयौं राउण्ड गोली तथा लाठीचार्ज गर्दा पदम रोडस्थित पशु चिकित्सालय नजिक प्रहरीको गोली पेटमा लागी झौवागुठी गाविस-९ मथवलका ३५ वर्षीय दिपेन्द्र साहको मृत्यु भयो ।

सशस्त्र प्रहरीले वीरगंज मुर्लीका तिलेश्वरीदेवी, गिरीजादेवी, र दुर्गादेवीलाई घरभित्र प्रवेश गरी कुटपीट गरे । प्रहरीको गोलीबाट मुर्लीका जगतमोन कुसवाहको छातीमा, कुवेर सिंहको छातिमा, अन्जनीकुमार शर्माको हातमा, रमेशकुमार महतोको टाउकोमा, नगवाका नरेश कुमार सोनीको टाउकोमा, नरेश साहको टाउकोमा, संजय साहको खुट्टामा, राम अमिर पण्डितको खुट्टामा, रंजित राउतको खुट्टामा, मनिर आलमको हातमा, बसपार्कमा  पर्मा यादवको खुट्टामा, रामबाबु कुशवाहाको तिघ्रामा, विजयप्रंसाद साहको टाउकोमा गोली लागी घाइते भए ।

प्रहरीको गोलीबाट घाइते भएकाहरूमध्ये गम्भीर अवस्था रहेका रामबाबुप्रसाद कुशवाहा, रामअसिस पण्डित, संजय साह, विरेन्द्र पण्डित, चन्देश्वर राउत  र रंजित राउतलाई थप उपचारको लागी हेलिकप्टरबाट काठमाण्डौ लगियो । सशस्त्र प्रहरीले गरेको लाठीचार्जबाट सतिसकुमार वर्णवाल, मुन्नाप्रसाद, रमेश गुप्ता, राज महम्मद र निरन्जन महतो घाइते भए । घाइतेहरूको उपचार नारायणी उपक्षेत्रीय अस्पताल बीरगंजमा गराइयो ।

मधेशी जनअधिकार फोरमले ०६३ माघ २१ गते बृहद प्रदर्शनको लागि ग्रामीण क्षेत्रसमेतबाट जनसमुदाय सदरमुकाम उपस्थितिको लागि आव्हान गऱ्यो । स्थानीय प्रसाशनले बिहानैदेखि कर्फ्यु जारी गरेको हुँदा सात दल र फोरमको सहमतिमा ग्रामीण क्षेत्रबाट आउने जनसमुदायलाई बहुअर्वा भाटा गाविसमा जम्मा गरी आम सभा गर्ने निर्णय भई सात दल तथा फोरमका नेताहरू सो गाविसमा पुग्दा त्यहाँ उपस्थित जनताहरूले नेताहरूको कुरालाई अवज्ञा गर्दै बीरगंज प्रवेश गर्ने निर्णय गरी ५० हजारको संख्यामा बीरगंज प्रवेश गरी घण्टाघरबाट जिल्ला प्रसाशन कार्यालय तर्फ बढ्न खोज्दा सशस्त्र प्रहरीले एक राउण्ड हवाई फायरसँगै सिधै आन्दोलनकारीमाथि फायरिङ्ग सुरु गऱ्यो । उक्त घटनामा सर्लाही गौरीशंकर गाविसका श्रीनारायण सिंह, बीरगंज मुर्लीका राधे साह कानु, राकेश साह, भीमप्रसाद कुशवाहा, लोरीक पासवान, विकल राउत, मोहताव मिया,  कमल राउत कुर्मी, साहेव यादव, सुरेश राउत, चनु महतो, हिरामन साह कानु, राम क्षेत्री, सुरेश राउत, भुलावन राम, संजय सिंह, मुन्ना सराफ, सुनिल चौहान र माया साह गोली लागी घाइते भए । घाइते मध्ये चिन्ताजनक अवस्थामा रहेका श्रीनारायण सिंह, राजेश साह कानु, विरवल राउत, मोहताव मिँयालाई नाइटभिजन हेलिकप्टरद्वारा थप उपचारको लागि काठमाण्डौ लगियो भने प्रहलाद दास, भीम कुशवाहा, लोरिक पासवानलाई एम्वुलेन्सबाट काठमाण्डौ लगियो ।

## सरोकारवालाको भनाई जस्ताको तस्तै

**शत्रुघन नेपाल - सभापति, नेपाल पत्रकार महासंघ पर्सा शाखा**

मधेशी आन्दोलनमा संचारकर्मीहरूमाथि दोहोरो आक्रमण भयो । आन्दोलनकारीहरूले पनि पत्रकारहरूलाई नै आक्रमणको निशाना बनाए भने प्रहरीले आफ्नो पहिचानको ज्याकेट, प्रेस पास र कर्फ्यु पास देखाउँदा देखाउँदै पनि पत्रकारहरूमाथि लाठीचार्ज र दुर्व्यवहार गरे । फोरमले अगाडी सारेका मागहरू न्यायोचित हुँदाहुँदै पनि त्यसलाई सम्बोधन गर्न सरकारले ढिलासुस्ती र प्रधानमन्त्रीले दुई/दुई पटक सम्बोधन गर्दा पनि पर्सा जिल्लामा मानवअधिकार उल्लंघनका घटनामा वृद्धि भयो । प्रहरी प्रशासनले संयमित हुँदाहुँदै पनि आन्दोलनमा भएको घुसपैठियाहरूको उश्रृखल गतिविधिका कारण केही अप्रिय घटनाहरू भए ।

**भाग्यनाथ गुप्ता - केन्द्रीय उपाध्यक्ष, मधेशी जनअधिकार फोरम नेपाल**

सरकारले मधेशीका जनता आफ्नो हकअधिकारको लागि आन्दोलनमा उत्रदा ताकी-ताकी टाउको, छाती जस्ता सम्वेदनशील अङ्गमा गोली प्रहार गरेको छ । घरमा बसेका गर्भवती महिला समेतलाई कुटपिट गरिएको छ । विना चेतावनी गोली प्रहार गरियो । मधेशी समुदायका मान्छेहरूलाई सडक हिड्न नै नदिई कुटपिट गरियो । यो भन्दा मानवअधिकारको ठाडो उल्लंघन अरु के हुन सक्दछ ? लोकतान्त्रिक सरकारले अधिकारको माग गर्दै भएको आन्दोलनलाई दमन गर्ने नीति लिएर पर्सा जिल्लामा सयौ राउण्ड गोली प्रर्दशनकारीमाथि प्रहार गर्‍यो । यस जिल्लामा दुई जना सहिद भए । ५० भन्दा बढीलाई गोली लागेको छ । अनगिन्ती घाइते भएका छन् । यसको सम्पूर्ण जिम्मेवारी गृहमन्त्रीले लिनुपर्छ । उसले तत्काल राजीनामा दिनुपर्छ । सहिद घोषणा र क्षतिपूर्ति पाउनु पर्छ र आन्दोलनको समयमा भएका सम्पूर्ण घटनाको जाँचबुझका लागि उच्चस्तरिय छानविन आयोग गठन हुनुपर्छ । आन्दोलनमा केही स्वार्थीतत्वहरूको घुसपैठले केही अप्रिय घटनाहरू भए पनि २ सय ३८ वर्षदेखिको अन्याय अत्याचार, शोषण र दमनबाट दबिएर रहेका मधेशी जनता स्वस्फुर्त रुपमा आन्दोलनमा सहभागी भएका हुन् ।

**नितेश माथेमा - फोटो पत्रकार, पीडित**

हामी फोटोपत्रकारहरूले बसपार्कमा प्रहरी र प्रर्दशनकारी बीच तनाव भईरहेको छ भन्ने थाहा पायौं । म लगायत केही साथीहरू समाचार संकलनका लागि त्यहाँ पुग्दा बसपार्कभित्र प्रदर्शनकारी र भानुचोकमा प्रहरीबीच ढुङ्गा हानाहान भएको थियो । प्रहरीले ५/७ राउण्ड अश्रुग्याँस र हवाइ फायर गर्दै प्रर्दशनकारीलाई लखेटन थाल्यो । हामीले ज्याकेट लगाएका थियौं र फोटो खिचिरहेका थियौ । केही प्रहरीहरू हामीतिर आक्रमक ढङ्गले आए र हामी भागेपछि उनीहरूले लाठी प्रहार गरे । म सहित फोटोपत्रकार राम सर्राफ घाइते भयौं । मलाई पाखुरा र खुट्टामा चोट लाग्यो । रामको

हातमा चोट लाग्यो । नेपाल पत्रकार महासंघ पर्सा शाखाले तत्कालै निमित्त प्रमुख जिल्ला अधिकारी शम्भु कोइराला र शसस्त्र प्रहरी नायव उपरिक्षक रामविलास दाससँग भेट गरी प्रहरी दमनका विरुद्ध जानकारी गराउँदा आज आएका सशस्त्र प्रहरीहरूलाई निर्देशन दिन नभ्याएकाले घटना भयो, आइन्दा यस्तो हुने छैन भनी आश्वासन दिएपछि प्रमुख जिल्ला अधिकारीसँग छुटेर बसपार्कमा भैरहेको दोहोरो भिडन्तको समाचार संकलन गर्न जाने क्रममा सशस्त्र प्रहरीले पर्सा एक्सप्रेस दैनिकका प्रवन्ध निर्देशक दिलिप प्रधानमाथि कुटपिट गऱ्यो र क्यामराको चिप्स खोस्यो ।

**राम सर्राफ - महासचिव, राष्ट्रिय फोटो पत्रकार समुह पर्सा शाखा**

मधेशी जनअधिकार फोरमका कार्यकर्ताले ०६३ माघ १४ गते बिहान ९ बजे घण्टाघरमा प्रदर्शन गरिरहेका थिए । स्थिति तनावपूर्ण थियो । त्यसैले म त्यहाँ समाचार संकलनका लागि गएको थिए । सोही समयमा डाक्टर रविन्द्र सिंह अस्पतालका घाइतेहरूको उपचारका लागि मोटरसाइकलमा त्यही बाटो हुँदै गइरहनु भएको थियो । त्यहाँ प्रर्दशनकारीहरूले उहाँको मोटरसाइकल रोकी दुर्व्यवहार गर्न शुरु गरे । मैले प्रर्दशनकारीहरूलाई उहाँको परिचय दिदै बचाउने कोसिस गर्दा ममाथि नै आक्रमण भयो । घण्टाघरमा रहेको प्रहरी मलाई पिटिरहेको स्थानमा दौडिएर आएपछि प्रर्दशनकारीहरू भागे र मेरो ज्यान बच्यो । नारायणी उपक्षेत्रीय अस्पतालमा दुई दिनसम्म उपचार गराएपछि स्वास्थ्यमा केहि सुधार भई घर आए ।

**महेश दास - सचिव, मानवअधिकार संरक्षण मञ्च पर्सा, प्रत्यक्षदर्शी**

माघ २१ गते बीरगंजमा कर्फ्यु लागेको थियो । सात दल र फोरमले बहुअर्वा भाटा गाविसमा आमसभा गर्ने भनी गरेको सहमतिलाई जनताले नमानेर जनसागर बीरगंज प्रवेश गऱ्यो । म र कान्तिपुर टेलिभिजनका शैलेश खरेल घटनास्थलमा थियौं । फोरमका त्यहाँ उपस्थित कार्यकर्ताहरू प्रायः सबैको हातमा फट्टा थिए । उनीहरूले हामीलाई समेत गालीगलौज गरिरहेका थिए । घण्टाघरमा रहेका प्रर्दशनकारीहरूले गाउँबाट आएका जनतालाई जिल्ला प्रशासन कार्यालयतर्फ अघि बढाए । प्रहरी युवा स्पोंट क्लबअघि सुतेर र खडा दुबै पोजिसनमा रहेको थियो । जुलुश त्यहाँ पुग्न नपाउँदै एक राउण्ड हवाइफायरसँगै प्रहरीले हुलमाथि गोली प्रहार गऱ्यो । प्रहरी गोली हान्दै अघि बढ्यो । मानिसहरू गोली लागेर ढलिरहेका थिए । एसपी रमेश फुँयाल त्यही थिए । मैले उनलाई घाइतेहरूको उद्धारका लागि एम्बुलेन्स बोलाउन आग्रह गरें, तर उनले त्यो कुरा सुनेनन । सशस्त्र प्रहरीहरू गोली लागि घाइते भई लडिरहेका प्रर्दशनकारीहरूलाई अपशब्द प्रयोग गर्दै बुटले हिर्काइरहेका थिए । घण्टाघर

घटनामा प्रहरीले विना चेतावनी प्रदर्शनकारीहरूमाथि गोली प्रहार गऱ्यो । मसँग रहेको क्यामरा सशस्त्रले खोस्यो । र फोटो डिलिट गरी फिर्ता दियो ।

**विजय भण्डारी प्रत्यक्षदर्शी, घण्टाघर बीरगंज**

माघ २१ गते कर्फ्यु उल्लंघन गरी फोरमका कार्यकर्ताहरू घण्टाघरमा जम्मा भएर प्रदर्शन गरी रहेका थिए । सोही अवस्थामा गाउँबाट ५० हजार भन्दा बढीको संख्यामा पावर हाउस चोकबाट जुलस घण्टाघरतर्फ अगाडि बढ्यो भन्ने खवर आयो, म लगायत केही पत्रकारहरू अंकुस कार्यालयको छतबाट घट्नाक्रम हेरिरहेका थियौं । पावर हाउसबाट आएको जुलुसको पहिलो समूह घण्टाघर आइपुग्ने वितिक्कै घण्टाघरमा रहेका प्रर्दशनकारीहरू समेत जिल्ला प्रशासन कार्यालयतर्फ अगाडि बढे । युवा स्पोँट क्लबको नजिक प्रहरीहरू तयारी अवस्थामा बसेका थिए । जुलुशले प्रहरीलाई गालीगलौज गर्दै जिल्ला प्रशासन कार्यालयअघि बढन खोज्यो सो समयमा प्रहरीले एक राउण्ड हवाई फायर गरेपछि जुलुश पछि हट्यो र भाग्न थाले, भाग्दा भाग्दै आन्दोलनकारीका तर्फबाट पनि जवाफि फायरिङ्ग गरेपछि प्रहरीले गोली प्रहार गरे । प्रहरीले घाइते भई लडिरहेका प्रर्दशनकारीहरूलाई बुटसमेतले हिर्काएका थिए ।

**बालकृष्ण यादव - संयोजक, मधेशी आन्दोलन घाइते तथा पीडित सहायता कोष**

प्रधानमन्त्रीको पहिलो सम्बोधन र दोस्रो सम्बोधनको बीचको अवधिमा राज्यले पर्सा जिल्लामा सबैभन्दा बढी दमन गऱ्यो । यस अवधिमा सरकारले योजनाबद्ध ढङ्गबाट दमन नीति अख्तियार गरेको मैले महशुस गरेको छु । महिलाहरूलाई घरमा पसेर सम्बेदनशिल अङ्गहरूमा समेत कुटपिट गर्नु, विना चेतावनी ताकेर टाउकोमा गोली हान्नु, घाइतेहरूको उद्धारक रेडक्रसका कर्मचारीहरूमाथि लाठीचार्ज हुनुलाई मैले मानवअधिकार उल्लंघनको पराकाष्ठा ठानेको छु । एक दर्जन भन्दा बढी मानिसहरूको टाउको, छातीमा गोली लागेको छ । यो अन्तर्राष्टिय मानवअधिकार कानून विपरीत हो ।

**गगनदेव साह वर्ष २५- घाइते, वीरगंज नपा-१४ श्रीपुर ।**

शान्तिपूर्ण जुलुश श्रीपुर प्रहरी चौकी अगाडि बढेपछि ०६३ माघ १९ गते प्रहरीले अश्रुग्याँस छाड्यो । प्रदर्शनकारीहरूको भागाभाग भयो । सोही क्रममा प्रहरीले गोली चलायो र त्यसैमा म घाइते भए । मेरो खुट्टाको पैतालामा गोली लागेको छ । म रिक्सा चालक अहिलेसम्म घाउ निको भइसेकेको छैन । आर्थिक अवस्था कमजोर भएकोले मेरो परिवारले कष्टकर जीवन बिताउनु परेको छ ।

**किशोरी गिरी, ४५ वर्ष - घाइते, बीरगंञ्ज नपा-१४ श्रीपुर**

प्रहरी र प्रर्दशनकारीबीच ०६३ माघ २० गते पदम रोडमा दोहोरो भिडन्त भइरहेको थियो । प्रहरीले अश्रुग्याँस छोड्यो । मान्छेहरू प्रहरीतर्फ ढुङ्गा चलाउँदै भागे र हामी पनि भाग्ने क्रममा प्रहरीले गोली चलायो । मेरो छाती र खुट्टामा गोली लाग्यो भने किशोरीको कन्चटमा गोली लाग्यो । हामीलाई एम्बुलेन्सले अस्पतालसम्म पुऱ्यायो ।

**चन्दु महतो, ३२ वर्ष - घाइते, मधुवन मथौल-५**

हामी जुलुसका सहभागीहरू ०६३ माघ २० गते घण्टाघरमा थियौ । जुलुश केही अगाडि बढेको थियो । प्रहरीले विना चेतावनी जुलुसमाथि गोली प्रहार गऱ्यो । हामीसबै भाग्यौ । खेद्दै गोली चलाउदै आएको प्रहरीको गोली मेरो खुट्टामा लाग्यो । म त्यही लडें र १५ मिनेटपछि एम्बुलेन्सले मलाई अस्पताल लिएर गयो । मैले अहिलेसम्मको सबै खर्च आफैले व्यहोर्दै आएको छु ।

**घटनाका सम्बन्धमा प्रशासनको भनाई**

**हरिकृष्ण खतिवडा - निमित्त प्रमुख जिल्ला अधिकारी**

मधेशी आन्दोलनको समयमा प्रमुख जिल्ला अधिकारी नरेन्द्रराज पौडेल र म सहायक प्रजिअ दुवैजना घरायसी कामले जिल्ला बाहिर थियौं । त्यसैले त्यसबेलाको घटना सम्बन्धी म कुनै पनि टिप्पणी गर्न सक्दिन् । आन्दोलनको अवधिमा निमित्त प्रमुख जिल्ला अधिकारी चितवन जिल्ला प्रशासन कार्यालयका सहायक प्रजिअ शम्भु कोइराला रहनुभएको थियो । हाल उहाँपनि काज फिर्ता भइसक्नु भएको छ ।

**रमेश फुँयाल - एसपी, जिल्ला प्रहरी कार्यालय प्रर्सा**

मधेशी आन्दोलनमा प्रहरी अति सयंमित भएको थियो । व्यक्तिगत रुपमा मैले आन्दोलनकारीहरूसँग शान्तिपूर्ण आन्दोलन गर्न र हिंसात्मक गतिविधि नगर्न हात जोडेर अनुरोध समेत गरें । केही त्यस्ता घटनाहरू भए, जहाँ भिड नियन्त्रणभन्दा बाहिर गई हिंसात्मक घटना हुने र त्यसबाट जनधनको ठूलो क्षति हुने देखिएपछि भिडलाई नियन्त्रणमा लिन प्रहरीले चेतावनी सहित गोली चलाउनु पऱ्यो । प्रहरीले मानवअधिकार उल्लंघन गरेको छैन । सरकारी र सार्वजनिक सम्पत्ति र जनताको जीउधनको सुरक्षा गर्नु प्रहरीको कर्तव्यभित्र पर्छ । कानूनी व्यवस्था अनुसार नै स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले केही घटनाहरूमा बल प्रयोग गर्नु पऱ्यो । आन्दोलनकारीले माघ १२ गते नगवामा प्रहरीको राइफल खोसी भाँचिदए भने माघ २१ गते प्रहरीलाई लक्षित गरी घण्टाघरमा गोली प्रहार गरे । भारतीय नागरिक महावीर साहलाई प्रहरीको लाठीबाट मृत्यु भयो भनिएको छ, यस सम्बन्धमा स्थलगत मुचुल्का हामीसँग छ । उनको कालगतिले मृत्यु भएको हो । दिपेन्द्र साह कानु भने

प्रहरीकै गोलीबाट मारिएका हुन । यस आन्दोलनमा प्रहरीतर्फ ३९ जना घाइते भएका छन् ।

## निचोड

- मधेशी जनअधिकार फोरमले सञ्चालन गरेको आन्दोलन शातिपूर्ण भनिएता पनि पछिल्लो समयमा हिंसात्मक रुपमा अगाडि बढेको पाइयो ।
- आन्दोलनका क्रममा राष्ट्रिय विभूतिहरूको सालीक, सरकारी कार्यालयहरू, पार्टी कार्यालयहरू तथा व्यक्तिको घरहरूमा आगजनी गरेको अवस्थामा प्रहरीले सामान्य बल प्रयोग गर्दा पनि भिड नियन्त्रण नभएकाले अत्यधिक वल प्रयोग गरेको पाइयो ।
- कर्फ्यूको समयमा आन्दोलनकारीले कर्फ्यू उल्लंघन गर्दै प्रर्दशन गरेको पाइयो ।
- धनुषा, बारा र पर्सा जिल्लामा प्रहरीले केही स्थानमा पूर्व चेतावनी विना गोली चलाएको पाइयो । गोली चलाउँदा पनि सामान्यतयः प्रचलित ऐन नियमको पालना नगरेको र आन्दोलनकारीको टाउको, पेट र छातीमा गोली हानिएको पाइयो ।
- प्रहरीको तर्फबाट जथाभावी लाठीचार्ज, हस्तक्षेप र गोली प्रहार गरिएकाले घाइतेहरूको धेरै संख्या रहेको पाइयो । घाइतेहरूलाई उपचार गर्न राज्यको तर्फबाट सहयोग गरेको देखिएन ।
- स्थानीय प्रशासनले आन्दोलनले हिंसात्मक रुप लिन लाग्दा पनि सुरक्षा बल थप नगर्नाले रौतहटको गौरमा सरकारी तथा गैरसरकारी कार्यालय, पार्टी कार्यालय तथा व्यक्तिको घरमा क्षति पुगेको देखियो ।
- रौतहट जिल्लामा फोरमका कार्यकर्ताहरूले प्रहरीमाथि सुतली बम र गोली प्रहार गर्दा पनि प्रहरीले गोली प्रहार नगरी लाठी चार्ज गर्दा घाइतेहरू सामान्य अवस्थामा रहेको र तिनको स्थानीय अस्पताल र स्वास्थ्य केन्द्रमा उपचार भएको पाइयो । रौतहट जिल्लामा राज्यबाट अत्यधिक बल प्रयोग गरिएको पाइएन ।
- माओवादीले राजावादीको घुसपैठ भएको भन्दै सर्वसाधारण, कर्मचारी र नगर चुनावमा उम्मेदवार बनेका र तिनका सहयोगीहरूलाई निर्ममतापूर्वक कुटपिट गरी मानवअधिकारको उल्लघंन गरेको पाइयो ।

- मधेशी जनअधिकार फोरमले सञ्चालन गरेको आन्दोलनलाई सरकारले समयमा सम्वोधन गर्न नसक्दा आन्दोलनले हिंसात्मक रुप लिएको देखियो ।
- सात राजनीतिक दलको मधेशी आन्दोलन सम्बन्धी  स्पष्ट नीतिको अभाव र सात दलको नेतृत्व तहमा रहेका मधेशी नेताको दोहोरो भूमिकाको कारणले आन्दोलनमा बढी नोक्सान भएको पाइयो ।
- आन्दोलनकारीहरूले शान्तिपूर्ण आन्दोलन भनिए पनि हातहतियार सहित सुरक्षाकर्मीमाथि आक्रमण गरेको र प्रहरीको हातहतियार खोस्ने प्रयास गरिएकाले प्रहरीले गोली चलाउनु परेको स्थलगत अध्ययनबाट देखियो ।
- आन्दोलनको क्रममा पत्रकार र अधिकारकर्मीहरूले स्वतन्त्ररुपमा सूचना संकलन गर्न नपाएको र कतिपय अवस्थामा मधेशी फोरम, राज्यका निकाय र माओवादीबाट समेत आक्रमणको शिकार हुनु परेको पाइयो ।
- दैनिक काम गरेर जीविकोपार्जन गर्ने समुदाय आन्दोलनको अवधिमा थप पीडित भएको पाइयो ।
- मधेशी आन्दोलनको रुप हिंसात्मक देखिएका कारण आमनागरिकहरूमा आन्दोलन अवधिभर असुरक्षा, डर त्रास र भयबाट आक्रान्त बनेको देखियो । मधेशी आन्दोलनको क्रममा मधेशी समुदायले गैरमधेशीमाथि लक्षित गरी आक्रमण गरेको धनुषा र सर्लाही लगायतका जिल्लामा पहाडे समुदायका महिलालाई दुर्व्यवहार गरेको र पहाडेको सम्पत्ति छानी छानी आगजनी, लुटपाट र ध्वस्त पारेका कारण तराईमा लामोसमयअघिदेखि बसोवास गर्दै आएका पहाडे समुदायमा झन बढी त्रासदी, निरासा र पलायनभाव पैदा भएको पाइयो ।

## सुझाव

- मधेशी आन्दोलनको क्रममा घाइते भएका आन्दोलनकारी, सर्वसाधारण, माओवादी र प्रहरीहरूको समुचित उपचारको व्यवस्था राज्यले गर्नु पर्दछ ।
- आन्दोलनको क्रममा आगजनी, लुटपाट तथा तोडफोड भएको नीजि तथा सरकारी कार्यालय तथा भौतिक संरचनाको आकलन गरी  तत्काल पुर्ननिर्माण आरम्भ गरिनु पर्दछ र पीडितलाई क्षतिको अनुपातमा मुआब्जा उपलब्ध गराउनु पर्दछ ।
- मधेशी आन्दोलनको क्रममा भएको ज्यादतीको निष्पक्ष अनुसन्धान गरी पीडकलाई कारवाही र पीडितलाई न्याय र क्षतिपूर्तिका लागि  उच्चस्तरीय न्यायिक छानविन आयोग गठन गरिनु पर्दछ ।

- आन्दोलनमा भएको भौतिक संरचानाको क्षतिको जिम्मेवारी मधेशी जनअधिकार फोरमले लिई शान्तिपूण आन्दोलन गर्न गराउन आफ्ना मातहतका कार्यकर्तालाई निर्देशन दिइनु पर्छ ।
- शान्तिपूर्ण आन्दोलनमा लाठी, भाटा, घरेलु हतियार बोक्ने काम बन्द गरिनु पर्छ । आन्दोलनका नाममा भएको जनसाधारणमाथि भएको ज्यादतीपूर्ण अराजक क्रियाकलाप रोकी अधिकार प्राप्तिको शान्तिपूर्ण आन्दोलन मार्ग अवलम्बन गरिनु पर्दछ । साथै जुनसुकै पक्षबाट आन्दोलनका नाममा गरिने लुटपाट, आगजनी, तोडफोड लगायतका अराजक गतिविधिलाई सरकारले प्रचलित कानुनको मापदण्ड अनुसार नियन्त्रण गर्नु पर्दछ र घटनाका जिम्मेवारलाई कारबाहीको प्रक्रिया अघि बढाउनु पर्दछ ।
- प्रहरीका खोसिएका हतियार फोरमले प्रशासनलाई फिर्ता गर्नुपर्छ ।
- मधेशी आन्दोलनका क्रममा राज्य वा गैर राज्य पक्षबाट ज्यान गुमाएका व्यक्तिका परिवारलाई तत्काल राहत र क्षतिपूर्ति उपलब्ध गराइ पीडितका परिवारका सदस्यलाई रोजगारी वा आयआर्जनको न्यूनतम व्यवस्था गरिनु पर्दछ ।

# अनुसूचि

## बारा

अनुसुचि १ मधेशी जनअधिकार फोरमको कार्यक्रममा घाइते भएका सुरक्षातर्फ (सशस्त्र प्रहरी र जनपथ प्रहरी) घाइतेहरुको नामावली

शसस्त्रतर्फ :-

| सि.नं | घाइतेको नाम | घट्ना मिती | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | स.प्र.ज. कन्हैया साह | ०६३/१०/१३ | भद्रकाली गण पिलुवा, बारा | उपचार पछि फर्केको । |
| २. | रि.स.प्र.ज. सुनिल चौधरी | ,, ,, ,, | ,, ,, | ,, |
| ३. | स.प्र.व.ह. तिलक वाइवा | ०६३/१०/१४ | ,, ,, | ,, |
| ४. | प.प्र.ज. लोक व. वोहरा | ,, ,, ,, | ,, ,, | ,, |

श्रोतः- शसस्त्र प्रहरी भद्रकाली गण, पिलुवा बारा ।

जनपद प्रहरीतर्फ

| सि.नं | दर्जा | घाइतेको नाम | दरवन्दी | कार्यरत स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १. | प्र.ना.नि. | धन वहादुर गुरुङ्ग | स.प्र.गण रातोमाटे | स.प्र.गण रातोमाटे, मकवानपुर | सामान्य |
| २. | ,, | योगेन्द्र प्रताप सिंह चौहान | ई.प्र.का कडरवाना, सप्तरी | जि.प्र.का वारा | ,, |
| ३. | ,, | जंग वहादुर पुलामी | जि.प्र.का. वारा | प्र.चौ. मटिअर्वा वारा | ,, |
| ४. | ,, | चन्द्र वहादुर सुनुवार | ,, ,, | जि.प्र.का. वारा | ,, |
| ५. | प्र.स.नि. | नारद मुनी ठाकुर | " " | जि.प्र.का. बारा | " |
| ६. | " | धन प्रसाद पौडेल | प्र.चौ.पिपरपाती बारा | " " | ,, |
| ७. | प्र.ह. | कृष्ण बहादुर ठकूरी | सि.प्र. चौ. छतवा बारा | ,, ,, | ,, |
| ८. | ,, | खेम परियार | ई.प्र.का. कवही बारा | ,, ,, | ,, |
| ९. | ,, | गोर बहादुर श्रेष्ठ | | ,, ,, | ,, |
| १०. | ,, | तुला बहादुर मगर | | ,, ,, | ,, |
| ११. | प्र.ज. | वलिराम गिरी | ई.प्र.का. निजगढ बारा | ,, ,, | ,, |
| १२. | ,, | रामानन्द पटेल | सि.प्र.चौ. छतवा बारा | ,, ,, | ,, |
| १३. | ,, | दिपेन्द्र श्रेष्ठ | वि.सु.गार्ड जि.प्र.का. वारा सिमरा बारा | ,, ,, | ,, |
| १४. | ,, | रामबाबु राउत कुर्मी | जि.प्र.का. बारा | ,, ,, | ,, |
| १५. | ,, | नारायण रानाभाट | के.प्र.वि. कार्यदल सिमरा बारा | ,, ,, | ,, |
| १६. | ,, | वसन्तराज घिमिरे | ,, ,, | ई.प्र.का. सिमरा | ,, |
| १७. | ,, | कुन्दन कुमार सिँह | जि.प्र.का.बारा | जि.प्र.का.बारा | ,, |
| १८. | ,, | घनश्याम थापा | प्र.चौ.पिपरपाती | ,, ,, | ,, |
| १९. | ,, | लगन तामाङ्ग | स.प्र.से. बारा | ,, ,, | ,, |
| २०. | ,, | भागीरथ भुषाल | ई.प्र.का. महेन्द्र आदर्श बारा | ,, ,, | ,, |
| २१. | ,, | दिल बहादुर मिरिचिङ्ग | प्र.चौ. वेलदारी | ,, ,, | ,, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | मगर | | | |
| २२. | ,, | कन्हैया साह | प्र.चौ.मटिअर्वा बारा | प्र.चौ. मटिअर्वा बारा | ,, |
| २३. | ,, | तारा प्रसाद अधिकारी | ,, ,, | ,, ,, | ,, |
| २४. | ,, | सचिन्द्र साह | ,, ,, | ,, ,, | ,, |
| २५. | ,, | लखिन्द्र पासवान | | जि.प्र.का.बारा | ,, |
| २६. | ,, | | | | |

अनुसुचि २. मधेशी जनअधिकार फोरमको कार्यक्रमको बेला भएको बाराको सरकारी, गैरसरकारी कार्यालयको क्षति विवरण

| क्र.सं . | क्षति हुने निकाय, व्यक्तिको नाम ठेगाना | क्षतिको संक्षिप्त विवरण | मुल्याङ्कन गरिएको रकम | कैफियत |
|---|---|---|---|---|
| १. | जिल्ला जनस्वास्थ्य कार्यालय, बारा, कलैया | बा. अ. भ्क. ३४५१ नं. को टोयटा जिप तोडफोड गरी जलाई क्षति गरेको । जिप राख्ने ग्यारेज तोडफोड । | ७,००,०००/- | गाडी मुल्याङ्गनको लागि यस जि.मा मे.ई. नभएकोले उपलब्ध हुन नसकेको |
| २. | जिल्ल भू संरक्षण कार्यालय, (बारा) कलैया | फर्निचर, टेलिफोन सेट समेत तोडफोड गरी जलाई क्षति गरेको | ४७६२०/- | - |
| ३. | शिक्षक तालिम केन्द्र,बारा, कलैया | साईनबोर्ड लगाएत तोडफोड गरी क्षति गरेको | ५०००/- | - |
| ४. | कलैया न.पा. कार्यालय, कलैया,बारा | कलैया न.पा. कार्यालयको एम्बुलेन्स र दमकल तोडफोड गरी क्षति गरेको | २२१५००/- | गाडी मुल्याङ्गनको लागि मे.ई.यस जिल्लामा नभएकोले उपलब्ध हुन नसकेको |
| ५. | नापी शाखा, बारा, कलैया | कार्यालय तोडफोड गर्नुका साथै फर्निचर, कागज पत्र समेत तोडफोड, आगजनी गरी क्षति गरेको | १०८९२९।५६ | - |
| ६. | नेपाल क्षयरोग निवारण संस्था, बारा कलैया | भारतीय दुतावासबाट सहयोग प्राप्त एम्बुलेनस आगो लगाई क्षति गरेको र सो राख्ने ग्यारेज तोडफोड गरी क्षति गरेको | ` १२०००००/- १३,१८२/१८ | गाडी मुल्याङ्गनको लागि मे.ई. यस जिल्लामा नभएकोले उपलब्ध हुन नसकेको |
| ७. | खानेपानी संस्थान, कलैया, बारा | कार्यालय तोडफोड | ३,४९६/३९ | |
| ८. | नेकपा एमाले कार्यालय कलैया | कार्यालय तोडफोड र आगजनी | ५,६३,४६४/- | |
| ९. | नेपाली कांग्रेस (प्र.) | ,, ,, | १,०३,७२५/- | |

| | | | | |
|---|---|---|---|---|
| १०. | भरत वहादुर मल्लको शालिक, भरत चौक कलैया | तोडफोड | नखुलेको | |
| ११. | महाकवि लक्ष्मी प्रसाद देवकोटाको शालिक , देवकोटा चोक कलैया | तोडफोड | ,, | |
| | | | | |

## पर्सा

अनुसूचि १ प्रहरीको गोलीद्वारा घाइतेहरुको नामावली

| क्र.सं. | नाम | बर्ष | ठेगाना |
|---|---|---|---|
| १ | नगिना पासवान | ३५ वर्ष | परसौनी- ६ |
| २ | भुवन कुमार पटेल | २७ वर्ष | अठराह सुगौली -७ |
| ३ | गगनदेव साह | २५ वर्ष | वीउमनपा-१४ नगवा |
| ४ | राजेन्द्र चौरसिया | ४५ वर्ष | वीउमनपा-१९ नगवा |
| ५ | रामभरोस राउत | २१ वर्ष | वीउमनपा-१९ नगवा |
| ६ | लाल बाबु प्रसाद | १८ वर्ष | वीउमनपा-१० |
| ७ | श्याम पासवान | ३१ वर्ष | वीउमनपा-१० |
| ८ | इन्द्रकान्त दास | २८ वर्ष | वीउमनपा-१८ भिस्वा |
| ९ | जगमोहन कुशवाहा | २४ वर्ष | वीउमनपा-१५ |
| १० | कुवर सिंह | ३० वर्ष | वीउमनपा-१५ |
| ११ | रमेश कुमार महतो | ३० वर्ष | वीउमनपा-१५ मुर्ली |
| १२ | रन्जित राउत | २० वर्ष | वीउमनपा-१८ भिस्वा |
| १३ | सुरेश कुमार यादव | १८ वर्ष | वीउमनपा-१९ नगवा |
| १४ | विरेन्द्र पण्डित | ३२ वर्ष | वीउमनपा-१९ नगवा |
| १५ | दिपेन्द्र साह (सहिद) | ३५ वर्ष | फौवागुठी-९ मथवल |
| १६ | किशोरी गिरी | ४५ वर्ष | वीउमनपा-१४ श्रीपुर |
| १७ | मंगल गिरी | ५० वर्ष | वीउमनपा-१४ श्रीपुर |
| १८ | परमालाल यादव | २० वर्ष | रजवरिया -८ वारा |
| १९ | रामबाबु कुशवाहा | २६ वर्ष | अमवा-७ वारा |
| २० | चन्देश्वर | २५ वर्ष | रजवरिया-८ वारा |
| २१ | राम अषिश पंडित | २५ वर्ष | इटियाही-६ वारा |
| २२ | मुन्ना राजन | १८ वर्ष | केशरिया-५ रौतहट |
| २३ | संजय प्रसाद कानु | २५ वर्ष | रक्सौल, भारत |
| २४ | राम क्षेत्री | २४ वर्ष | मुडली |
| २५ | प्रल्लाद दास | ३० वर्ष | फुलवरिया-३ पर्सा |
| २६ | राजेश सर्राफ | २६ वर्ष | वीउमनपा-१४ मुर्ली |
| २७ | लोरिक पासवान | २१ वर्ष | सिमरवारी वर्वा-८ पर्सा |
| २८ | भिम प्रसाद कुशवाहा | २८ वर्ष | मुर्ली-५ |
| २९ | विरवल राउत | ४० वर्ष | वैरिया विर्ता -६ |
| ३० | माया साह | ४० वर्ष | पोखरिया-४ |
| ३१ | कमल प्रसाद कुर्मी | १५ वर्ष | भवानीपुर-३ |
| ३२ | चन्दु महतो | ३२ वर्ष | मधुवन फयौल-५ |
| ३३ | सुनित चौहान | १८ वर्ष | श्रीर्सिया-१ |
| ३४ | साहेव यादव | २२ वर्ष | कोनिया |
| ३५ | भोताव मिया | २६ वर्ष | लमरिया-७ |
| ३६ | दिनानाथ पण्डित | १७ वर्ष | रजवरिया-८ वारा |
| ३७ | श्रीनारायण सिंह | १८ वर्ष | गौरिशंकर- ८ सर्लाही |
| ३८ | हरेन्द्र ठाकुर | २२ वर्ष | सिर्सिया- ८ |

| | | | |
|---|---|---|---|
| ३९ | शम्भु कानु | २३ वर्ष | वीउमनपा-१४ श्रीपुर |
| ४० | राधे साह कानु | | मुर्ली |
| ४१ | सुरेश राउत | | श्रीर्सिया |
| ४२ | हिरामन साह कानु | | श्रीपुर -१४ |
| ४३ | भुलावन राम | | विरन्चिवर्वा |
| ४४ | संजय सिंह | | श्रीपुर |
| ४५ | मुन्ना सर्राफ | | गहवा |

अनुसूचि २
मधेशी जनअधिकार फोरमले आयोजना गरेको जुलुश प्रर्दशनको क्रममा रौतहट जिल्ला डुमरिया मटिऔन गाविस २ वस्तीपुरमा ०६३ माघ १६ र १७ गते पहाडिया समुदायको घरमा र पहाडे समुदायले मधेसी समुदायको घर तथा पसलमा आगजनी र लुटपाटको क्षति विवरण

| सि.नं | घरमूलीको नाम | परिवार संख्या | उमेर | लिङ्ग | क्षती भएको सम्पतीको विवरण | | | जम्मा क्षति भएको रु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | नगद | सुनचाँदी,लत्ता कपडा,भाँडावर्तन फर्निचर समेत | घर,अन्नपात,पराल लगायतका समानहरु | | |
| १. | वेणी प्रसाद पोखरेल | ४ | ४५ | पु. | २१,०००/- | ५६,०००/- | १,४५,८००/- | २,२१,८००/- | जलेको घरको मुल्याङ्कन नभएको |
| २. | नारारण प्रसाद पोखरेल | ५ | ४९ | पु. | ३,००,०००/- | ९०,०००/- | १,१६,७००/- | ५,०६,७००/- | ,, ,, |
| ३. | मित्र प्रसाद पोखरेल | ६ | ७० | पु. | | | | ८,७०,०००/- | ,, ,, |
| ४. | मोहन प्रसाद पोखरेल | ४ | ४० | पु. | – | - | – | ५,८०,०००/- | ,, ,, |
| ५. | इश्वरराज तिमलसिना | ५ | ४१ | पु. | २१,५००/- | १,८०,०००/- | १,५१,०००/- | ३,५२,५००/- | पक्की घर भएकाले सामान मात्र जलाइएको |
| | जम्मा | २४ | | | | | | २५,३१,०००/- | |

## रौतहट

अनुसूचि १

०६३ माघ १७ गते लुटपाट गरिएका घर परिवार र क्षतिको विवरण

| सि.नं | घरमूलीको नाम | परिवार संख्या | उमेर | लिङ्ग | लुटपाट भएको सम्पतीको विवरण | जम्मा क्षति भएको रु | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | नगद | सुनचाँदी,लत्ता कपडा आदी | अन्नपात,फर्निचर,टिभि लगायतका समानहरु | | |
| १. | सुवाघर वाग्ले | ५ | ६९ | पु. | ५०,०००/- | ७२,०००/- | २५,६००/- | १,४७,६००/- | |
| २. | युवराज तिमलसिना | ५ | ३८ | पु. | ५०,०००/- | १,०८,०००/- | ९०,०००/- | २,४८,०००/- | |
| ३. | केदार लम्साल | ४ | ७० | पु. | ३३,०००/- | ५४,०००/- | ३९,०००/- | १,२६,०००/- | |
| ४. | धर्मकुमारी वाग्ले | ९ | ६५ | म. | १६,०००/- | ६३,०००/- | १९,०००/- | ९८,०००/- | |
| ५. | दधिराम पोखरेल | ३ | ५१ | पु. | ४०,०००/- | ५४,०००/- | ४२,०००/- | १,३६,०००/- | |
| ६. | नैनदत्त पोखरेल | ९ | ६५ | पु. | ३०,१००/- | ९०,०००/- | ६०,०००/- | १,८०,१००/- | |
| ७. | वुद्धिमान गुरुङ्ग | ५ | ४८ | पु. | ११,०००/- | ५४,०००/- | २८,०००/- | ९३,०००/- | |
| ८. | ध्रुव पोखरेल | ५ | ४५ | पु. | २४,५००/- | ९०,०००/- | ६२,५००/- | १,७७,०००/- | |
| ९. | श्यामलाल पोखरेल | १० | ७४ | पु. | १,३५,०००/- | १,८०,०००/- | ७५,०००/- | ३,९०,०००/- | |
| १०. | राममणी पोखरेल | ४ | ४० | पु. | १५,३००/- | ७२,०००/- | ४८,०००/- | १,३५,३००/- | |
| ११. | खिमलाल पौडेल | ४ | ७० | पु. | १०,०००/- | ३२,०००/- | – | ४२,०००/- | |
| १२. | रामवहादुर क्षत्री | ११ | ६९ | पु. | ४५,०००/- | ९२,०००/- | ९६,५००/- | २,३३,५००/- | |
| १३. | रविन्द्र वाग्ले | ५ | ३४ | पु. | ३०,५३०/- | ९०,०००/- | ५५,०००/- | १,७५,५३०/- | |
| १४. | गोरीमाया पौडेल | ६ | ६३ | म. | ६०,०००/- | ३६,०००/- | ५४,०००/- | १,५०,०००/- | |
| | जम्मा | ९५ | | | ५,५०,४३०/- | १०,८७,०००/- | ६,९४,६००/- | २३,३२,०३०/- | |

अनुसूचि २

मधेसी जनअधिकार फोरमले सन्चालन गरेको आन्दोलनको क्रममा जिल्ला सदरमुकाम गौरमा भएको तोडफोड तथा आगजनीको विवरण ।

| सि.नं | कार्यालय तथा व्यक्तीको नाम | क्षतीको विवरण | क्षतीभएको मुल्य रु . | कैफियत |
|---|---|---|---|---|
| १. | जिल्ला प्रशासन कार्यालय गौर । | ३ वटा कोठामा रहेको कागजपत्र, फर्निचरहरु पूर्ण रुपमा जलाएर ध्वस्त वनाएको । | ल.ई गरी क्षतीको पूर्ण विवरण तयार नभएको । | |
| २. | जिल्ला विकास समितिको कार्यालय , गौर | स्टोर रुममा आगो लगाई ध्वस्त वनाएको । | ,, ,, | |

| | | | | |
|---|---|---|---|---|
| ३. | गौर भन्सार कार्यालय | कागजपत्र, कम्प्यूटर,फर्निचर र कार्यालयमा आगजनी गरेको । | ,, ,, | |
| ४. | जिल्ला निर्वाचन कार्यालय, गौर | फर्निचर र कागजहरु जलाएर ध्वस्त वनाएको । | ,, ,, | |
| ५. | कृषि विकास वैंक, गौर | फर्निचर, कागजपत्र,कम्प्युटर,३ वटा मोटरसाइकल र कार्यालय आगजनी गरी ध्वस्त वनाएको । | ,, ,, | |
| ६. | माइती नेपाल गौर कार्यालय, गौर | फर्निचर, आगो लगाई झयालको सिसा फुटाइदिएको । | ,, ,, | |
| ७. | नेपाली कांग्रेसको कार्यालय | फर्निचर जलाएको । | | नखुलेको |
| ८. | नेकपा एमालेको कार्यालय | कार्यालयमा आगो लगाएको । | | नखुलेको |
| ९. | नेकपा माओवादीको कार्यालय | फर्निचर र कागजपत्रहरु जलाइदिएको । | | नखुलेको |
| १०. | विपीको शालिक,गौर नपा-८ | तेडफोड गरी ध्वस्त वनाएको | | नखुलेको |

अनुसुचि-३
आन्दोलनको क्रममा नेकपा माओवादीद्वारा कुटपिट गरी घाइते वनाएकाहरुको नामावली

| सि.नं. | घाइतेको नाम | ठेगाना | घट्ना मिती | कैफियत |
|---|---|---|---|---|
| १. | हेमचन्द्र झा | मत्सरी | ०६३/१०/१७ | हात भाँचिएको, टाउकोमा १० वटा टाँका लगाएको । |
| २. | अजय कुमार गुप्ता | गौर नपा-९ | ,, | टाउकोमा चोट लागेकाले पटनामा उपचार गराएको । |
| ३. | राम प्रसाद कुसवाहा | उचिडिह बारा | ,, | सामान्य |
| ४. | प्रभु वैठा | लक्ष्मीपुर | ,, | ,, |
| ५. | रामआशिष सहनी | वन्जरहा | ,, | ,, |
| ६. | राजेन्द्र तिवारी | झुन्खुनवा | ,, | ,, |
| ७. | वैजु महतो | गौर नपा-४ | ,, | ,, |
| ८. | अलि अख्तर मन्सुरी | गौर नपा-८ | ,, | ,, |
| ९. | विकास यादव | गौर नपा-९ | ,, | ,, |
| १०. | श्याम सिंह | गंगा पिपरा | ,, | ,, |
| ११. | राजु झा | गौर नपा-५ | ,, | हातका २ वटा औंला भाँचिएको । |
| १२. | उधोव प्रसाद यादव | मुडवलवा | ,, | सामान्य |
| १३. | कृष्णनन्दन राय यादव | लक्ष्मीपुर वेलविछवा | ,, | ,, |
| १४. | रामप्रवेश महतो | गौर नपा-७ | ,, | ,, |
| १५. | नसिव कल्या | बारा | ,, | ,, |
| १६. | शंकर प्रसाद गुप्ता | गौर नपा-२ | ,, | ,, |
| १७. | वावुलाल साह | गौर नपा-३ | ,, | पटनामा उपचार गराएको । |

अनुसूचि ४
आन्दोलनको क्रममा प्रहरीको लाठीचार्जबाट घाइते भएका आन्दोलनकारीहरुको नामावली ।

| सि.नं. | घाइतेको नाम | ठेगाना | घट्ना मिती | कैफियत |
|---|---|---|---|---|
| १. | संजय मुखिया | गौर न.पा.-९ | ०६३/१०/१८ | सामान्य |
| २. | हरदेव मुखिया | ,, ,, | ,, | ,, |
| ३. | नरेश ठाकुर | पिपरा-९ | ,, | ,, |
| ४. | जितन सहनी | गौर नपा-९ | ०६३/१०/१९ | ,, |

| | | | | |
|---|---|---|---|---|
| ५. | राधेश्याम साह | गौर नपा-५ | ०६३/१०/२१ | ,, |
| ६. | गगनदेव राय यादव | चन्द्रनिगाहपुर | ०६३/१०/१७ | ,, |
| ७. | अमर राय यादव | गौर | ०६३/१०/१७ | ,, |
| ८. | रामअयोध्या राय यादव | वरियारपुर-३ | ०६३/१०/१७ | ,, |
| ९. | गगनदेव महतो | दिपहि-२ | ०६३/१०/१७ | ,, |
| १०. | निराजन जयसवाल | | | |
| ११. | इस्लाम मन्सुरी | | | |
| १२. | देवेन्द्र अधिकारी | | | |
| १३. | रामनाथ साह | | | |
| १४. | प्रभु राय यादव | | | |
| १५. | वरुन झा | | | |
| १६. | संजिव गुप्ता | | | |
| १७. | विकास साह | | | |
| १८. | राम मिलन कुमार | | | |
| १९. | सुरेन्द्र पंडित | | | |
| २०. | साहेव चन्द्रवंसि | | | |
| २१. | देवनाथ साह | | | |
| २२. | राजेश कुमार यादव | | | |
| २३. | हरीशंकर साह | | | |

अनुसुचि ५
आन्दोलनकारीको ढुङ्गा तथा लाठी प्रहारबाट घाइते भएका प्रहरीहरुको नामावली

| सि.नं | दर्जा | घाइते प्रहरीको नाम | दरवन्दी | कैफियत |
|---|---|---|---|---|
| १. | प्र.नि. | एम.डि.साहवुद्धिन अन्सारी | जि.प्र.का गौर | |
| २. | प्र.स.नि. | अर्जुन देवकोटा | ,, | |
| ३. | प्र.ह. | छविराम नेपाल | ,, | |
| ४. | ,, | जुलुश राय यादव | ,, | |
| ५. | ,, | जुगा राय यादव | ,, | |
| ६. | ,, | गणेश बुर्जा | ,, | |
| ७. | ,, | केशव तिमलसिना | ,, | |
| ८. | प्र.ज. | रेल वहादुर घलान | | |
| ९. | ,, | दिपक थापा | | |
| १०. | ,, | रमेश कुसवाहा | | |
| ११ | ,, | शिव संकर सिंह | | |
| १२. | ,, | युगेश्वर दास | | |
| १३. | ,, | शेष मसरुल | | |
| १४. | ,, | मनु आले | | |
| १५. | ,, | रामकुमार सार्की | | |
| १६. | ,, | मोहन सिंह | | |
| १७. | ,, | अजय पटेल | | |
| १८. | ,, | कमला खड्का | | |
| १९. | ,, | यम वहादुर लुङ्घेली | | |